# मध्यमकालीन खर्च संरचना

(आ.व. २०७९/८० - २०८१/८२)

## Medium Term Expenditure Framework

(Fiscal Year 2022/23 - 2024/25)




**सूर्योदय नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिक्कल, ईलाम, प्रदेश नं. १, नेपाल**

२०७९

# मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/८० – २०८१/८२)

**प्रकाशक** : **सूर्योदय नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

**सर्वाधिकार** : प्रकाशकमा

**प्रकाशन मिति** : २०७९

**प्राविधिक सहयोग:**

JOINT SDG FUND

UN CDF

UN WOMEN

UN DP

Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project

**सम्पर्कका लागि** : नगर कार्यपालिकाको कार्यालय

फिक्कल, ईलाम, प्रदेश नं. १, नेपाल

फोन नं.: ०२७–५४०४७३

ईमेल: infooff.suryodaya@gmail.com, suryodayamun@gmail.com

"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल
Fikkal, Ilam, Province No.1, Nepal

प.सं.०७९/०८०

च.नं.

## मन्तब्य

मध्यमकालीन खर्च संरचना नगरको उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा नगरको आर्थिक बृद्धि हाँसिल गर्न, आयोजनाहरू र कार्यक्रमहरूलाई प्राथमिकता अनुसार सम्पन्न गर्दै दिगो आर्थिक विकास गर्न तथा न्यायोचित वितरणको लागि महत्वपूर्ण औजारको रुपमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ सहितको कानूनी प्रावधान बमोजिम तीन वटै तहको सरकारले अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । यहि परिवेशमा सूर्योदय नगरपालिकाले आ.व.०७९/०८० मा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना ०९/०८०-०८१/०८२ तर्जुमा गरी प्रकाशन गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले आवधिक योजनालाई वार्षिक बजेटसँग र बजेटलाई नतिजासँग आबद्ध गर्दै दीर्घकालीन सोचतर्फ उन्मूख विकास प्रक्रियालाई टेवा दिन्छ । स्थानीय आवश्यकताको सम्बोधन गरी विकास योजनालाई उपलब्धिमूलक तुल्याउन प्राथमिकताको क्षेत्रमा लगानी सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । साथै मध्यमकालीन खर्च संरचनाले उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई नगरपालिकाको खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्न यसले सेतुको काम गर्छ । मध्यमकालीन खर्च संरचनाको तर्जुमा कार्य सूर्योदय नगरपालिकाको आवधिक योजनाको लक्ष्य तथा उद्देश्यहरू हाँसिल गर्नेतर्फ महत्वपूर्ण हुनेछ ।

दिगो विकास लक्ष्य हाँसिल गर्ने दिशामा टेवा पुऱ्याउने गरी तर्जुमा गरिएको यस दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी गराई दिगो विकासमैत्री विकास प्रक्रियालाई थप सशक्त तुल्याउने विश्वास लिएको छु । बढ्दो विपद् तथा जलवायुजन्य जोखिमका समस्याहरू सम्बोधनका लागि समेत प्रभावकारी हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, यस मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरू र पदाधिकारीहरू सहित संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस दस्तावेजले नगरपालिकाको सर्वाङ्गिण विकासको निम्ति निर्देशित हुनेमा म ढुक्क छु ।

(रण बहादुर राई)
नगर प्रमुख

"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल
Fikkal, Ilam, Province No.1, Nepal

प.सं. ०७९/०८०/प्रशासन

च.नं.

## प्राक्कथन

सूर्योदय नगरपालिकाले पहिलो पटक मध्यमकालीन खर्च संरचना (०७९/०८०–०८१/०८२) तर्जुमा गरी प्रकाशनमा ल्याएको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय सरकारले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम तर्जुमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले स्थानीय तहको कानूनी दायित्व निर्वाह गर्नुका साथै प्राथमिकताका क्षेत्रमा बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिएको छु ।

विश्व जगतलाई प्रभावित गर्नेगरी जलवायुजन्य विषमता एवम् विपद्का घटना र यसको आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ । विपद् उत्थानशिलताको प्रवर्द्धन र दिगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिका सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक कार्यका रुपमा रहेको छ । दिगो विकास लक्ष्यहरू विश्वका साझा हितका विषय हुनुका साथै स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषयहरूका रुपमा रहेका छन् । दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाले स्थानीय सरकारको विकास प्रयत्नलाई दिगो विकास उन्मुख गराउन सहयोगी हुने अपेक्षा गरेको छु ।

मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट यस नगरपालिकाको सार्वजनिक वित्त व्यवस्थापनमा विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनको सिद्धान्तलाई आत्मसात गरी नगरको विकास समग्र प्रकृयालाई दिगो विकास लक्ष्य उन्मुख बनाउन सहयोगी पुग्ने विश्वास लिएको छु ।

अन्तमा, यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि सहयोग गर्ने नगर कार्यपालिकाका पदाधिकारीहरू, नगर कार्यपालिका कार्यालयका कर्मचारीहरू, संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, परामर्शदाता र सम्बद्ध सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

..............................
(मिलन भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


**परिच्छेद एक : परिचय ....................................................................................१–८**
१.१ पृष्ठभूमि..................................................................................................१
१.२ अवधारणा ..................................................................................................१
१.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य..........................................................२
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू.............................................२
१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य............................................२
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया......................................५
**परिच्छेद २: मध्यमकालीन खर्च संरचना .....................................................................९–१६**
२.१ पृष्ठभूमि..................................................................................................९
२.२ अवसर तथा चूनौति........................................................................................९
२.३ सोच, उद्देश्य तथा रणनीति.........................................................................१०
२.४ मध्यमकालीन आर्थिक खाका .........................................................................११
२.५ मध्यमकालीन नतिजा खाका ..........................................................................११
२.६ मध्यमकालीन बजेट खाका.............................................................................१२
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट......................................................१४
२.८ विषय क्षेत्रगत बाँडफाँट..............................................................................१५
**परिच्छेद ३ : आर्थिक क्षेत्र .......................................................................................१७–३३**
***३.१ कृषि तथा खाद्य सुरक्षा....................................................................................... १७***
३.१.१ पृष्ठभूमि..............................................................................................१७
३.१.२ समस्या तथा चूनौति................................................................................१७
३.१.३ सोच......................................................................................................१७
३.१.४ उद्देश्य..................................................................................................१७
३.१.५ रणनीति..................................................................................................१७
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......................................................१७
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.....................................१८
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.......................................................१८
३.१.९ जोखिम तथा अनुमान ...............................................................................१९
***३.२ सिंचाई ............................................................................................................ १९***
३.२.१ पृष्ठभूमि ..............................................................................................१९
३.२.२ समस्या तथा चुनौति................................................................................१९
३.२.३ सोच......................................................................................................१९
३.२.४ उद्देश्य ..................................................................................................१९
३.२.५ रणनीति ..................................................................................................१९
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......................................................१९
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.....................................२०
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.......................................................२०
३.२.९ जोखिम तथा अनुमान ...............................................................................२०
***३.३ पशु विकास...................................................................................................... २०***
३.३.१ पृष्ठभूमि.............................................................................................. २१
३.३.२ समस्या तथा चूनौति................................................................................ २१
३.३.३ सोच...................................................................................................... २१
३.३.४ उद्देश्य.................................................................................................. २१
३.३.५ रणनीति.................................................................................................. २१
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य...................................................... २२
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान..................................... २२

३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २२
३.३.९ जोखिम तथा अनुमान ........ २३
*३.४ उद्योग तथा व्यापार ........ २३*
३.४.१ पृष्ठभूमि ........ २३
३.४.२ समस्या तथा चूनौति ........ २३
३.४.३ सोच ........ २३
३.४.४ उद्देश्य ........ २३
३.४.५ रणनीति ........ २३
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २४
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २४
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २४
३.४.९ जोखिम तथा अनुमान ........ २४
*३.५ पर्यटन विकास ........ २४*
३.५.१ पृष्ठभूमि ........ २५
३.५.२ समस्या तथा चूनौति ........ २५
३.५.३ सोच ........ २५
३.५.४ उद्देश्य ........ २५
३.५.५ रणनीति ........ २५
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २५
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २६
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २६
३.५.९ जोखिम तथा अनुमान ........ २६
*३.६ भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था ........ २६*
३.६.१ पृष्ठभूमि ........ २७
३.६.२ समस्या तथा चूनौति ........ २७
३.६.३ सोच ........ २७
३.६.४ उद्देश्य ........ २७
३.६.५ रणनीति ........ २७
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २७
३.६.७ विषय उप-क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २८
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २८
३.७.९ जोखिम तथा अनुमान ........ २९
*३.७ श्रम तथा रोजगारी ........ २९*
३.७.१ पृष्ठभूमि ........ २९
३.७.२ समस्या तथा चनौति ........ २९
३.७.३ सोच ........ २९
३.७.४ उद्देश्य ........ २९
३.७.५ रणनीति ........ २९
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३०
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३०
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३०
३.७.९ जोखिम तथा अनुमान ........ ३१
*३.८ गरिबी निवारण ........ ३१*
३.८.१ पृष्ठभूमि ........ ३१
३.८.२ समस्या तथा चनौति ........ ३१
३.८.३ सोच ........ ३१
३.८.४ उद्देश्य ........ ३२
३.८.५ रणनीति ........ ३२

३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ... ३२
३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ... ३२
३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ... ३३
३.८.९ जोखिम तथा अनुमान ... ३३
**परिच्छेद ४ : सामाजिक क्षेत्र ... ३४-४७**
***४.१ शिक्षा, विज्ञान तथा प्रविधि ... ३४***
४.१.१ पृष्ठभूमि ... ३४
४.१.२ समस्या तथा चूनौति ... ३४
४.१.३ सोच ... ३४
४.१.४ उद्देश्य ... ३५
४.१.५ रणनीति ... ३५
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ... ३५
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ... ३६
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ... ३७
४.१.९ जोखिम तथा अनुमान ... ३७
***४.२ स्वास्थ्य तथा पोषण ... ३७***
४.२.१ पृष्ठभूमि ... ३८
४.२.२ समस्या तथा चूनौति ... ३८
४.२.३ सोच ... ३८
४.२.४ उद्देश्य ... ३८
४.२.५ रणनीति ... ३८
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ... ३८
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ... ३९
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ... ४०
४.२.९ जोखिम तथा अनुमान ... ४०
***४.३ खानेपानी तथा सरसरफाई ... ४०***
४.३.१ पृष्ठभूमि ... ४०
४.३.२ समस्या तथा चूनौति ... ४०
४.३.३ सोच ... ४०
४.३.४ उद्देश्य ... ४१
४.३.५ रणनीति ... ४१
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ... ४१
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ... ४१
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ... ४१
४.३.९ जोखिम तथा अनुमान ... ४२
***४.४ महिला, बालबालिका तथा लक्षित वर्ग ... ४२***
४.४.१ पृष्ठभूमि ... ४२
४.४.२ समस्या तथा चूनौति ... ४२
४.४.३ सोच ... ४२
४.४.४ उद्देश्य ... ४२
४.४.५ रणनीति ... ४२
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ... ४३
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ... ४३
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ... ४३
४.४.९ जोखिम तथा अनुमान ... ४४
***४.५ युवा तथा खेलकुद ... ४४***
४.५.१ पृष्ठभूमि ... ४४
४.५.२ समस्या तथा चूनौति ... ४४

४.५.३ सोच ........ ४४
४.५.४ उद्देश्य ........ ४४
४.५.५ रणनीति ........ ४४
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४४
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४५
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४५
४.५.९ जोखिम तथा अनुमान ........ ४६

***४.६ सामाजिक सुरक्षा र पञ्जीकरण ........ ४६***

४.६.१ पृष्ठभूमि ........ ४६
४.६.२ समस्या तथा चूनौति ........ ४६
४.६.३ सोच ........ ४६
४.६.४ उद्देश्य ........ ४६
४.६.५ रणनीति ........ ४६
४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४६
४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४७
४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४७
४.६.९ जोखिम तथा अनुमान ........ ४७

**परिच्छेद ५: पूर्वाधार क्षेत्र ........ ४८-५६**

***५.१ आवास, भवन तथा बस्ती विकास ........ ४८***

५.१.१ पृष्ठभूमि ........ ४८
५.१.२ समस्या तथा चूनौति ........ ४८
५.१.३ सोच ........ ४८
५.१.४ उद्देश्य ........ ४८
५.१.५ रणनीति ........ ४८
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४८
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४९
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४९
५.१.९ जोखिम तथा अनुमान ........ ४९

***५.२ सडक, पुल तथा यातायात ........ ४९***

५.२.१ पृष्ठभूमि ........ ४९
५.२.२ समस्या तथा चूनौति ........ ५०
५.२.३ सोच ........ ५०
५.२.४ उद्देश्य ........ ५०
५.२.५ रणनीति ........ ५०
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५०
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५१
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५१
५.२.९ जोखिम तथा अनुमान ........ ५३

***५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा ........ ५३***

५.३.१ पृष्ठभूमि ........ ५३
५.३.२ समस्या तथा चूनौति ........ ५३
५.३.३ सोच ........ ५३
५.३.४ उद्देश्य ........ ५३
५.३.५ रणनीति ........ ५३
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५३
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५४
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५४
६.३.९ जोखिम तथा अनुमान ........ ५४

*५.४ सूचना, सञ्चार तथा प्रविधि ........ ५५*
५.४.१ पृष्ठभूमि ........ ५५
५.४.२ समस्या तथा चूनौती ........ ५५
५.४.३ सोच ........ ५५
५.४.४ उद्देश्य ........ ५५
५.४.५ रणनीति ........ ५५
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५५
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५६
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५६
५.४.९ जोखिम तथा अनुमान ........ ५६
**परिच्छेद ६ : वातावरण तथा विपद् व्यवस्थापन ........ ५७-६२**
*६.१ वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता ........ ५७*
६.१.१ पृष्ठभूमि ........ ५७
६.१.२ समस्या तथा चूनौति ........ ५७
६.१.३ सोच ........ ५७
६.१.४ उद्देश्य ........ ५७
६.१.५ रणनीति ........ ५७
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५७
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५८
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५८
६.१.९ जोखिम तथा अनुमान ........ ५८
*६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ५८*
६.२.१ पृष्ठभूमि ........ ५८
६.२.२ समस्या तथा चुनौति ........ ५९
६.२.३ सोच ........ ५९
६.२.४ उद्देश्य ........ ५९
६.२.५ रणनीति ........ ५९
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५८
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५९
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६०
६.२.९ जोखिम तथा अनुमान ........ ६०
*६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन ........ ६०*
६.३.१ पृष्ठभूमि ........ ६०
६.३.२ समस्या तथा चूनौति ........ ६०
६.३.३ सोच ........ ६०
६.३.४ उद्देश्य ........ ६०
६.३.५ रणनीति ........ ६१
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६०
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६१
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६१
६.३.९ जोखिम तथा अनुमान ........ ६२
**परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ६३-६९**
*७.१ नीति, कानून, न्याय तथा सुशासन ........ ६३*
७.१.१ पृष्ठभूमि ........ ६३
७.१.२ समस्या तथा चूनौति ........ ६३
७.१.३ सोच ........ ६३
७.१.४ उद्देश्य ........ ६३
७.१.५ रणनीति ........ ६३

७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६३
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६४
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६४
७.१.९ जोखिम तथा अनुमान ........ ६४
*७.२ संगठन, मानव संसाधन र क्षमता विकास ........ ६४*
७.२.१ पृष्ठभूमि ........ ६४
७.२.२ समस्या तथा चूनौति ........ ६५
७.२.३ सोच ........ ६५
७.२.४ उद्देश्य ........ ६५
७.२.५ रणनीति ........ ६५
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६४
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६५
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६६
७.२.९ जोखिम तथा अनुमान ........ ६६
*७.३ राजस्व तथा स्रोत परिचालन ........ ६६*
७.३.१ पृष्ठभूमि ........ ६६
७.३.२ समस्या तथा चूनौति ........ ६६
७.३.३ सोच ........ ६६
७.३.४ उद्देश्य ........ ६६
७.३.५ रणनीति ........ ६६
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६६
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६७
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६७
७.३.९ जोखिम तथा अनुमान ........ ६७
*७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........ ६८*
७.४.१ पृष्ठभूमि ........ ६८
७.४.२ समस्या तथा चूनौति ........ ६८
७.४.३ सोच ........ ६८
७.४.४ उद्देश्य ........ ६८
७.४.५ रणनीति ........ ६८
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६८
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६९
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६९
७.४.९ जोखिम तथा अनुमान ........ ६९
*अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी कार्यदल ........ ७०*
*अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन ........ ७१*
*अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, प्राथमिकीकरण र साङ्केतीकरण ........ ७९*
*अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण ........ ८४*
*अनुसूची ५ : मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा आयोजित कार्यक्रमका तस्विरहरू ........ ८४*

# तालिका सूची


तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य ........................................११
तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य ..........................................१२
तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) .................................१३
तालिका २.४ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)...१४
तालिका २.५ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण (रु. हजारमा) ..१४
तालिका २.६ : लैंगिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ...१५
तालिका २.७ : जलवायु सङ्केतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)..१५
तालिका २.८ : नगरपालिकाका गौरवका आयोजना ..............................................................१५
तालिका २.९ : आगामी तीन आ.व.को विषय उप-क्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)...१५
तालिका ३.१ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.................१८
तालिका ३.२ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ....................१८
तालिका ३.३ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण...............१८
तालिका ३.४ : सिंचाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..................................२०
तालिका ३.५ : सिंचाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान .......................................२०
तालिका ३.६ : सिंचाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण................................२०
तालिका ३.७ : पशु विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य................................२२
तालिका ३.८ : पशु विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान.....................................२२
तालिका ३.९ : पशु विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..........................२२
तालिका ३.१० : उद्योग तथा व्यापार उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य................. २४
तालिका ३.११ : उद्योग तथा व्यापार उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान..................... २४
तालिका ३.१२ : उद्योग तथा व्यापार उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण.............. २४
तालिका ३.१३ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..................२५
तालिका ३.१४ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान .....................२६
तालिका ३.१५ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण...............२६
तालिका ३.१६ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान.. २८
तालिका ३.१७ : भूमि व्यवस्था, सहकारी र वित्तीय व्यवस्था उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान २८
तालिका ३.१८ : भूमि व्यवस्था, सहकारी र वित्तीय व्यवस्था उप-क्षेत्रको कार्यक्रमको संक्षिप्त विवरण........ २८
तालिका ३.१९ : श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान.......................३०
तालिका ३.२० : श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान.......................३०
तालिका ३.२१ : श्रम तथा रोजगारी उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ................३१
तालिका ३.२२ : गरिबी निवारण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ..........................३२
तालिका ३.२३ : गरिबी निवारण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ..........................३२
तालिका ३.२४ : गरिबी निवारण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण...................३३
तालिका ४.१ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..............३५
तालिका ४.२ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान .................३७
तालिका ४.३ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण...........३७
तालिका ४.४ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...................३८
तालिका ४.५ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान........................३९
तालिका ४.६ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ............... ४०
तालिका ४.७ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य .............. ४०
तालिका ४.८ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ..................४१
तालिका ४.९ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण.......... ४२
तालिका ४.१० : महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य . ४२
तालिका ४.११ : महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान......४३
तालिका ४.१२ : महिला, बालबालिका र लक्षित वर्ग उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण....४३

तालिका ४.१३ : युवा तथा खेलकुद उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य .................. ४५
तालिका ४.१४ : युवा तथा खेलकुद उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान..................... ४५
तालिका ४.१५ : युवा तथा खेलकुद उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण .............. ४५
तालिका ४.१६ : सामाजिक सुरक्षा तथा पञ्जीकरण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..... ४७
तालिका ४.१७ : सामाजिक सुरक्षा तथा पञ्जीकरण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान........ ४७
तालिका ४.१८ : सामाजिक सुरक्षा तथा पञ्जीकरण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण. ४७
तालिका ५.१ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ४८
तालिका ५.२ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ......... ४९
तालिका ५.३ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण... ४९
तालिका ५.४ : सडक, पुल तथा यातायात उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य............ ४९
तालिका ५.५ : सडक, पुल तथा यातायात उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ................५१
तालिका ५.६ : सडक, पुल तथा यातायात उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..........५१
तालिका ५.७ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य...... ५४
तालिका ५.८ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान......... ५४
तालिका ५.९ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण .. ५४
तालिका ५.१० : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य...........५५
तालिका ५.११ : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ...............५६
तालिका ५.१२ : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण........५६
तालिका ६.१ : वन, हरियाली, भूसंरक्षण र जैविक विविधता उप-क्षेत्रको नतिजा सूचक र मध्यमकालीन लक्ष्य. ५८
तालिका ६.२ : वन, हरियाली, भूसंरक्षण र जैविक विविधता उप-क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान.... ५८
तालिका ६.३ : वन, हरियाली, भूसंरक्षण र जैविक विविधता उप-क्षेत्रको आयोजनाको संक्षिप्त विवरण ....... ५८
तालिका ६.४ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..५९
तालिका ६.५ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान......५९
तालिका ६.६ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण६०
तालिका ६.७ : विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ६१
तालिका ६.८ : विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ... ६१
तालिका ६.९ : विपद् व्यवस्थापन र जलवायु अनुकूलन उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण.. ६२
तालिका ७.१ : नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....... ६३
तालिका ७.२ : नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान......... ६४
तालिका ७.३ : नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण .. ६४
तालिका ७.४ : संगठन, मानव संसाधन र क्षमता विकास उप-क्षेत्रको नतिजा सूचक र मध्यमकालीन लक्ष्य... ६५
तालिका ७.५ : संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान . ६५
तालिका ७.६ : संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजना...........६६
तालिका ७.७ : राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...........६७
तालिका ७.८ : राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान................६७
तालिका ७.९ : राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण........६७
तालिका ७.१० : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ६९
तालिका ७.११ : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ...६९
तालिका ७.१२ : तथ्याङ्क, योजना र विकास व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण..६९

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना सरकारको त्रिवर्षीय खर्च योजना हो । सरकारले लिएको प्राथमिकताका क्षेत्रमा श्रोतको सुनिश्चितता गर्दै सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्न यसले मद्दत गर्दछ । मध्यमकालीन खर्च संरचनाले आवधिक विकास योजना र वार्षिक योजना बीचमा तादम्यता कायम गर्दै सार्वजनिक श्रोतको विनियोजन तथा परिचालनलाई प्रभाबकारी गराइ योजनाको लक्ष्य हासिल गर्न टेवा पुर्याउँछ । यसले आवधिक विकास योजनालाई वार्षिक बजेट तथा योजनासँग जोडने पुलको रूपमा काम गर्दछ । मध्यमकालीन खर्च संरचनालाई सार्वजनिक स्रोतको प्रभाबकारी व्यवस्थापन गर्ने महत्वपूर्ण औजारका रूपमा लिइने गरिन्छ । मध्यमकालीन खर्च संरचनाले आवधिक विकास योजनाले लिएका लक्ष्य एवं उद्देश्य हासिल गर्न खर्चको सुनिश्चितता गरी सहज परिवेश तयार गर्दछ । मध्यमकालीन खर्च संरचना आउने तीन आर्थिक वर्षको खर्च तथा श्रोतको प्रक्षेपण र सोको आधारमा आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको लागि आधार समेत तयार गर्दछ ।

मध्यमकालीन खर्च संरचना तयारीको अनिवार्यता तीन वटै तहको सरकारको दायित्वभित्र रहेको छ । नेपालमा दशौं राष्ट्रिय आवधिक योजना पश्चात मध्यमकालीन खर्च संरचना तयारीको अभ्यास राष्ट्रियस्तरबाट शुरु भएको हो । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संघ, प्रदेश र स्थानीय तहले सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । स्थानीय तहको योजना एवं मध्यमकालीन खर्च संरचना तयारीमा सहजता, एकरूपता तथा स्तरीयताका लागि नेपाल सरकारले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ उपलब्ध गराई मध्यमकालीन खर्च संरचना तयारीको विधि, औजार, चरण तथा प्रकृयालाई स्पष्ट पारेको छ । मध्यमकालीन खर्च संरचनाको तयारीमा नेपालको संविधान, सङ्घीय एवम् प्रदेश नीति तथा कानून र आवधिक विकास योजनामा रहेको व्यवस्था एवं सरोकारवालासँगको छलफलको निष्कर्शलाई मुख्य आधारका रूपमा लिइएको छ ।

## १.२ अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक खर्चको क्षेत्रमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्ने महत्वपूर्ण औजार हो । यसले आवधिक विकास योजनाको आधारमा आगामी तीन वर्षको समष्टिगत आर्थिक खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाकालाई समाविष्ट गरेको हुन्छ । यसले श्रोतको वस्तुनिष्ठ आँकलन एवम् प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँटको खाका समेत तयार गर्दछ । गत आर्थिक वर्षको वास्तविक स्रोत पूर्वानुमान तथा खर्चको आधारमा आगामी दुई आर्थिक वर्षको लागि बजेट प्रक्षेपण गरिन्छ भने आगामी आर्थिक वर्षमा बजेट कार्यान्वयन पश्चात् प्रगति समीक्षा एवम् बाँकी दुई वर्षको बजेटको आँकलनसहित आवश्यकताअनुसार परिमार्जन गरिन्छ । यसबाट सिमित श्रोतका बाबजुद प्राथमिकता क्षेत्रमा आवश्यक खर्चको व्यवस्था एवम् परिचालनमार्फत अधिकतम उपलब्धि हासिल गर्न मद्दत पुग्दछ । बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका पुर्याउनुको साथै बजेटलाई लक्ष्य, नतिजा र उपलब्धिसँग आबद्ध गराउन मध्यमकालिन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

## १.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य

नगरपालिकाको उपलब्ध स्रोत तथा साधन र आवश्यकताका आधारमा सार्वजनिक खर्च व्यवस्थापनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्नु मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने ।

(ख) आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु;

(ग) दिगो विकासलाई टेवा पुर्याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चितता गर्नु;

(घ) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु;

(ङ) सार्वजनिक खर्चलाई प्रभाबकारी एवम् कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

यस मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- प्रदेश नं. १ को पहिलो आवधिक विकास योजना (२०७६/७७-२०८१/८२)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७७/७८)
- आवधिक विकास योजना, २०७७
- नगर पार्श्वचित्र (नगर स्थिति पत्र), २०७५ ।

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५ औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राब्दी विकास लक्ष्य (MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (SDGs) मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन् । यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य

राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ। उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो; यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ। नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ। सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ। साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन। यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवाला बीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ। अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो। नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ। जसअनुसार आय वृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ। सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रबलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ। यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ। लगानी बिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत

निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ । यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्यजिम्मेवारीभित्र र जनअपेक्षालाई सम्वोधन गर्ने किसिमका रहेका छन् । दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ ( मर्यादित काम तथा आर्थिक वृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् ।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन् । यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ । स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ ।

उपर्युक्त पृष्ठभूमिमा सूर्योदय नगरपालिकाको यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ । यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता/एकरुपमा कायम गर्ने प्रयास छ । यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन् । दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी पूर्वानुमान तथा प्रक्षेपण गरिएको छ । यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उप-क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुऱ्याउने खालका रहेका छन् । समस्या तथा चुनौतिहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकताअनुसार विश्लेषण गरिएको छ । दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका

क्रममा विशेष ध्यान दिइएको छ । समग्रमा यस मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९ लाई आधारमानी यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यस मध्यमकालीन खर्च संरचना तयारीको विधि तथा प्रकृयालाई निम्न बमोजिमका उप-शिर्षकहरूमा प्रस्तुत गरिएको छ :

### चरण - १: तयारी चरण

### प्रक्रिया १: प्राविधिक टोली गठन, अभिमूखीकरण र परिचालन

मध्यमकालीन खर्च संरचना तयारीको प्रारम्भमा प्राविधिक सहयोग टोली गठन गरी अभिमूखीकरण एवं परिचालन गरियो । तोकिएका नगरपालिका एवम् गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयारीमा सहयोग एवम् सहजीकरणलाई सार्थक र प्रभाबकारी तुल्याउने उद्देश्यले मिति २०७९ साल जेष्ठ १७ र १८ गने २ दिने अभिमूखीकरण कार्यशालाको आयोजना गरिएको थियो । उक्त अभिमूखीकरण कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवं औजारहरूको सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूबीच समान धारणा निर्माण गरिएको थियो । कार्यशालाको सहजीकरण सम्बन्धित विषयका विषय विज्ञहरूद्धारा गरिएको थियो । सो अभिमूखीकरण कार्यक्रममा मध्यमकालीन खर्च संरचना तयारीका लागि गर्नुपर्ने कार्य, समय सीमा, भूमिका एवं जिम्मेवारी सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरू माझ छलफल गरी समान बुझाई कायम गरिएको थियो ।

### प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज एवं उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा

सन्दर्भ सामग्रीको समीक्षाका लागि सङ्घीय, प्रदेश एवम् स्थानीय तहका योजना सहित उपयोगी नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका अन्य सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । सन्दर्भ सामग्रीको अध्ययन गरी मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्रीहरू देहायबमोजिम रहेका छन् :

(क) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

(ग) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदाइत्व ऐन, २०७६ तथा नियमावली, २०७७,

(घ) अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि र नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरण,

(ङ) नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरू,

(च) नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड,

(छ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित),

(ज) स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७,

(झ) नेपाल सरकारको दीर्घकालीन सोच २१००, पन्धौं राष्ट्रिय योजना, प्रदेश तथा सम्बन्धित स्थानीय सरकारका आवधिक विकास योजनाहरू,

(ञ) नेपाल सरकारद्धारा जारी कोभिड १९ प्रतिकार्य एवं पुनर्लाभसम्बन्धी निर्देशिका,

(ट) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन,

(ठ) प्रदेश नं. १ को पहिलो आवधिक विकास योजना (२०७६/७७-२०८१/८२),

(ड) नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७७/७८),

(ढ) आवधिक विकास योजना २०७७,

(ण) वस्तुगत विवरण (नगर स्थिति पत्र), २०७५ तथा २०७९(मस्यौदा),

(थ) नगरपालिकाको आ.व. २०७५/०७६-२०७८/७९ का वाषिक बजेट तथा कार्यक्रमहरू

***प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तयारी***

मध्यमकालीन खर्च संरचना तयारीको ढांचा, औजार र कार्ययोजना तयारी सम्बन्धमा साझा बुझाई कायम गर्ने उद्देश्यले मिति २०७९ जेष्ठ १९ गते प्रारम्भिक छलफले आयोजना गरियो । सूर्योदय नगर कार्यपालिकाको आयोजनामा सम्पन्न उक्त छलफलमा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारीसम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा प्रस्तुति र छलफल गरी समान बुझाई कायम गरिएको थियो । यस छलफलमा प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य र विभिन्न शाखाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## चरण - २: लेखाजोखा चरण

### प्रक्रिया ४: अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा समान बुझाइ कायम गर्न मिति २०७९ जेष्ठ १९ गने अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना गरियो । प्राविधिक सहयोग टोलीको सहजीकरणमा सम्पन्न सो कार्यशालामा स्थानीय सरकारका प्रतिनिधि, कर्मचारी एवं अन्य सरोकारवाला गरी कुल २३ जनाको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचना तयारीको अवधारणा, दिग्दर्शन, बिधि, औजार, संस्थागत व्यवस्था र कार्यसूचीलाई प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुभाईमा एकरूपता कायम गरियो । सो कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन र कार्य योजनाको स्वीकृति गरी जिम्मेबारी र भूमिका समेत स्पष्ट गरियो ।

### प्रक्रिया ५: विषयगत समिति तथा शाखासँग परामर्श

आवधिक विकास योजना, विषयगत रणनीतिक योजना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धि समीक्षाका लागि विषयगत समिति/एकाइसँग परामर्श तथा छलफल गरियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली कार्यक्रम तथा आयोजना, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको सम्बन्धित उप-क्षेत्रगत रूपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

### प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण

नगरपालिकाको आन्तरिक श्रोत, राजस्व बाँडफाँटबाट प्राप्त श्रोत, अन्तर-सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त श्रोत लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरूको श्रोतको उपलब्धता एवं भावि सम्भाव्यताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरूको खर्चको प्रवृति सहित चालु तथा बहुवर्षीय आयोजना र प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारण तयार बजेट

सीमालाई सबै विषय शाखा/एकाइमा विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

## चरण - ३: तयारी चरण

### प्रक्रिया ७: क्षेत्रगत योजना तर्जुमा

विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयारीका लागि विषय क्षेत्रगत योजना तर्जुमा गरियो । प्राविधिक सहयोग टोलीका परामर्शदाताबाट विषयगत शाखा/एकाईका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरूको सहभागितामका छलफल गरियो । छलफलबाट सबै उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना र कार्यक्रमको पहिचान, प्राथमिकता निर्धारण, लागत अनुमान एकिन र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गरियो । कार्यशालाबाट विषयगत रूपमा प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु सङ्केतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साङ्केतीकरण समेत गरियो ।

### प्रक्रिया ८: विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी

विषयगत शाखा/एकाइलाई प्राविधिक सहयोग टोलीका परामर्शदाताको सहयोग तथा सहजीकरण गरी बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी गरियो । विषय क्षेत्रगत योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई तयार गरियो । विषयगत शाखा/एकाईको अग्रसरता तथा प्राविधिक सहयोग टोलीको सहयोगमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचनाको मस्यौदा तयार गरियो । यसरी तयार भएको विषयगत क्षेत्र मध्यमकालीन संरचनाको दस्तावेजलाई विषयगत समितिमा थप छलफल तथा प्रमाणीकरणका लागि पेश गरियो ।

### प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी

विषय क्षेत्रगत रूपमा तयार भएको मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी निर्धारित ढाँचामा मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग परामर्श गरी प्राविधिक सहयोग टोलीका परामर्शदाताको सहयोगमा मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्थाबमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयगत क्षेत्रको स्थिति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान र कार्यक्रम/आयोजनाको सारंस समावेश गरी तयार गरिएको छ ।

## चरण - ४: सुझाव संकलन तथा अन्तिम दस्तवेज तयारी चरण

### प्रक्रिया १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेज प्रस्तुति तथा सुझाव संकलन

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजलाई सरोकारवालाहरू माझ प्रस्तुत गरी सुझाव संकलन गरियो । यस प्रयोजनका लागि बैठकको समेत आयोजना गरी सरोकारवालाबाट सुझाव तथा पृष्ठपोषण हासिल गरियो । उक्त बैठकमा नगर कार्यपालिका तथा विषयगत समितिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुख र स्थानीय विकासका सरोकारवालाहरूको सहभागिता रहेको थियो । मस्यौदा दस्तावेजलाई प्रस्तुत गरी कार्यक्रम तथा आयोजना, प्राथमिकता, स्रोत बाँडफाँट, स्रोत विनियोजन

तथा साङ्केतीकरण समेत मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा सुझाब तथा पृष्ठपोषण प्राप्त गरियो ।

**प्रक्रिया ११ : मध्यमकालीन खर्च संरचनाको अन्तिम प्रतिवेदन तयारी र स्वीकृति**

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा प्राप्त सुझाव तथा पृष्ठपोषणलाई यथोचित सम्बोधन गरी अन्तिम दस्तावेज तयार गरियो । यस क्रममा आवश्यक सूचनालाई शाखाहरूसँगको समन्वयमा अद्यावधिक गरिएको थियो ।

उपरोक्त चरण र प्रक्रियाअनुसार तयार गरिएको मध्यमकालीन खर्च संरचनाको अन्तिम दस्तावेजलाई जानकारीको लागि संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको कार्यालयमा र बजेट तथा कार्यक्रम तर्जुमा समितिमार्फत कार्यपालिकामा पेश गरी आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त नगर सभामा पेश गरी स्वीकृत भएको छ ।

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजारका रूपमा मध्यमकालीन खर्च संरचनाले वित्तीय अनुशासन प्रभाबकारी गराउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ। मध्यमकालीन खर्च संरचनाले प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजनको सुनिश्चिता गर्दछ। नेपालमा दशौं राष्ट्रिय योजनादेखि नै केन्द्रीय तहमा मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयनको अभ्यास थालनी गरिएको हो। वर्तमान सङ्घीय संरचनाको अभ्यास सुरु भए पश्चात अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका सङ्घीय कानूनले मध्यमकालीन खर्च संरचना तयारीलाई अनिवार्य गरेको छ। तीन वटै तहको सरकारले प्रत्येक आर्थिक वर्षमा बजेट वर्षको खर्च अनुमानसहित आगामी दुई आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण समेटिएको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान रहेको छ। जसअनुसार चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकमसमेत खुलाउनुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले तय गरेको दीर्घकालिन सोच सहितको प्रथम आवधिक विकास योजनाअनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

दिगो विकास लक्ष्य, चालु पन्ध्रौं राष्ट्रिय योजना, प्रदेश नं. १ सरकारको प्रथम आवधिक विकास योजना र सूर्योदय नगरपालिकाको प्रथम आवधिक विकास योजनाका नीति तथा कार्यक्रमलाई यस दस्तावेज तयारीका क्रममा आत्मसात गरिएको छ। जसले दिगो विकासका उपलब्धि हासिल गर्ने दिशामा मध्यमकालीन खर्च संरचनाले नगरपालिकालाई मार्गदर्शन गर्नेछ। आर्थिक वर्षका (२०७९/८०-२०८१/८२) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरूको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, दीर्घकालीन सोच, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रूपमा लिइएको छ। यस मध्यमकालीन खर्च संरचनाले नगर विकासमा तुलनात्मक लाभका क्षेत्रहरू र प्राथमिकता र विकास कार्यक्रमलाई समेट्ने प्रयास गरिएको छ।

## २.२ अवसर तथा चूनौति

सूर्योदय नगरपालिका नेपालकै प्रसिद्ध पर्यटकीय स्थलहरू कन्याम, फिक्कल, श्रीअन्तु लगायतका क्षेत्र, चिया खेती, अदुवा, अम्लिसो लगायतका नगदे बाली र कृषि तथा पशुपालनमा व्यावसायिकताको अभिवृद्धिका कारण स्थानीय अर्थतन्त्र विकासमा अब्बल सावित भएको क्षेत्र हो। यस क्षेत्रको प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोगबाट अवसरहरू सिर्जना भएका छन्। भारतको पश्चिम बंगालको दार्जिलिङ जिल्लासँग सीमा जोडिएको साथै भारत जोड्ने व्यापारिक प्रवेशद्वार जोडने सडक, मेची राजमार्ग र नगर क्षेत्रका आन्तरिक सडक सञ्जालले यातायात सहजता एवम् आर्थिक अवसरहरूमा वृद्धि गरेको छ। मेची नदी, विरिङ्ग खोला, सिद्धि खोला, जोगमाई खोला लगायत अन्य साना ठूला खोला खोल्साहरू पनि रहेकोले जलविद्युत तथा सिंचाई सुबिधा विस्तारका लागि अवसर सिर्जना गरेको छ।

नेपालको संविधान प्रदत्त अधिकार अनुरुप स्थानीय सरकार सञ्चालनका लागि आवश्यक नीगिगत एवं कानूनी आधारशिला तय भई कार्यान्वयनमा रहनु साथै समन्वय, सहकार्य तथा सह-अस्तित्वका आधारमा तीनै तहमा निर्वाचित सरकारहरू क्रियाशिल हुनु महत्वपूर्ण अवसरका रूपमा रहेको छ। स्थानीय सरकारहरूबीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास

हुनुलाई अवसरका रूपमा लिन सकिन्छ। सूर्योदय नगरपालिकामा पर्यटन तथा भौतिक पूर्वाधारको विकासमा अन्तर-सरकार चासो र सहकार्यमा वृद्धि हुँदै गएको छ।

विद्यमान विकासको प्रवृति अनुरूप दिगो विकास लक्ष्य, पन्ध्रौ राष्ट्रिय योजना, प्रादेशिक योजना र स्थानीय आवधिक विकास योजनाको उद्देश्य हासिल गर्नु प्रमुख चुनौतिका रूपमा रहेको छ। उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्नु प्रमुख चूनौतिहरू हुन्। यसका साथै विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ महामारीको प्रभाव, विश्वव्यापी रूपमा देखा परेको उच्चस्तरको मूल्य वृद्धि र वातावरणीय ह्रास तथा जलवायु परिवर्तनको कारण सिर्जित विपद्को बढ्दो जोखिम लक्ष्य प्राप्तिका अवरोधका रूपमा देखिएका छन्।

जटिल भौगोलिक बनोट, जटिल भू बनोटका कारण बढ्दो विकास लागत, बढ्दो प्रशासनीक एवं चालु खर्च एवं जनताको बढ्दो माग एवं आवश्यकताका साथै जलवायुजन्य परिवर्तन र यसले सिर्जना गरेको आर्थिक तथा सामाजिक प्रभावले विकासको प्रतिफल हासिल गर्न कठिनाइ उत्पन्न गरेको छ। व्यवस्थित शहरी विकास, सुबिधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुबिधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोगमा आशातित उपलब्धि हासिल हुन सकेको छैन। सीप विकास, प्राकृतिक श्रोतहरूको दिगो परिचालन, सुदृढ बजारीकरण प्रणाली, स्थानीय उत्पादनको मूल्य श्रृखंलामा आबद्धता, युवा स्वरोजगारीका अवसरको सिर्जना र दिगो पूर्वाधार निर्माणको कमी रहेको छ। स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु चूनौतिपूर्ण रहेको छ। वित्तीय सङ्घीयतको मर्म अनुरूप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संसाधन र संस्थागत क्षमता अभिवृद्धिका कार्य यथोचित रूपमा अगाडी बढेको छैन।

## २.३ सोच, उद्देश्य तथा रणनीति

मध्यमकालीन खर्च संरचना तयारीमा नगरपालिकाको दीर्घकालिन सोच, आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमलाई प्रमुख आधारको रूपमा लिइएको छ। नगर विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीति देहाय बमोजिमका उप-शिर्षकहरूमा प्रस्तुत गरिएको छ :

### २.३.१ दीर्घकालीन सोच

नेपाल सरकारले लिएको **"समृद्ध नेपालः सुखी नेपाली"** र प्रदेश नं. १ सरकारले लिएको **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी तयार गरिएको सूर्योदय नगरपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

***"सूर्योदय नगरपालिकाको समृद्धताः प्राङ्गारिक कृषि, पर्या-पर्यटन र आर्थिक समानता"***

**"समृद्धता"**ले आय र वितरणको असमानतामा कमी, मानव विकास सूचकाङ्कमा वृद्धि, अवसरको अधिकतमको उपयोग गरी उत्पादन, उत्पादकत्व र बचतमा वृद्धि, लगानीका अवसरहरू विस्तार गरी रोजगारीमा अभिवृद्धि भई जनताको जीवनस्तरमा सुधारलाई समाविष्ट गरेको छ।

### २.३.२ नगर विकास लक्ष्य

नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, वातावरण, संस्थागत सेवा प्रवाह, वित्तीय व्यवस्थापन र सुशासनमा अभिवृद्धि गरी नगरबासीको जीवन स्तरमा सुधार आएको हुने ।

### २.३.३ नगर विकासको उद्देश्य

१. व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,
२. वातावरण मैत्री पूर्वाधार विकासको माध्यमद्वारा पर्यटन र आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्नु,
३. प्राकृतिक स्रोतको दिगो उपयोग एवं विपद् व्यवस्थापनद्वारा जीवनयापनलाई सुरक्षित बनाउनु,
४. शासकीय सुशासनको अभिवृद्धि गर्नु,
५. दक्ष मानव स्रोतको विकास, विस्तारित रोजगारी, लैङ्गिक समानताद्वारा उच्च आर्थिक वृद्धि हासिल गर्नु ।

## २.४ मध्यमकालीन आर्थिक खाका

नेपालले लिएको दिगो विकास लक्ष्यका साथै सङ्घीय सरकार, प्रदेश सरकार र सूर्योदय नगरपालिकाले लिएको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य अनुरूप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सोअनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य***

| क.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | वार्षिक उत्पादन | रु. लाखमा | ७०००० | ७९७०५ | ८८००० | ९७७९६ |
| १.१ | कृषि क्षेत्र | रु. लाखमा | ४२००० | ४७८२३ | ५२८०० | ५८६७८ |
| १.२ | गैर कृषि क्षेत्र (उद्योग र सेवा) | रु. लाखमा | २८००० | ३१८८२ | ३५२०० | ३९११८ |
| २ | औसत पारिवारिक आय | रु. लाखमा | ४७०.४ | ५४४.० | ६०७.६ | ६६७.४ |
| ३ | उद्योग, व्यापार, व्यवसाय | संख्या | २२३९ | २३५१ | २४१० | २४७० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सृजना | कार्यदिन | १६०२८० | १६५००० | १७०००० | १८५००० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ८८ | ८८.३ | ८८.५ | ८८.८ |
| ६ | आम्दानीको दुई तिहाईभन्दा बढी खानामा खर्च गर्ने परिवार | प्रतिशत | ७१ | ७५ | ७० | ६५ |
| ७ | कृषि उपज बेचविखन गर्ने घर परिवार | प्रतिशत | १७ | २० | २२ | २५ |
| ८ | खाद्यान्न उत्पादन वृद्धिदर | प्रतिशत | ७ | १० | १२ | १५ |
| ९ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (केजी) | के.जी. | १७.२९ | २०.३१ | २३.३३ | २६.३४ |
| १० | आर्थिक वृद्धि | प्रतिशत | ४ | ८ | ९ | ९.७ |
| ११ | प्रतिव्यक्ति वार्षिक आय | रु. हजार | १२० | १३८.७८ | १५५ | १७०.२६ |

## २.५ मध्यमकालीन नतिजा खाका

नेपालले लिएको दिगो विकास लक्ष्य, पन्ध्रौ राष्ट्रिय योजना, प्रदेश नं. १ को प्रथम आवधिक योजना र सूर्योदय नगरपालिकाको आवधिक विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्माण गरिएको छ । सो खाका विगत आर्थिक वर्षहरूको उपलब्धि र चालु आर्थिक वर्ष २०७८/७९ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०७९/८० को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक विकास योजना र विगत वर्षहरूको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | ५ वर्ष मुनिका कम तौल हुने बालबालिका संख्या | प्रतिशत | ०.३ | ०.२ | ०.१ | ०.१ |
| २ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ९२ | ९३ | ९३.५ | ९४ |
| ३ | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | २०५ | २१७ | २४० | २७० |
| ४ | प्राविधिक वा व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | १३०५ | १८०० | १९५० | २१०० |
| ५ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४० | ४१ | ४३ | ४५ |
| ६ | स्थानीय सडक (कालोपत्रे) | कि.मि. | ४७.३५ | ५०.३५ | ५३.३५ | ५६.३५ |
| ७ | स्थानीय सडक (खण्डास्मित) | कि.मि. | ७१.४ | ८१.४ | ९१.४ | १०१.४ |
| ८ | स्थानीय सडक (धुले) | कि.मि. | ६००.५ | ६११.५ | ६२४.५ | ६३९.५ |
| ९ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या | प्रतिशत | ८५ | ८८ | ९० | ९३ |
| १० | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९८.५ | ९९ | १०० | १०० |
| ११ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ४० | ४५ | ५० | ७० |
| १२ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | ३२ | ३३ | ३४ | ३५ |
| १३ | आधारभूत खानेपानी सुबिधा पुगेका घरपरिवार | प्रतिशत | ९६.५ | ९७ | ९८ | ९९ |
| १४ | ५ वर्ष मुनीका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७७ | ८० | ८५ | ९० |
| १५ | विपद्का घटनाबाट प्रभावित परिवार | प्रति हजार | १४० | १३० | १०० | |
| १६ | जनजङ्गलको घनत्व (रुख प्रति हेक्टर) | संख्या | ७२० | ७२५ | ७३० | ७३५ |
| १७ | मातृभाषामा पठनपाठन हुने विद्यालय | संख्या | ० | ० | ० | १ |
| १८ | सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | ११.७१ | १२.९५ | १३.१० | १३.२४ |
| १९ | पर्यटन आगमन संख्या | (हजार) | ५०० | ५५० | ६५० | ८०० |
| २० | स्थानीय सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | - | - | ७० | ८० |
| २१ | मानव विकास सूचकाङ्क | अङ्क | ०.५४ | ०.५५ | ०.५८ | ०.६० |
| २२ | औषत आयु | वर्ष | ७३ | ७४ | ७५ | ७७ |
| २३ | भवनसहिंताअनुसार निर्माण भएका आवास घर | प्रतिशत | १० | १५ | २० | २५ |
| २४ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहूँच भएका जनसंख्या | प्रतिशत | ७५ | ८५ | ९० | ९५ |
| २५ | हरियाली क्षेत्र | प्रतिशत | ५७ | ५७.२ | ५७.७ | ५८ |
| २६ | स्रोतमा नै फोहर वर्गिकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | ० | १० | २० | ३० |
| २७ | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | ६ | ६.५ | ७ | ८ |
| २८ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिचाई सुबिधा उपलब्ध जमीन | प्रतिशत | ९८६ | १०९१ | ११९१ | १२९१ |
| २९ | प्रतिव्यक्ति वार्षिक बजेट लगानी | रु.हजार | २१.०९ | २४.४९ | २२.६९ | २३.१७ |
| ३० | समयमा सम्पन्न आयोजना र कार्यक्रम | प्रतिशत | ८० | ८२ | ८३ | ८५ |

## २.६ मध्यमकालीन बजेट खाका

त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा दिगो विकास लक्ष्यको मार्गचित्र सहित आवधिक विकास योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, पूर्वानुमान योग्यता र वित्तीय सुशासनलाई महत्व दिइएको छ। यस मध्यमकालीन खर्च संरचनाले दिगो विकास लक्ष्यको आन्तरिकीकरणमा सघाउ पुर्याउँदै वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीब्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयनलाई जोड दिएको छ। नगर गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना र कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र

सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई विशेष ध्यान दिइएको छ । मध्यमकालीन स्रोत पूर्वानुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, वर्तमानको वस्तुगत अवस्था र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन **अनुसूची २** मा प्रस्तुत छ ।

आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. ३ अर्ब ९० करोड ८ लाख ८७ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ । यस मध्ये चालु खर्च रु २ अर्ब ९ करोड १६ लाख ७० हजार (५३.६२ प्रतिशत) र पुँजीगत खर्च रु. १ अर्ब ८० करोड ९२ लाख १७ हजार (४६.३८ प्रतिशत) रहने प्रक्षेपण गरिएको छ । त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. ३८ करोड ६८ लाख ९९ हजार, राजस्व बाँडफाटबाट रु. ५९ करोड ३८ लाख ५६ हजार, रोयल्टीबाट रु. ३२ लाख ५१ हजार र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. २ अर्ब १८ करोड २१ लाख ६ हजार र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. ३१ करोड ८९ लाख ९१ हजार व्यहोरिने प्रक्षेपण गरिएको छ । यससम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ ।

***तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)***

| क्र.सं. | बजेटका स्रोतहरू | २०७७/७८ को यथार्थ | २०७८/७९ को संशोधित अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| **क.** | **आम्दानी** | ९९५१८० | ११६९६२६ | १३५७९९७ | १२५८०६० | १२८४८३० | ३९००८८७ |
| **१** | **आन्तरिक आय** | **५८५४६** | **७०५०६** | **५४३६५** | **५५३२५** | **६३७२६** | **३८६८९९** |
| **२** | **राजस्व बाँडफाँडबाट प्राप्त आय** | **१३७५७३** | **१४८२३७** | **१७९६१८** | **१९७३०३** | **२१७०३५** | **५९३९५६** |
| | नेपाल सरकार | १०३८६२ | १०९९१३ | १३३१४६ | १४६२९४ | १६०९२४ | ४४०३६४ |
| | प्रदेश सरकार | ३३७११ | ३८३२४ | ४६४७२ | ५१००९ | ५६१११ | १५३५९२ |
| **३** | **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | **१२३३** | **७५०** | **११५५** | **९९८** | **१०९८** | **३२५१** |
| | वन रोयल्टी | १२४ | ३५० | २९ | ४६६ | ५१३ | १००८ |
| | खानी तथा खनिज रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | पर्वतारोहण रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | विद्युत रोयल्टी | ११०८ | ४०० | ११२६ | ५३२ | ५८५ | २२४३ |
| | पानी तथा अन्य प्राकृतिक स्रोत | ० | ० | ० | ० | ० | ० |
| **४** | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **५३७१५९** | **६३३८९८** | **५९६५००** | **७३८८६०** | **८४६७४६** | **२१८२१०६** |
| | वित्तीय समानीकरण अनुदान | १६०८०० | १७२४०० | १८१६०० | २०९००० | २२९९०० | ६२०५०० |
| | सशर्त अनुदान | ३६६८७७ | ४०९७९८ | ३८४९०० | ४६६५०० | ५३७१५० | १३८८५५० |
| | समपुरक अनुदान | ९४८२ | २०६०० | १७००० | २४८६० | ३७३४६ | ७९२०६ |
| | विशेष अनुदान | ० | ३११०० | १३००० | ३८५०० | ४२३५० | ९३८५० |
| **५** | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **३५०८२** | **१०३५५३** | **९७०१६** | **१०४७५०** | **११७२२५** | **३१८९९१** |
| | वित्तीय समानीकरण अनुदान | ७७५१ | १०१२४ | १०१२४ | १२६५० | १३९१५ | ३६६८९ |
| | सशर्त अनुदान | २२८८३ | ८३४२९ | ७६८९२ | ८०००० | ९०००० | २४६८९२ |
| | समपुरक अनुदान | ४४४८ | १०००० | १०००० | १२१०० | १३३१० | ३५४१० |
| | विशेष अनुदान | ० | ० | ० | ० | ० | ० |
| **६** | **अन्य अनुदान** | ० | ० | ० | १७५०० | २२५०० | ४०००० |
| **७** | **अन्तर स्थानीय तह साझेदारी रकम** | ० | ० | ० | ० | ० | ० |
| **८** | **जनसहभागिता** | ० | ० | २२००७ | १५००० | १६५०० | ५३५०७ |
| **९** | **आन्तरिक ऋृण** | ० | २०००० | ७०००० | ४०२६० | ० | ११०२६० |
| **१०** | **मौज्दात रकम** | २२५५८७ | १९२६८२ | ३३७३३६ | ८८०६४ | ० | ४२५४०० |

| क्र.सं. | बजेटका स्रोतहरू | २०७७/७८ को यथार्थ | २०७८/७९ को संशोधित अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| **ख.** | **जम्मा खर्च** | ९९५१८० | ११६९६२६ | १३५७९९७ | १२५८०६० | १२८४८३० | ३९००८८७ |
| १ | चालु खर्च | ४७१७७१ | ६७६४४७ | ६९१६८२ | ६९२६२५ | ७०७३६३ | २०९१६७० |
| २ | पुँजीगत खर्च | ३३०७२७ | ६८४२३८ | ६६६३१५ | ५६५४३५ | ५७७४६७ | १८०९२१७ |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

### क. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रमबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.४ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को खर्च अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | ३७ | ६४०८६१.५ | ४७.१९ | ५०५३२१ | ४०.१७ | ५२१६३९ | ४०.६० |
| प्राथमिकता दोश्रो (P2) | २५ | ७१७१३५.५ | ५२.८१ | ७५२७३९ | ५९.८३ | ७६३१९१ | ५९.४० |
| **जम्मा** | ६२ | **१३५७९९७** | १०० | **१२५८०६०** | १०० | **१२८४८३०** | १०० |

### ख. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्यबमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.५ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| सङ्केत नम्बर | दिगो विकासका लक्ष्यहरू | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | १ | ५०० | ०.०४ | ५०० | ०.०४ | ५०० | ०.०४ |
| २ | शुन्य भोकमरी | ५ | १३००६१ | ९.५८ | ८४९६५ | ६.७५ | ९१६७९ | ७.१४ |
| ३ | स्वस्थ्य जीवन | ३ | ९१०८७ | ६.७१ | ११८१५६ | ९.३९ | १२०१७७ | ९.३५ |
| ४ | गुणस्तरीय शिक्षा | ६ | ३३१७७० | २४.४३ | ३६३१८४ | २८.८७ | ३६९३९३ | २८.७५ |
| ५ | लैंगिक समानता | १ | २८६५१ | २.११ | २११६९ | १.६८ | २१५३१ | १.६८ |
| ६ | सफा पानी र स्वच्छता | १ | १११०६ | ०.८२ | १२३४३ | ०.९८ | १२५५४ | ०.९८ |
| ७ | आधुनिक उर्जामा पहुँच | १ | ८०० | ०.०६ | ७२०० | ०.५७ | ७३२३ | ०.५७ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ५ | २०६८८ | १.५२ | २३४१० | १.८६ | २३७५० | १.८५ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | २७ | ३९७५४० | २९.२७ | २८८५२७ | २२.९३ | २९३४५८ | २२.८४ |
| १० | असमानता न्यूनीकरण | १ | ७५०० | ०.५५ | ७७०० | ०.६१ | ७९०० | ०.६१ |
| ११ | दिगो शहर र समुदाय | ३ | ११०६५० | ८.१५ | ११५१०४ | ९.१५ | ११७०८१ | ९.११ |
| १२ | दिगो उपभोग र उत्पादन | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | जलबायु परिवर्तन अनुकुलन | ३ | ३७२३० | २.७४ | २५५०९ | २.०३ | २५९३८ | २.०२ |
| १४ | पानी मुनीको जीवन | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | जमीन माथिको जीवन | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | शान्ति तथा न्यायपूर्ण र सशक्त समाज | ३ | १८२०६९ | १३.४१ | १८२०६४ | १४.४७ | १८५१७७ | १४.४१ |
| १७ | दिगो विकासका लागि साझेदारी | २ | ८३४५ | ०.६१ | ८२२९ | ०.६५ | ८३६९ | ०.६५ |
| | **जम्मा** | ६२ | १३५७९९७ | १०० | १२५८०६० | १०० | १२८४८३० | १०० |

### घ. लैंङ्गिक सङ्केतको आधारमा बाँडफाँट

लैंङ्गिक सङ्केतबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत छ।

***तालिका २.६ : लैंगिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| लैंङ्गिक सङ्केत | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | २ | ११०६८६ | ८.१५ | १२८७९६ | १०.२४ | १३१०५० | १०.२० |
| सहयोगी | १६ | ३७७८८९ | २७.८३ | ४१३८८२ | ३२.९० | ४२११०१ | ३२.७७ |
| तटस्थ | ४४ | ८६९४२ | ६४.०२ | ७१५३८२ | ५६.८६ | ७३२६७९ | ५७.०३ |
| **जम्मा** | ६२ | **१३५७९९७** | **१००** | **१२५८०६०** | **१००** | **१२८४८३०** | **१००** |

### ङ. जलवायु सङ्केतको आधारमा बाँडफाँट

जलवायु सङ्केतबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

***तालिका २.७ : जलवायु सङ्केतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| लैंङ्गिक सङ्केत | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | ३ | ३७२३० | २.७४ | २५५०९ | २.०३ | २५९३८ | २.०२ |
| सान्दर्भिक | २ | १०८०० | ०.८० | १७२०० | १.३७ | १९३२३ | १.५० |
| तटस्थ | ५७ | १३०९९६७ | ९६.४६ | १२१५३५१ | ९६.६१ | १२३९५६९ | ९६.४८ |
| **जम्मा** | ६२ | **१३५७९९७** | **१००** | **१२५८०६०** | **१००** | **१२८४८३०** | **१००** |

### च. नगर गौरवका आयोजना

नगरको सामाजिक तथा आर्थिक विकास महत्वपूर्ण योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई नगर गौरवका आयोजनाको रूपमा प्रस्ताव गरेको छ। नगर गौरवका आयोजना र कार्यक्रमको व्यय अनुमान तथा खर्च प्रक्षेपण तालिका २.८ मा प्रस्तुत गरिएको छ।

***तालिका २.८ : नगरपालिकाका गौरवका आयोजना***

| क्र.सं. | गौरवका आयोजना | २०७९/८० को व्यय अनुमान | २०८०/८१ को खर्च प्रक्षेपण | २०८१/८२ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| १. | टि टेस्टिङ सेण्टर | १५००० | ० | ० |
| | **जम्मा** | **१५०००** | | |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र साङ्केतीकरणसम्बन्धी विवरण **अनुसूची ३** मा प्रस्तुत गरिएको छ। विषय क्षेत्रगत रूपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ।

***तालिका २.९ : आगामी तीन आ.व.को विषय उप-क्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)***

| क्र. स. | विषय क्षेत्र | २०७९/८० को व्यय अनुमान | | | २०८०/८१ को खर्च प्रक्षेपण | | | २०८१/८२ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| १ | कृषि तथा खाद्य सुरक्षा | ९२६४० | २०२४० | ७२४०० | ३३३७८ | १३५२६ | १९८५२ | ३३९५० | १३७५८ | २०१९२ |
| २ | सिंचाई | २८५८८ | ० | २८५८८ | ३२०४० | ० | ३२०४० | ३७८४८ | ० | ३७८४८ |
| ३ | पशु विकास | २३८३३ | २१६३३ | २२०० | १९५४७ | १२७५८ | ६७८९ | १९८८१ | १२९७६ | ६९०५ |
| ४ | उद्योग, व्यापार र व्यवसाय | ७०८९ | ६५८९ | ५०० | ५६५८ | ४६३२ | १०२६ | ५७५४ | ४७११ | १०४३ |

| क्र.स. | विषय क्षेत्र | २०७९/८० को व्यय अनुमान | | | २०८०/८१ को खर्च प्रक्षेपण | | | २०८१/८२ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| ५ | पर्यटन तथा संस्कृति | ५०५७० | ४७०८ | ४५८६३ | ५३४८८ | ६१७२ | ४७३१६ | ५४४०२ | ४५३५ | ४९८६७ |
| ६ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | १२६५० | ९६५० | ३००० | १५०७० | १२४९८ | २५७२ | १५३२७ | १३१८४ | २१४३ |
| ७ | श्रम तथा रोजगार | १२१८० | ११८८० | ३०० | ११०२० | ४४३७ | ६५८३ | ११२१८ | ४५२२ | ६६९६ |
| ८ | गरिबी निवारण | ५०० | ५०० | ० | ५०० | ५०० | ० | ५०० | ५०० | ० |
| ९ | शिक्षा, विज्ञान तथा प्रविधि | ३३१७७० | ३०७१६८ | २४६०३ | ३६३१८४ | २८०९९३ | ८२१९१ | ३६९४०२ | २८३७९८ | ८५६०४ |
| १० | जनस्वास्थ्य र पोषण | ८५०३५ | ७४९६० | १००७५ | ११०६२७ | ८३१७८ | २७४४९ | ११२५१९ | ८३१७८ | २९३४१ |
| ११ | खानेपानी र सरसफाई | १११०६ | ५० | ११०५६ | १२३४३ | २०५७ | १०२८६ | १२५५४ | २०५७ | १०४९७ |
| १२ | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | २८६५१ | २८६५१ | ० | २११६९ | २०२४३ | ९२६ | २१५३१ | २०५८९ | ९४२ |
| १३ | युवा तथा खेलकुद | ९९१० | ७४८५ | २४२५ | ५०२० | ४१६७ | ८५३ | ५१०५ | ४२३७ | ८६८ |
| १४ | सामाजिक सुरक्षा तथा पञ्जीकरण | १८२९ | १८२९ | ० | ८०० | ८०० | ० | १००० | १००० | ० |
| १५ | भवन, आवास र बस्ती विकास | १०६१५० | ३४५० | १०२७०० | ९२४७३ | ६१७२ | ८६३०१ | ९४०५३ | ६२७७ | ८७७७६ |
| १६ | सडक, पुल तथा यातायात | ३२४८८१ | १०३६६ | ३१४५१५ | २३६९१० | ११६३.८१ | २३५७४६ | २४०९५१ | ११०८.०२ | २३९८४३ |
| १७ | जलश्रोत, विद्युत र स्वच्छ उर्जा | ८०० | ८०० | ८०० | ७२०० | ० | ७२०० | ७३२३ | ० | ७३२३ |
| १८ | सूचना, संचार तथा प्रविधि | ४५०० | ४०० | ४१०० | २२६३१ | १२६३१ | १०००० | २३०२८ | १२५५४ | १०४७४ |
| १९ | वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता | ४३२० | २३२० | २००० | ५६५७ | ५१४ | ५१४३ | ५७४६ | ५२३ | ५२२३ |
| २० | वातावरण तथा फोहोरमैला व्यवस्थापन | २६३०० | ९८०० | १६५०० | १३२६९ | ३०८६ | १०१८३ | १३४९६ | ३१३९ | १०३५७ |
| २१ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकूलन | ६६१० | ५५१० | ११०० | ६५८३ | १४४० | ५१४३ | ६६९६ | १४६५ | ५२३१ |
| २२ | नीति, कानून, न्याय र सुशासन | ७५५१ | ७३०१ | २५० | ५१४३ | ५१४३ | ० | ५२३१ | ५२३१ | ० |
| २३ | संगठन मानव संसाधन र सेवा प्रवाह | १७२६८९ | १४९३४७ | २३३४२ | १७६१२१ | १६८९२१ | ७२०० | १७८९४६ | १७१६२३ | ७३२३ |
| २४ | राजस्व र स्रोत परिचालन | २५५० | २५५० | ० | २०५७ | २०५७ | ० | २०९२ | २०९२ | ० |
| २५ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन | ५७९५ | ५७९५ | ० | ६१७२ | ६१७२ | ० | ६२७७ | ६२७७ | ० |
| | **कुल जम्मा** | **१३५७९९७** | **६९१६८२** | **६६६३१५** | **१२५८०६०** | **६५३२६१** | **६०४७९९** | **१२८४८३०** | **६५९३३५** | **६२५४९५** |

आर्थिक वर्ष २०७८/७९ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ ।

# परिच्छेद ३ : आर्थिक क्षेत्र

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाको सम्पूर्ण क्षेत्रहरूमा व्यावसायिक कृषि अन्तरगत नगदे बालीको व्यापकता रहेको छ । यस क्षेत्र नगदे बालीमा पाँच "अ" (अदुवा, अलैंची, चिया, अम्लिसो र अकवरे खुर्सानी) को उत्पादन हुने प्रमुख स्थानको रुपमा सुपरिचित रहेको छ । स्कुस लगायतका मौसमी र बेमौसमी तरकारी, फूल, र आलुमार्फत यस क्षेत्रका कृषकहरू प्रशस्त आय आर्जन गर्न सफल भएका छन् । कच्चा पदार्थ उत्पादन मात्रमा भर नपरी उत्पादन विविधिकरणमा समेत यस क्षेत्र अग्रणी स्थानमा रहेको छ । हाल इलामको सबैभन्दा धेरै चिया कारखाना यसै क्षेत्रभित्र रहेको छ । नगदे वालीका अतिरिक्त खाद्यान्न बाली, फलफूल र दलहन बालीको परम्परागत उत्पादनको अभ्यास पनि निरन्तर रहेको छ । नगदेवालीका आधारित उद्योग तथा प्रसोधन केन्द्रहरू स्थापना भएका छन् । सडक यातायातको सहज पहुँचका कारण बजारीकरणमा सहजता रहेको छ । कृषिजन्य लघु तथा साना उद्यमहरू समेत यसै क्षेत्रबाट विकास भएर अन्य क्षेत्रहरूमा अनुसरण हुँदै गएको पाईन्छ । नगदेबालीको सन्दर्भमा अग्रणी क्षोत्रका रुपमा रहेको कारण यस नगरपालिकालाई नगदेबालीको राजधानीको रूपमा समेत लिइने गरेको छ ।

### ३.१.२ समस्या तथा चूनौति

कृषि क्षेत्रमा व्यावसायिकताको विकास हुँदै गएको भएता पनि यस क्षेत्रमा भौगोलिक विकटता र उवर्रशिल भूमिको न्यूनता रहेको छ । कृषि उपजको बजार मूल्यमा अनिश्चितता र गैर कृषि क्षेत्रमा आकर्षण बढदो रूपमा रहेको छ । बाँझो जमिनको अनुपात बढ्दै जानु भने खेती योग्य जमिनमा भौतिक पूर्वाधार विस्तार हुँदै गएको छ । कृषि उपजको उत्पादन मुल्य र उपभोक्ता मुल्यबीच अन्तर उच्च रहने गरेको छ । कृषि उपजको बजारमा सीमित व्यवसायी र बिचौलियाको एकाधिकार हुँदा कृत्रिम अभाव र मूल्यवृद्धिको समस्या समाधान निकै चुनौतिपूर्ण भएको छ । मागअनुसारको मल आपुर्ती हुन नसक्नु, सिंचाई सुबिधाको कमी र प्राविधिक तथा दक्ष जनशक्तिको कमी कृषि क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ३.१.३ सोच

"व्यावसायिक कृषिः नगरवासीको समृद्धि"

### ३.१.४ उद्देश्य

१. कृषि क्षेत्रको आधुनिकीकरण, बजारीकरण एवम् व्यावसायीकरण गर्नु,

२. कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,

३. कृषि सामग्रीको सहज उपलब्धता र कृषि पर्यटन तथा कृषि उद्यमहरूको प्रवर्द्धन गर्नु ।

### ३.१.५ रणनीति

१. व्यावसायिक र विशिष्टिकृत कृषिको विकास गरी खाद्यान्न उत्पादन र उच्च मूल्य बालीको उत्पादकत्व र उत्पादन बढाउने,
२. कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण एवम् बजारीकरणलाई व्यवस्थित गर्ने,
३. बजारको मागअनुसारका कृषि उत्पादनलाई प्रोत्साहन गरी कृषि क्षेत्रको प्रवर्द्धनमा सहकारी खेती प्रणालीलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने,
४. कृषि पर्यटनलाई प्रवर्द्धन गर्न संघ, प्रदेश र निजी क्षेत्रको समेतको सहकार्यलाई जोड दिने,

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१ मा प्रस्तुत गरिएको छ :

***तालिका ३.१ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कृषिमा आधुनिक यान्त्रिकरणलाई अवलम्बन कृषक | प्रतिशत | ३ | ५ | ९ | १३ | १५ |
| व्यावसायिक कृषि फर्म | संख्या | ३४१ | ३४५ | ३६० | ३८० | ४०० |
| आधुनिक कृषि प्रणालीमा दक्षता हासिल गरेका कृषक | प्रतिशत | १० | १५ | २० | २२ | २५ |
| खाद्यान्न उत्पादन वृद्धिदर | प्रतिशत | ५ | ७ | ८ | १० | ११ |
| माटोको गुणस्तर परिक्षण गराउने घरधुरी | संख्या | १२०० | १८०० | २५०० | ३००० | ३५०० |
| पकेट क्षेत्र निर्धारण | संख्या | ३ | ५ | ८ | १० | १२ |
| कृषक समूहमा आवद्ध कृषक | संख्या | १०५२ | १२९५ | १५४२ | १७५५ | २००० |
| चिया उत्पादन | मे.ट. | १३३०० | १३३०५ | १३३०९ | १३३१३ | १३३१५ |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.२ मा प्रस्तुत गरिएको छ :

***तालिका ३.२ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ९२६४० | २०२४० | ७२४०० | ० | १७७९५ | ४५४५ | ७०३०० | ० |
| २०८०/८१ | ३३३७८ | १३५२६ | १९८५२ | ० | ७३७८ | ११००० | १५००० | ० |
| २०८१/८२ | ३३९५० | १३७५८ | २०१९२ | ० | ९५० | १८००० | १५००० | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ३.३ मा प्रस्तुत गरिएको छ :

***तालिका ३.३ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | टि टेस्टिङ हाउस निर्माण | चिया खेतीको प्रवर्द्धन एवम् कृषि पर्यटनको अभिवृद्धि गर्नु। | २०७६/७७ देखि २०७९/८० सम्म | ८७००० | चिया संग्राहलय, प्रशसनिक भवन, सेमिनार भवन, गेष्ट हाउस र क्यान्टीन सहितको भौतिक संरचना निर्माण भएको हुनेछ। |
| २ | कृषि विकास कार्यक्रम | कृषि उपजको उत्पादन र बजारीकरणलाई प्रवर्द्धन गर्नु। | सालबसाली | १४४९६८ | कृषि उपजको उत्पादनमा ७ प्रतिशतले वृद्धि भएको हुनेछ। |

### ३.१.९ जोखिम तथा अनुमान

अन्तर-सरकार सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। कृषि उपजको मागमा वृद्धि र बजारीकरण सहज भएको हुनेछ। कृषिमा आधारित व्यवसायमा आकर्षण तथा निजी क्षेत्रको लगानी वृद्धि भएको हुनेछ। प्रकोपको व्यवस्थापन, सहज बजारीकरण, कृषि सामग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्दछ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

यस क्षेत्रमा सुदूरपूर्वी अन्तरदेशीय सीमा भएर बग्ने मेची नदी सहित जोगमाइ खोला, करपोक खोला, सिद्दी खोला, याङ्ग खोला, विरिङ्ग खोला, श्री खोला, मयुँ खोला, रामे खोला, काली खोला, कट्याङ्ग खोला, कलकले खोला, अम्वी खोला, अँधेरी खोला, भालु खोला, शुन्दर खोला, लाङ्गलिङ्ग खोला लगायतका नदी तथा खोलाहरू सिंचाईका स्रोतका रूपमा रहेका छन्। स्विस सरकारको सहयोगमा साना सिंचाई आयोजना कार्यान्वयनमा रहेको छ। हालसम्म कुल ९३२ हेक्टर जमिनमा बाह्रै महिना नियमित सिंचाई सुबिधाको पहुँच रहेको छ।

### ३.२.२ समस्या तथा चुनौति

भिरालो भू-धरातलीय स्वरूप, सिंचाईका श्रोतको सिमिता उर्वर कृषि भूमि र खेतीयोग्य जमिनमा बस्ती विस्तार यस क्षेत्रमा मुख्य समस्याहरू हुन्। सिंचाई सुबिधाको न्यायोचित वितरण तथा सहज उपलब्धतामा कमी रहेको छ। सिंचाई आयोजनाको दिगो उपयोग, मर्मतसम्भार र समुचित व्यवस्थापनमा कमी रहेको छ। सिंचाई सुबिधाका लागि वैकल्पिक सिंचाई सुबिधाको कमी रहेको छ। नगर क्षेत्रको अधिकांश जमिनको सिंचाई आकाशे पानीको भरमा रहेको छ।

### ३.२.३ सोच

"दिगो सिंचाई उच्च प्रतिफल"

### ३.२.४ उद्देश्य

१. दिगो तथा व्यवस्थित सिंचाईमार्फत उत्पादनको अभिवृद्धि गर्नु,

२. सिंचाई सुबिधाको न्यायोचित एवम् समतामूलक वितरणलाई प्रवर्द्धन गर्नु।

### ३.२.५ रणनीति

१. अन्तर-सरकार एवम् समुदायसँगको साझेदारी तथा सहकार्यमा सिंचाई सुबिधाको विस्तार र व्यवस्थापनलाई प्रभाबकारी गराउने,

२. कुलो तथा नहरबाट सिंचाई सुबिधा पुग्न नसक्ने क्षेत्रमा वैकल्पिक विधिबाट सिंचाई सुबिधाको विस्तार गर्ने,

३. सिंचाई आयोजनाको नियमित मर्मत तथा दिगो व्यवस्थापनमा उपभोक्ता समितिलाई जिम्मेवार तुल्याउने,

४. सिंचाई सुबिधा उपलब्ध भएको क्षेत्रमा सिंचाई सुबिधाको उपलब्धतालाई न्यायोचित र समतामूलक तुल्याउने,

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ :

**तालिका ३.४ : सिंचाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुबिधा उपलब्ध भूमि | हेक्टर | ९३२ | ९८६ | १०९१ | ११९१ | १२९१ |
| बाह्रै महिना सञ्चालनमा रहेका सिंचाई आयोजना | संख्या | १४ | १८ | २५ | ३० | ३६ |
| सिंचित क्षेत्रभित्र बाली सघनता | प्रतिशत | १६० | १६८ | १७६ | १८५ | १९० |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३.५ मा प्रस्तुत गरिएको छ :

**तालिका ३.५ : सिंचाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २८५८८ | ० | २८५८८ | ० | ५१३३ | १८४६६ | ४९८९ | ० |
| २०८०/८१ | ३२०४० | ० | ३२०४० | ० | ८८४० | १४४५० | ८७५० | ० |
| २०८१/८२ | ३७८४८ | ० | ३७८४८ | ० | २२८४८ | १५००० | ० | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.६ मा प्रस्तुत गरिएको छ :

**तालिका ३.६ : सिंचाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अँधेरी जिमिखाँद भुतेनी सिंचाई आयोजना | खेतीयोग्य जमिनमा बाह्मासे सिंचाई सुबिधा विस्तार गर्नु | २०७८/७९ देखि २०७९/८० | ५८२७ | कुल ४२ हेक्टर क्षेत्रमा सिंचाई सुबिधा विस्तार भएको हुनेछ। |
| २ | कटयाङ खोला सिंचाई आयोजना | खेतीयोग्य जमिनमा बाह्मासे सिंचाई सुबिधा विस्तार गर्नु | २०७८/७९ देखि २०७९/८० | २८६३ | कुल ५० हेक्टर क्षेत्रमा सिंचाई सुबिधा विस्तार भएको हुनेछ। |
| ३ | सिंचाई संरचना निर्माण तथा मर्मत संभार कार्यक्रम | बर्षभरी सिचाई सुबिधा विकास र विस्तार गर्नु | सालबसाली | ८९७८६ | कुल ३०५ हेक्टर क्षेत्रमा सिंचाई सुबिधा बिस्तार हुनेछ। |

### ३.२.९ जोखिम तथा अनुमान

सिंचाई सुबिधाको विस्तार एवम् दिगो व्यवस्थापनमा तीन वटै तहको सरकार र समुदायबीच समन्वय र सहकार्यको विकास हुनेछ। सिंचाई पूर्वाधारको निर्माण तथा मर्मत सम्भार कार्य तोकिएको समयमै सम्पन्न

भएको हुनेछ । सिंचाई आयोजनाको समयमै कार्यान्वयन, नियमित मर्मत तथा व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.३ पशु विकास

### ३.३.१ पृष्ठभूमि

पशुआहारको लागि घाँसको उत्पादन र हावापानी अनुकूल रहेको सूर्योदय नगरपालिकामा कृषकहरूको मुख्य पेशा तथा आम्दानीको श्रोतका रूपमा पशुपालन पनि रहेको छ । इलामको पहिलो चिज कारखाना यसै क्षेत्रमा स्थापना भएको थियो । यस क्षेत्रका करिव ८० प्रतिशत कृषकहरूमा कम्तिमा एक माउ गाई अनिवार्य पालनको अभ्यास रहेको छ भने करिब ३९ वटा व्यावसायिक गाई फर्महरू संचालनमा रहेका छन् । गाईहरूको हालको दुध उत्पादन दर प्रति वेत सरदर ३६०० लिटर रहेको देखिन्छ भने १० प्रतिशत गाईको दुध उत्पादन ५ हजार लिटर रहेको छ । यस क्षेत्रमा दैनिक करिव पैतालिस हजार लिटर दुधको उत्पादन हुने गरेको छ । उत्पादित दुध मध्ये दैनिक करिव ३५ हजार लिटर दुध बिभिन्न ६४ वटा सहकारीहरूमार्फत संकलन भई विभिन्न डेरीहरूमा बिक्री वितरणको अभ्यास रहेको छ ।  करिव ६२ वटा साना ठुला डेरीमार्फत छुर्पी, चिज, घ्यू, ललीपप, बम्वईसन, खुवा आदि उत्पादन गरिने गरिएको छ । यस क्षेत्रको दुधलाई दुग्ध विकास संस्थानमार्फत प्रदेश नं. १ का अन्य बजारहरूमा समेत बिक्री वितरण गरिने गरिएको छ । अन्य पशुपालनको अवस्था हेर्दा व्यावसायिक रूपमा ५० वटा बाखा फार्महरू संचालनमा रहेको र बंगुर तथा सुंगुर पालनमा पनि व्यावसायिकता बढ्दै गरेको छ । हालसम्म ७ वटा बंगुर फार्म दर्ता भई संचालनमा रहेको छ । जस मध्ये साना बंगुर फार्म ३ वटा, मझौला बंगुर फार्म ३ वटा र ठूला बंगुरफार्म १ वटा रहेको छ ।

### ३.३.२ समस्या तथा चूनौति

यस क्षेत्रमा पशुपालन व्यवसायमा प्रमुख समस्याको रूपमा पशु आहारा नै रहेको देखिन्छ । भौगोलिक तथा वातावरणीय हिसाबले उच्च प्रतिफल दिने घाँसहरूको उत्पादन गर्न कठिनाई रहेको छ । हाल मुख्य आहाराको रूपमा अमृसो घाँस रहेको छ भने आयातित दानाहरूको गुणस्तर कायम हुन सकेको छैन । पशुपंक्षीको रोग पहिचानको लागि प्रयोगशाला नभएको कारण रोग पहिचान गर्न कठिनाई रहेको छ । पशुपंक्षीको उपचारको लागि चाहिने आवश्यक सबै किसिमका औषधी तथा उपकरणहरूको कमी रहेको छ । रोगको प्रकोप, जनचेतनाको कमी ,स्वच्छ तथा सफा दुध उत्पादन गर्न गोठ सुधार नहुनु तथा थुनेलो रोगका प्रकोप हुनु आदि पशुपालन व्यवसायमा समस्याको रूपमा रहेका छन् ।

### ३.३.३ सोच

“व्यावसायिक पशुपालनः समृद्ध नगर निर्माण”

### ३.३.४ उद्देश्य

१. पशुपन्छीजन्य उपजको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु,
२. व्यावसायिक पशुपन्छीपालनको प्रवर्द्धन र पशुपन्छीजन्य उत्पादनमा आधारित उद्यम विकास गर्नु,

### ३.३.५ रणनीति

१. पशुपंक्षीपालनबाट गरिब तथा सामाजिक रूपमा  पिछडिएका वर्गको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउने ।
२. उन्नत पशुपालन पेशालाई कृषक परिवारको प्रमुख आय श्रोतको रूपमा विकास गरी प्रमुख आयआर्जनको माध्यामका रूपमा विकसित गर्ने ।

३. पशुपन्छीजन्य उत्पादनको प्रशोधन र गुणस्तर परीक्षण गरी उद्यमशीलता र बजारीकरण सुनिश्चितता गर्ने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.७ मा प्रस्तुत गरिएको छ :

*तालिका ३.७ : पशु विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सुचक | इकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| दैनिक सरदर दुध उत्पादन | लिटर | ३५२१० | ४०००० | ४२००० | ४५००० | ५०००० |
| डेरी उद्योग | संख्या | ५७ | ६२ | ६५ | ६८ | ७० |
| दुध संकलन केन्द्र | संख्या | ५५ | ६४ | ६७ | ६८ | ७० |
| मासु उत्पादन वार्षिक | मे.टन | ४५५ | ४६१ | ४७० | ४७५ | ४८० |
| गोठ सुधार भएका पशुपालक कृषक | संख्या | १२३३ | १३५० | १५०० | १७०० | २००० |
| पशुपालक समुह | संख्या | ४ | १९ | २२ | २४ | २५ |
| वार्षिक सेक्स सिमेनमार्फत कृत्रिम गर्भाधान | संख्या | ० | १००० | १००० | २००० | ३००० |
| कृतिम गर्भाधान सफलता | प्रतिशत | ५० | ६० | ६५ | ७० | ७५ |
| तालिम प्राप्त पशुसेवा प्राविधिक परिचालन | प्राविधिक संख्या | १० | १३ | १५ | १७ | २० |
| वार्षिक घाँस उत्पादन | मे. टन | ७००० | ७३०० | ७५०० | ७८०० | ८००० |
| गाई फर्म | संख्या | ३५ | ३९ | ४३ | ४६ | ५० |
| बाखा फर्म | संख्या | ४३ | ५० | ५२ | ५३ | ५५ |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशु विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान  तालिका ३.८ मा प्रस्तुत गरिएको छ :

*तालिका ३.८ : पशु विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २३८३३ | २१६३३ | २२०० | ० | ११८३८ | ८६९५ | ३३०० | ० |
| २०८०/८१ | १९५४७ | १२७५८ | ६७८९ | ० | १४५४७ | ५००० | ० | ० |
| २०८१/८२ | १९८८१ | १२९७६ | ६९०५ | ० | १८८१ | १८००० | ० | ० |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा  अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.९ मा प्रस्तुत गरिएको छ :

*तालिका ३.९ : पशु विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुपंछीजन्य व्यवसाय प्रवर्द्धन कार्यक्रम | पशुपन्छीजन्य उत्पादन र आयको प्रवर्द्धन गर्नु । | सालबसाली | ६३२६१ | पशुपन्छीजन्य उत्पादनमा १७% ले वृद्धि भएको हुनेछ । |

### ३.३.९ जोखिम तथा अनुमान

पशुपन्छी क्षेत्रको विकास तथा विस्तारमा सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रको पहल तथा अग्रसरता अभिवृद्धि भएको हुनेछ । पशुपंक्षीजन्य उत्पादनको मागमा वृद्धि तथा बजारीकरण सहज भएको हुनेछ । उपरोक्त अवस्था हासिल हुन नसकेमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन सक्नेछ ।

## ३.४ उद्योग तथा व्यापार

### ३.४.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाभित्र ठूला, मझौला तथा साना उद्योगहरू सञ्चालनमा रहेका छन् । नगदेबाली तथा पशुजन्य उत्पादनमा आधारित उद्योग व्यवसायहरूका लागि प्रख्यात मानिएको सूर्योदय नगरपालिकाभित्र ६६ वटा चिया उद्योग, ६३ वटा दुध डेरी गरी करिव २०० भन्दा बढी उद्योगहरू सञ्चालनमा रहेका छन् । स्थानीय उद्योगमा खपत हुने बाहेकका कच्चा पदार्थ बाहिर निकासी हुने गरेको छ । वडा नं. ५, ८, ९, १०, ११, १२ र १४ का लघु व्यवसायीहरू गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट उद्यमशिलता तथा सीप विकास तालिम लिई व्यवसाय सञ्चालनमा अग्रसर रहेका छन् । नगरपालिकाभित्र सञ्चालनमा रहेका व्यवसायहरूको कुल संख्या १८६७ रहेको छ । पर्यटकीय स्थल, बजार तथा राजमार्ग क्षेत्रमा पर्यटकहरूलाई केन्द्रित गरी होटल व्यवसायका अतिरिक्त स्थानीय उपजको व्यापार फस्टाउँदै गएको छ । व्यावसायिक रूपमा गाईपालन, कुखुरापालन, तरकारी खेति र माहुरी पालनलाई अगाडी बढाउन शुरुवात गरिएको छ ।

### ३.४.२ समस्या तथा चूनौति

विश्वव्यापी मूल्यवृद्धि एवम् कोभिड १९ को आर्थिक प्रभावका कारण उद्योग तथा व्यापार क्षेत्रमा नकारात्मक असर परेको छ । दक्ष जनशक्ति र पुँजीको कमीले उद्योग तथा व्यवसायको विस्तारको गतिलाई कमजोर तुल्याएको छ । बजार अनिश्चितता र अस्थिर मूल्य प्रणालीका कारण गुणस्तरीय एवम् प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादन हुन सकेको छैन । हरियो चियाको मूल्य निर्धारणमा देखिने कठिनाईले चिया व्यवसायमा सहज वातवरण तयार हुन सकेको छैन । नगर क्षेत्रमा सञ्चालित व्यवसायको विवरण अद्यावधीकरणको कमी रहेको छ । उत्पादन भएका वस्तुहरूको सही बजारीकरण एवं वस्तु तथा सेवाहरूको मूल्य निर्धारण वैज्ञानिक रूपमा हुन सकेको छैन ।

### ३.४.३ सोच

"उद्योगको विकास, स्वच्छ व्यापारः उचित मूल्य, गुणस्तरीय वस्तु उपभोक्ताको अधिकार"

### ३.४.४ उद्देश्य

१. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा व्यवसाय प्रवर्द्धन गर्नु ।

२. गुणस्तरीय तथा प्रतिस्पर्धी उत्पादन र विश्वासनिय व्यवसाय सञ्चालनलाई प्रोत्साहन गर्नु ।

### ३.४.५ रणनीति

१. बजार माग अनुरूपको गुणस्तरीय एवम् प्रतिस्पर्धी उत्पादनलाई प्रोत्साहित गर्दै रोजगारीको अवसर सृजना गर्ने ।
२. उद्योग, व्यवसाय तथा व्यापार क्षेत्रको दिगो प्रवर्द्धनका लागि कानुनी र संस्थागत संयन्त्र निर्माण गर्ने ।
३. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा व्यवसाय क्षेत्रको प्रवर्द्धनमा सार्वजनिक निजी साझेदारीलाई थप प्रभावकारी बनाउने ।
४. अन्तर-सरकार सहकार्यमा उद्यमशीलता र सृजनशीलता विकासको वातावरण तयार गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ३.१० मा प्रस्तुत गरिएको छ :

**तालिका ३.१० : उद्योग तथा व्यापार उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| औद्योगिक क्षेत्रको वार्षिक वृद्धिदर | प्रतिशत | -१ | १.५ | ३ | ४ | ५ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | २०० | २५० | ३०० | ३५० | ४०० |
| उद्योग, व्यापार, व्यवसाय | संख्या | २२३९ | २३५१ | २४१० | २४७० | २५३० |
| नगर कार्यपालिका कार्यालयमा दर्ता भएका व्यवसाय | संख्या | १७५० | १८६७ | २००० | २१०० | २२०० |
| सञ्चालनमा रहेका उद्योग | संख्या | १८३ | २०५ | २३४ | २५५ | २८० |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३.११ मा प्रस्तुत गरिएको छ :

**तालिका ३.११ : उद्योग तथा व्यापार उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ७०८९ | ६५८९ | ० | ५०० | ० | २७६० | ४३२९ | ० |
| २०८०/८१ | ५६५८ | ४६३२ | १०२६ | ० | २१५८ | ३५०० | ० | ० |
| २०८१/८२ | ५७५४ | ४७११ | १०४३ | ० | १७५४ | ४००० | ० | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.१२ मा प्रस्तुत गरिएको छ :

**तालिका ३.१२ : उद्योग तथा व्यापार उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्योग तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम | उद्योग तथा व्यवसायको विस्तार, औद्योगिक उत्पादनमा वृद्धि र गुणस्तर अभिवृद्धि गर्ने। | सालबसाली | १८५०१ | व्यवसाय करबाट संकलित राजस्वमा २५ प्रतिशतले वृद्धि हुनेछ। |

### ३.४.९ जोखिम तथा अनुमान

उद्योग तथा व्यवसाय प्रवर्द्धनको वातावरण तयार गर्न सरकारी तर्फबाट प्राविधिक तथा वित्तीय सहयोगमा विस्तार हुनेछ । उद्योग तथा व्यवसायको प्रवर्द्धनका लागि निजी क्षेत्रको लगानी आकर्षित भएको हुनेछ । व्यवसाय सञ्चालनमा नकारात्मक प्रभाब पर्ने विपद्, महामारी, कच्चा पदार्थको अभाब र हडताल नियन्त्रण भइ विश्वासको वातावरण तयार भएको हुनेछ । उल्लेखित परिस्थिति तयार हुन नसके लक्ष्य हासिल हुन कठिनाइ हुन सक्नेछ ।

## ३.५ पर्यटन विकास

### ३.५.१ पृष्ठभूमि

सूर्योदय नगरपालिका देशकै आकर्षक पर्यटकीय स्थलका रूपमा स्थापित भएको छ। पर्यटकीय स्थलहरूमा श्रीअन्तु, कन्याम, फिक्कल, पशुपतीनगर, पंचकन्या, बुद्धपार्क, गुफा पाताल, स्वामीपार्क, जिपलाइन, पञ्चकन्या मन्दिर लगायतको भ्रमण गर्न वार्षिक रूपमा करिव ५ लाख आन्तरिक तथा वाह्य पर्यटकहरू आउने गर्दछन् । कन्यामको रमणीय चिया बगान, श्रीअन्तु क्षेत्रको सूर्योदयको दृष्यावलोकन, अन्तु पोखरी, लाप्चा संस्कृति तथा ग्रामीण जन-जीवनको अवलोकन र सुनगाभा फूलखेती यहाँको आर्कषणको रूपमा रहेको छ। यस भेगमा ग्रामीण पर्यटनको पूर्वाधारको रूपमा घरबास प्रणाली (होमस्टे) को अभ्यास शुरु भइ सकेको छ। कृषि पर्यटन तथा ग्रामीण पर्यटन व्यवस्थित हुँदै गएको छ।

### ३.५.२ समस्या तथा चूनौति

पर्यटन क्षेत्रमा रहेका मुख्य समस्याहरूमा मौसमी एवम् अस्थिर प्रकृतिको पर्यटकीय आगमन, मनोरञ्जनका अतिरिक्त पूर्वाधारको कमी र पर्यटन व्यवसायमा रहेको अस्वस्थ प्रतिस्पर्धा प्रमुख रूपमा रहेका छन् । पर्यटकीय क्षेत्रमा बढदो प्रदुषण, प्रकोपको जोखिम, सामाजिक विकृतिको बढोत्तरी र उपभोग प्रवृत्तिको विस्तार चुनौतिका रूपमा रहेका छन् ।

### ३.५.३ सोच

"हाम्रो संस्कारः पाहुनाको सत्कार"

### ३.५.४ उद्देश्य

१. पर्यटनलाई स्थानीय रोजगारी र आय आर्जनको स्रोतको रूपमा विकास गर्नु,

२. पर्यटन बजारको माग अनुरूपका पूर्वाधार तथा सुबिधाको विकास एवम् विस्तार गर्नु ।

### ३.५.५ रणनीति

१. पर्यटन क्षेत्रको विस्तारमार्फत आय आर्जन तथा रोजगारीको अवसर सृजना गर्ने,

२. पर्यटकीय गन्तव्यको विकास र विस्तार गरी आधारभुत सेवा सुबिधाको सुनिश्चितता गर्ने,

३. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने ।

४. पर्यटन क्षेत्रको विकासका लागि अन्तर-सरकार एवम् निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने ।

५. संस्कृति तथा सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्दै मागअनुसारका पर्यटकीय पूर्वाधार एबम् सेवाको विस्तार गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१३ मा प्रस्तुत गरिएको छ :

*तालिका ३.१३ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| नगर क्षेत्रमा भ्रमण गर्ने पर्यटक संख्या | हजार | १५० | ५०० | ५५० | ६५० | ८०० |
| व्यवस्थित र स्तरीय पर्यटकीय स्थल | संख्या | २ | २ | ४ | ५ | ६ |
| व्यवस्थित होमस्टे | संख्या | ४५ | ६० | ८० | ११० | २०० |
| व्यवस्थित होटेल/रिसोर्ट | संख्या | २८० | ३४० | ४०० | ४५० | ५०० |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३.१४ मा प्रस्तुत गरिएको छ :

***तालिका ३.१४ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५०५७० | ४७०८ | ४५८६३ | ० | ४५०४० | ५५३० | ० | ० |
| २०८०/८१ | ५३४८८ | ६१७२ | ४७३१६ | ० | ६१७२ | ४७३१६ | ० | ० |
| २०८१/८२ | ५४४०२ | ६२७७ | ४८१२५ | ० | २७७ | ३४१२५ | २०००० | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.१५ मा प्रस्तुत गरिएको छ :

***तालिका ३.१५ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | बुद्धपार्क निर्माण | बुद्धपार्कलाई आकर्षक पर्यटकीय गन्तब्यका रूपमा विकास गर्नु । | २०७९/८० देखि ८०/८१ सम्म | १५००० | आर्कषक बुद्धपार्कको निर्माण भइ पर्यटकीय आर्कषणको स्थल भएको हुनेछ । |
| २. | फेनसोङ्ग गुम्बा शौर्न्यकरण | फेनसोङ्ग गुम्बालाई सुन्दर र दर्शनीय बनाउनु । | २०७९/८० देखि ८१/८२ सम्म | २०००० | सुन्दर र दर्शनीय फेनसोङ्ग गुम्बा निर्माण भइ आर्कषक पयटकीय स्थलका रूपमा विकास भएको हुनेछ । |
| ३. | विन्धवासिनी मन्दिर निर्माण | धार्मिक महत्वको विन्धवासिनी मन्दिरको पुनः निर्माण गर्नु । | २०७९/८० देखि ८०/८१ सम्म | १००० | विन्धवासिनी मन्दिरको नव निर्माणबाट आकर्षक गन्तब्यका रूपमा विकास भएको हुनेछ । |
| ४. | कन्याम पुर्णे डाँडा साइकल मार्ग निमार्ण | पर्यटकीय महत्वको साइकल मार्ग निर्माण गर्नु । | २०७९/८० देखि ८०/८१ सम्म | ५४१०० | ६.७ कि.मी. साइकल मार्गको निर्माण भएको हुनेछ । |
| ५. | पर्यटन तथा संस्कृति प्रवर्द्धन कार्यक्रम | पर्यटकीय सेवा, सुबिधाको विकास र विस्तार गर्नु । | सालबसाली | ९०९६० | पर्यटक आगमनमा वार्षिक ३० प्रतिशले वृद्धि हुनेछ । |

### ३.५.९ जोखिम तथा अनुमान

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको प्राथमिकता प्राप्त पर्यटकीय क्षेत्रको रूपमा पर्यटनको बहुआयामिक विकासमा उल्लेख्य पहल भएको हुनेछ । निजी क्षेत्रबाट पर्यटन प्रवर्द्धन तथा सेवा सुबिधाको विस्तारमा लगानी वृद्धि भएको हुनेछ । कोभिड १९ लगायतका महामारी, आर्थिक गतिविधीमा मन्दी र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ ।

## ३.६ भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था

### ३.६.१ पृष्ठभूमि

भूमि व्यवस्थालाई स्थानीय अपेक्षा अनुरूप गराउने अन्तर-सरकार साझेदारीमा प्रयासहरू भइ रहेका छन् । भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको लगत संकलन कार्य सम्पन्न भइ सकेको छ । यस क्षेत्रमा कुल १४७ वटा सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् । जसमध्ये १२३ वटा सहकारीहरू स्थानीय तहले नियमन गर्ने र २४ वटा सहकारीहरू प्रदेशबाट नियमन हुने गरेका छन् । सूर्योदय नगरपालिकामा रहेका सहकारी संस्थाहरूको कुल शेयर पूँजी रु. ११ करोड ८१ लाख २७ हजार, बचत रकम रु. ३० करोड ७४ लाख ३० हजार र लगानी रु. ३९ करोड ३७ लाख ७६ हजार रहेको छ । सहकारीहरूमा रहेका शेयर सदस्यहरूको संख्या कुल २०९७७ मध्ये पुरुषको संख्या ११३१० र महिलाको संख्या ९६६७ रहेकोदेखिन्छ । यस क्षेत्रमा कुल १० वटा वाणिज्य बैंक र दर्जनौं वित्तीय संस्थाहरूबाट वित्तीय सेवा उपलब्ध हुँदै आएको छ । करिव ५० प्रतिशत घरपरिवारको बैंक खाता रहेको छ ।

### ३.६.२ समस्या तथा चूनौति

अव्यवस्थित बसोवासी तथा सुकुम्बासीहरू पहिचान एवम् व्यवस्थापन चुनौतिपूर्ण रहेको छ । सार्वजनिक जग्गाको अतिक्रमणको समस्या निराकरणमा कठिनाइ रहेको छ । बैंक, वित्तीय संस्था एवं सहकारीहरूको संख्या तथा कारोवार उच्च रहेको भएता पनि अनौपचारिक क्षेत्रबाट हुने कारोवारको अवस्था उल्लेखनिय रहेको छ । सहकारीहरूबाट बचत तथा ऋणको कारोबार मात्र हुने गरेको छ । भौगोलिक विविधताका कारण सहकारीहरू आधुनिक सूचना प्रविधिको उपयोगमा कठिनाइ रहेको छ । सहकारीहरूमा वित्तीय दक्षताको कमी, धितो राख्ने सम्पत्तिको अभाव, व्यावसायिक परियोजना प्रस्ताव आफैले तयार गर्न नस्कनु र आवश्यक सहयोगका लागि सेवा केन्द्रको कमी रहेको छ । आर्थिक क्षेत्रमा कोभिड १९ को महामारी र राष्ट्रिय रूपमा देखा परेको आर्थिक गतिबिधिमा शिथिलताका कारण तरलताको कमी रहेको छ । आर्थिक सामाजिक रूपमा पछाडी परेको समुदायमा वित्तीय सेवामा न्यून पहुँच रहेको छ । वित्तीय साक्षरताको कमी, धितो राख्ने सम्पत्तिको अभाव, आवश्यक प्रमाण पुऱ्याउन नसक्नु, झन्झटिलो कागजी प्रक्रिया र सेवा केन्द्रको अभाव कारण अनौपचारिक क्षेत्रबाट कारोवार हुने गरेको छ ।

### ३.६.३ सोच

"सुदृढ वित्तीय व्यवस्थाः आर्थिक विकासको आधार"

### ३.६.४ उद्देश्य

१. भूमिसँग सम्बन्धित समस्या निराकरणमा सहजीकरण गर्ने,
२. वित्तीय क्षेत्रलाई कृषि तथा समग्र आर्थिक विकासको सहयोगी क्षेत्रको रूपमा विकास गर्नु,
३. सहकारी संस्थाको संस्थागत क्षमता, वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा सहयोग गर्नु,

### ३.६.५ रणनीति

१. सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण गर्दै सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न अन्तर-सरकार साझेदारी र सहकार्यलाई सुदृढ गर्ने ।
२. भू-उपयोग नीतिको कार्यान्वयन गरी भूमिको वर्गिकरण गर्ने ।
३. सहकारीहरूलाई सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न सहजीकरण गर्ने ।
४. सञ्चालनमा रहेका सहकारी संस्थाको क्षमता विकास, संस्थागत सुदृढीकरण र दक्षता अभिवृद्धि गर्ने ।

५. सहकारीहरूको पुँजी र लगानी व्यावसायिक कृषि, पर्यटन र उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने ।

६. बैंक तथा वित्तीय संस्थामा नगरवासीको सहज पहुँच स्थापित गर्न वित्तीय साक्षरता विस्तार र औपचारिक कारोवारलाई प्रोत्साहन गर्ने ।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१६ मा प्रस्तुत गरिएको छ :

***तालिका ३.१६ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| भू उपयोगसम्बन्धी स्थानीय कानून | संख्या | ० | ० | ० | १ | १ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | ४६ | ४८ | ५० | ५४ | ६० |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ४० | ४२ | ५० | ६५ | ७० |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | ५० | ५० | ५५ | ६० | ७५ |

### ३.६.७ विषय उप-क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलबध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३.१७ मा प्रस्तुत गरिएको छ :

***तालिका ३.१७ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १२१५० | ९१५० | ३००० | ० | ८३५० | ३८०० | ० | ० |
| २०८०/८१ | १५०७० | १२४९८ | २५७२ | ० | १४०७० | ५०० | ५०० | ० |
| २०८१/८२ | १५३२७ | १२७११ | २६१६ | ० | २८२७ | १२००० | ५०० | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण तालिका ३.१८ मा प्रस्तुत गरिएको छ :

***तालिका ३.१८ : भूमि व्यवस्था, सहकारी र वित्तीय व्यवस्था उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भूमि व्यवस्था कार्यक्रम | अव्यवस्थित बसोबासी तथा भूअतिक्रमणको समस्या समाधान गर्नु । | सालबसाली | २३१०० | भू-उपयोगसँग सम्बन्धी समस्या समाधान भएको हुनेछ । |
| २ | सहकारी तथा वित्तीय सेवा प्रवर्द्धन कार्यक्रम | वित्तीय सेवामा सबै नगरवासीको सहज पहुँच स्थापित गर्नु । | सालबसाली | १९४४७ | वित्तीय सेवामा पहँच भएको जनसंख्या ७० प्रतिशत भएको हुनेछ । |

### ३.७.९ जोखिम तथा अनुमान

भू उपयोग नीतिको कार्यान्वयन भएको हुनेछ । सहकारी तथा वित्तीय क्षेत्रको विकासमा सरकारी तथा निजी क्षेत्रबाट पहल र लगानी विस्तार भएको हुनेछ । आर्थिक तथा राजनीतिक स्थितिमा स्थिरता, कोभिड १९ लगायत अन्य महामारीको नियन्त्रण र आर्थिक गतिविधि विस्तार भइ जानेछन् । उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

यस नगरपालिकामा कुल ५८,७२६ जनसंख्याको ७३.६४ प्रतिशत श्रमका दृष्टिले सक्रिय जनसंख्या रहेको छ । जसमध्ये श्रमशक्ति (१८ देखि ५९ वर्ष उमेर समूह)को जनसंख्या करिब ६५ प्रतिशत रहेको छ । पर्यटकीय नगरीको पहिचान बोकेको यस नगरपालिका क्षेत्रभित्र पर्यटन, उद्योग, निर्माण क्षेत्र, व्यापार व्यवसाय, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि र कृषि क्षेत्रमा रोजगारीका अवसरहरू रहेका छन् । करिब १२,९६३ घरधुरी रहेको यस नगरपालिकाभित्रका १,३३२ घरधुरीले वैदेशिक रोजगारी, १,६३८ घरधुरीले व्यापार व्यवसाय, ६३४ घरधुरीले सरकारी रोजगारी, ५३७ घरधुरी निजी क्षेत्रको रोजगारीले र ३६० घरधुरीले अन्य रोजगारीलाई प्रमुख रोजगारीको माध्यमका रुपमा अवलम्बन गरेको देखिन्छ । त्यसैगरी कृषि तथा पशुपालनमा संलग्न घरधुरी संख्या १०,८९० र दैनिक मजदुरी गर्ने घरधुरी संख्या २,२५० रहेको छ ।

### ३.७.२ समस्या तथा चनौति

युवा तथा दक्ष जनशक्ति पलायन यस क्षेत्रको प्रमुख समस्या हो । रोजगारीका न्यून अवसर र नयाँ रोजगारीका क्षेत्र पहिचानमा कमी रहेको छ । सीप तथा क्षमता विकासका अवसरमा कमी रहेको छ । रोजगारी सिर्जनाका सबालमा अन्तर-सरकार सहकार्य र संयोजनको कमी रहेको छ भने एकीकृत राष्ट्रिय नीतिको समेत अभाव रहेको छ । लक्षित कार्यक्रमहरूको उपलब्धी हासिल गर्नमा विपद् र राजनीतिक आर्थिक अस्थिरताका कारण चुनौतिपूर्ण रहेको छ । उत्पादनमूलक रोजगारीको सिर्जना, बेरोजगारको सूचना संकलन र व्यवस्थापनमा कठिनाइ रहेको छ । नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरूमा कमी रहेको छ ।

### ३.७.३ सोच

" गरिबी न्यूनीकरण र जीवनस्तरमा सुधार : उत्पादनशील रोजगारी समृद्धिको आधार"

### ३.७.४ उद्देश्य

१. आन्तरिक रोजगारीका अवसरमा वृद्धि र बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूतिमार्फत रोजगारीको हकको कार्यान्वयन गर्नु,
२. व्यावसायिक सीपयुक्त जनशक्ति तयार गरी उद्यमशीलता अभिवृद्धि र स्वरोजगार प्रवर्द्धन गर्नु,
३. दिगो, समावेशी, मर्यादित एवं व्यवस्थित श्रम बजारको सुनिश्चितता गर्नु ।

### ३.७.५ रणनीति

१. श्रम बजारलाई दिगो, समावेशी र मर्यादित बनाउँदै युवा जनशक्तिलाई बजार मागअनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास (बुस्टर) कार्यक्रममार्फत् स्थानीय श्रमबजारमा सहभागी हुने अनुकूल वातावरण निर्माण गर्ने ।
२. संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक, पेशा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गरी श्रम बजारलाई व्यवस्थित गर्ने ।

३. सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू, सहकारी तथा निजी क्षेत्रहरू बीच समन्वय, संयोजन र सञ्चारलाई प्रभाबकारी बनाउँदै रोजगारी सिर्जनाको एकीकृत प्रयास गर्ने ।
४. कार्य क्षेत्रमा आधारित तालिम, रोजगार सूचनाको प्रवाह तथा परामर्श र वित्तीय सहयोगमार्फत रोजगारीका अवसरहरूको सिर्जना गर्ने ।
५. काम गर्ने उमेरका स्थानीय युवाहरूलाइ स्वरोजगार बन्न एवं श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने ।
६. रोजगार सेवा केन्द्र तथा रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रभाबकारी सञ्चालन गर्ने ।
७. संघ र प्रदेश सरकारको सहकार्यमा श्रमबजारको विस्तृत अध्ययन गरी बजारलाई तथ्यमा आधारित बनाइने

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१९ मा प्रस्तुत गरिएकोछ :

***तालिका ३.१९. : श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| बेरोजगारी | प्रतिशत | ७ | ६ | ५ | ४.५ | ४ |
| दर्ता भएका कुल बेरोजगार व्यक्ति | संख्या | १५८२ | ४०८ | ११०० | ९०० | ८०० |
| न्यूनतम रोजगारी प्राप्त गरेका सूचीकृत बेरोजगार व्यक्ति | संख्या | ४११ | ११० | १५० | २०० | ३५० |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | १८ | १३ | १६ | १८ | २० |
| कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन | संख्या | २८७८३ | १०२८० | १५००० | २०००० | ३५००० |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.२० मा प्रस्तुत गरिएको छ :

***तालिका ३.२०. : श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १२१८० | ११८८० | ३०० | ० | १४०० | १०७८० | ० | ० |
| २०८०/८१ | ११०२० | ४४३७ | ६५८३ | ० | १६३६ | ९३८४ | ० | ० |
| २०८१/८२ | ११२१८ | ४५२२ | ६६९६ | ० | ५०९७ | ६१२१ | ० | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका नं. ३.२१ मा प्रस्तुत गरिएको छ :

**तालिका ३.२१ : श्रम तथा रोजगारी उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क.सं. | कार्यक्रम तथा आयोजना/उप-क्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु । | सालवसाली | २४७८९ | न्युन आय भएका वार्षिक २५० जना विपन्न बेरोजगार व्यक्तिले न्यूनतम रोजगार प्राप्त गरेका हुनेछन् । |
| २ | सुरक्षित आप्रावसान कार्यक्रम | सुरक्षित आप्रावसानसम्बन्धी सूचना, जानकारी प्रदान गर्नु तथा सहयोग र समन्वय गर्नु । | सालवसाली | ६९२७ | वार्षिक ६००० जनाले सुरक्षित आप्रावसनसम्बन्धी जानकारी, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श र सहायता प्राप्त गरेका हुनेछन् । |
| ३ | स्वरोजगार प्रवर्द्धन कार्यक्रम | स्थानीय स्रोत साधनमा आधारित उद्योग व्यवसायसँग सम्बन्धित रोजगारी वृद्धि गर्नु । | सालबसाली | २२०२ | वार्षिक २०० जना स्वरोजगार भएका हुनेछन् । |

### ३.७.९ जोखिम तथा अनुमान

रोजगारी सिर्जनामा अन्तर-सरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ । रोजगारीसम्बन्धी व्यावहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । रोजगारीका नविनतम क्षेत्रको पहिचान गरी सीप विकास तथा क्षमता विकासका प्रयाप्त अवसर उपलब्ध भएका हुनेछन् । आर्थिक तथा राजनीतिक क्षेत्रमा स्थिरता र रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएका अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहन सक्छ ।

## ३.८ गरिबी निवारण

### ३.७.१ पृष्ठभूमि

नेपालमा गरिबी न्यूनीकरणका लागि योजनाबद्ध रूपमा कार्य शुरुवात भएको लगभग ६ दशक भएको छ। राणा शासनको अवसानपछि नै यस्ता प्रयास भएका छन्। शुरुवातका दिनमा कृषि उत्पादनमा वृद्धि र पुर्वाधारको निर्माणबाट नै गरिबी निवारण हुन्छ भन्ने सोचाइ अनुरूप नै योजनाहरू बनाइएका थिए। तर हालका दिनमा गरिबी निवारणका लागि प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग पुर्याउने कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । वर्तमानमा ५० भन्दा बढी गरिब लक्षित कार्यक्रम सञ्चालन भइरहेका छन् । सूर्योदय नगरपालिकामा गरिबसँग विश्वेश्र्वर कार्यक्रम सञ्चालनमा रहेको छ भने अन्य क्षेत्रको लगानीको प्रमुख उद्देश्यमध्ये गरिबी निवारण एक हो । हाल यस क्षेत्रको गरिबी ११.७ प्रतिशत रहेको छ ।

### ३.७.२ समस्या तथा चनौति

गरिबी निवारणलाई तीन वटै तहको सरकारले मुख्य लक्ष्यका रूपमा लिइ कार्य गरेता पनि गरिबीको दुष्चक्र तोडने दिशामा आशातित सफलता हासिल हुन सकेको छैन् । क्षमता विकास भन्दा वितरणमूखी कार्यक्रम, वास्तविक गरिब पहिचानमा कमी, गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमबीच समन्वयको कमी यस क्षेत्रका प्रमुख समस्याहरू हुन । अज्ञानता, कुसंस्कार, सीप तथा दक्षतामा कमी र न्यून आय आर्जनका अवसरहरूले गरिबी निवारणका प्रयासहरू प्रभाबकारी हुन सकिरहेका छैनन् । गैर आर्थिक क्रियाकलापमा श्रमशक्तिको उपयोग र न्यून आय आर्जनका कारण गरिबी निवारण कठिन बनेको छ । आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रूपमा देखा परेको आर्थिक गतिबिधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र संकुचित

भएको छ । स्थानीय अर्थतन्त्रको प्रमुख संवाहक कृषि, पशुपालन, उद्योग तथा पर्यटन क्षेत्रबाट अति विपन्न वर्गको आयआर्जनलाई तुलनात्मक फाइदा पुर्याउन सकेको छैन । लक्ष्य अनुरूप गरिबी घटाउनु, असमानता बढनु र दिगो रोजगारीका अवसर सिर्जना गर्नु प्रमुख चुनौतिका रूपमा रहेका छन् ।

### ३.७.३ सोच

" आयस्तरमा दिगो वृद्धिः गरिबी निवारण र समृद्धि"

### ३.७.४ उद्देश्य

१. गरिब पहिचान गर्नु एवम् गरिब लक्षित कार्यक्रम सञ्चालन गर्नु,

२. गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्नु,

३. स्रोत तथा साधनमा गरिबको सहज पहुँच स्थापित गर्नु ।

### ३.७.५ रणनीति

१. गरिब घरपरिवार पहिचान गरी सोसम्बन्धी विवरण अद्यावधिक गर्ने ।

२. गरिबलाई लक्षित गरी रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने ।

३. उत्पादनमूलक रोजगारीका अवसरको अभिवृद्धि गरी गरिबको पहुँच सुनिश्चित गर्ने ।

४. आधारभूत आवश्यकताबाट बञ्चित गरिब घरपरिवारलाई तत्कालिन तथा दीर्घकालीन रूपमा आवश्यकताको सम्बोधन गर्ने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.२२ मा प्रस्तुत गरिएकोछ :

*तालिका ३.२२ : गरिबी निवारण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| निरपेक्ष गरिबीका रेखामुनी रहेको जनसंख्या | प्रतिशत | १२ | ११.७ | ११.५ | ११.२ | ११ |
| हरेक वर्ष गरिब लक्षित कार्यक्रमबाट लाभान्वित जनसंख्या | जना | ५०० | ५०० | ६०० | ७०० | ८०० |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा गरिबी निवारण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.२३ मा प्रस्तुत गरिएको छ :

*तालिका ३.२३ : गरिबी निवारण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५०० | ५०० | ० | ० | ५०० | ० | ० | ० |
| २०८०/८१ | ५०० | ५०० | ० | ० | ५०० | ० | ० | ० |

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ५०० | ५०० | ० | ० | ५०० | ० | ० | ० |

## ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका नं. ३.२४ मा प्रस्तुत गरिएको छ :

***तालिका ३.२४ : गरिबी निवारण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क.सं. | कार्यक्रम तथा आयोजना/उप-क्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरिबी निवारण कार्यक्रम | गरिबीको रेखामुनी रहेको जनसंख्यालाई सीप विकास र आय आर्जनका अवसर उपलब्ध गराउनु । | सालवसाली | १५०० | निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या ०.७% ले कमी भएको हुनेछ । |

## ३.७.९ जोखिम तथा अनुमान

निरपेक्ष गरिबी घटाउने राष्ट्रिय लक्ष्य बमोजिमको लगानी र अग्रसरता सबै तहको सरकारबाट भएको हुनेछ । गरिब घरपरिवारको यथार्थ तथा अद्यावधिक विवरणका आधारमा कार्यक्रम सञ्चालन भएका हुनेछन् । गरिबी निवारणलाई सबै कार्यक्रम तथा आयोजनाको अन्तरसम्बन्धित क्षेत्रका रूपमा लिइ लक्ष्य तय भएको हुनेछ । उपरोक्त परिवेश कायम हुन नसके अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद ४ : सामाजिक क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ। शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चितताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रमुख जिम्मेबारी स्थानीय सरकारमा रहेको छ। शिक्षाले रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृतिक विकासमार्फत् सभ्य समाजको निर्माण गर्दछ। शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पर्ने हुँदा लगानी वृद्धि तर्फ राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा जोडदार आवाज उठ्दै आएको छ। युनस्कोद्वारा प्रकाशित EFA Global Monitoring Report ले शिक्षाको लक्ष्य हासिल गर्न सबै राष्ट्रलाई कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्न सुझाव दिएको छ। सोही प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत बराबरको लगानी सीकाई सुधारमा लगाउने हो भने प्रतिव्यक्ति आयमा १ प्रतिशतले वृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ। यसैगरी दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ४ मा "समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरू प्रदान गर्ने," भनी लक्ष्य प्राप्तिका लागि मार्गदर्शकको रूपमा अगाडि सारिएको छ।

प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षामा पहुँच पुर्‍याई गुणस्तरीय सिकाइ उपलब्धि गराउन नगरपालिका क्रियाशिल रहेको छ। जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यावसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा प्रदान गर्नु, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरूलाई जीवन पर्यन्त सिक्ने वातावरण सृजना गरी शिक्षाको अवसर प्रदान गर्ने जिम्मेबारी पुरा गर्न अग्रसर छ। विद्यालय शिक्षालाई गुणस्तरीय बनाई सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण बढाउनुका साथै शिक्षामा लगानी गर्ने वातावरण सृजना गर्नुपर्ने अवस्था आएको छ। नविनतम प्रविधिको उपयोग र विस्तारले तिब्रता लिएको छ।

### ४.१.२ समस्या तथा चूनौति

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, लक्षित समूहका बालबालिकाको सहभागिता न्यून हुनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु मुख्य समस्याका रुपमा रहेको छ। यसैगरी तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, प्राविधिक शिक्षालाई विद्यालय शिक्षाको मूलधारको रूपमा विकास गर्न नसक्नु, शिक्षासम्बन्धी अधिकार कार्यान्वयनको लागि पर्याप्त स्रोतको व्यवस्था हुन नसक्नु पनि समस्याका रुपमा रहेका छन्। तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको संङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवन पर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु र शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नुले शिक्षाको गुणस्तरमा नकारात्मक असर गरेको छ। निजी लगानीका शैक्षिक संस्थाहरूको उचित व्यवस्थापन, कक्षाकोठामा शिक्षकको पढाउने भूमिकालाई सिकाउने भूमिकामा रूपान्तरण गर्न नसक्नु जस्ता विषयहरू विद्यायय शिक्षालाई असर गरिरहेका छन्।

नेपालको संविधानले स्थानीय तहको अधिकारक्षेत्रभित्र माध्यामिक तह सम्मको शिक्षा रहने व्यवस्था गरेबमोजिम नगरपालिकाले शिक्षा क्षेत्रको जिम्मेवारी निर्वाह गर्नु आफैंमा चुनौतिपूर्ण रहेको छ। विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समतामूलक पहुँच, गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण बढाउनु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु र सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाई

वातावरण विकास गर्नु प्रमुख चुनौतिका रुपमा रहेका छन् । शिक्षण सिकाई पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शुन्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सकिएको छैन । प्राविधिक तथा व्यावसायिक शिक्षा विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्नु र विद्यालय कर्मचारीका लागि आवश्यक पर्ने थप स्रोत साधनको व्यवस्थापनका क्षेत्रमा उचित ध्यान पुग्न सकेको छैन । शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान युवालाई नगरभित्रै रही नगर विकासका कृयाकलापमा संलग्न रहने अवसरको सिर्जना गर्नु, जनसाङ्खिक बनोट एवं बाह्य वसाई सराईको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्नु नगरपालिकाको लागि चुनौतिपूर्ण कार्य हुन् । प्रविधिको विस्तारसँगै विकृति तथा जोखिममा पनि उच्च वृद्धि हुँदै गएको छ ।

### ४.१.३ सोच

"गुणस्तरीय प्राविधिक र व्यावहारिक शिक्षाः नैतिकवान र सक्षम जनशक्ति उत्पादन हाम्रो आकांक्षा"

### ४.१.४ उद्देश्य

१. शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नु,

२. सिकाइमैत्री वातावरण निर्माण गरी व्यावसायिक, सीपमूलक र प्रविधिमूलक शिक्षामा जोड दिनु,

३. शैक्षिक सुशासन प्रवर्द्धन गर्नु,

४. विज्ञान तथा प्रविधि क्षेत्रको संरक्षण, सम्वर्धन र विकासमा जोड दिनु ।

### ४.१.५ रणनीति

१. सबै क्षेत्र, वर्ग, समुदाय र उमेर समूहका बालबालिकाको औपचारिक शिक्षामा प्रोत्साहन, अवसर र उत्प्रेरणामार्फत पहुँच वृद्धि गर्ने ।

२. सिकाइमैत्री र भय तथा हिंसा रहित वातावरण तयार गरी सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

३. गुणस्तरीय सीपमूलक र रोजगारीमूलक शिक्षामा जोड दिने ।

४. नविनतम प्रविधिको उपयोगलाई विस्तार गर्ने ।

५. श्रम बजारको मागअनुसारका प्राविधिक धार थप गर्दै लैजाने ।

६. सीमान्तकृत वर्गका बालबालिकाका लागि विशेष छात्रवृत्तिको व्यवस्था गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.१ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.१ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रारम्भिक वाल विकास केन्द्र/पूर्व प्रा वि भर्ना दर | प्रतिशत | ९७ | ९७.१ | ९७.५ | ९७.८ | ९८.५ |
| कक्षा १ को नव प्रवेशी मध्ये पूर्व प्राथमिक शिक्षा अनुभव प्रतिशत | प्रतिशत | ९८ | ९८.२ | ९८.६ | ९८.८ | ९९ |
| खुद भर्ना दर आधारभूत तह | प्रतिशत | ९१ | ९२ | ९३ | ९५ | ९७ |

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| खुद भर्ना दर माध्यमिक तह | प्रतिशत | ७३ | ७५ | ७७ | ७९ | ८२ |
| विद्युत पहुँच भएका विद्यालयहरू प्रतिशत | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| इन्टरनेटक पहुँच भएका विद्यालयहरू प्रतिशत | प्रतिशत | ४४ | १०० | १०० | १०० | १०० |
| टिकाउ दर - आधारभूत तह | प्रतिशत | ९२ | ९२ | ९३.२ | ९३.७ | ९४ |
| टिकाउ दर - माध्यमिक तह | प्रतिशत | ७८ | ७९ | ८०.२ | ८१ | ८३ |
| विद्यालय छाड्ने दर - आधारभूत तह | प्रतिशत | ८ | ७ | ५ | ३ | ० |
| विद्यालय छाड्ने दर - माध्यमिक तह | प्रतिशत | २२ | २० | १५ | १० | ८ |
| वाल कक्षा सञ्चालन गर्ने विद्यालय संस्थागत | संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| वाल कक्षा सञ्चालन गर्ने विद्यालय सामुदायिक | संख्या | ६५ | ६५ | ६५ | ६५ | ६५ |
| समुदायमा आधारित वाल विकास केन्द्र | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| विद्यालयमा आधारित वाल विकास केन्द्र सामुदायिक | संख्या | ६५ | ६५ | ६५ | ६५ | ६५ |
| विद्यालयमा आधारित वाल विकास केन्द्र संस्थागत | संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक-आधारभूत तह | प्रतिशत | ९८ | ९८.१ | ९८.३ | ९८.५ | ९८.९ |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक-आधारभूत तह | प्रतिशत | ९७ | ९७.३ | ९७.७ | ९८ | ९९ |
| कक्षा ८ को सिकाई उपलव्धी - समग्र | औषत | ५१.२ | ५३ | ५३.२ | ५३.६ | ५५ |
| कक्षा ८ को सिकाई उपलव्धी - अंग्रेजी | औषत | ५५ | ५७ | ५७.८ | ५८.५ | ५९ |
| कक्षा ८ को सिकाई उपलव्धी - गणित | औषत | ३५ | ३८ | ४० | ४२ | ४५ |
| कक्षा ८ को सिकाई उपलव्धी - विज्ञान | औषत | ६२ | ६३ | ६३.३ | ६३.८ | ६४.५ |
| कक्षा ८ को सिकाई उपलव्धी - नेपाली | औषत | ५२ | ५४ | ५५ | ५६ | ५७ |
| माध्यमिक तहमा कक्षा ९-१२ मा औषत | जि. पि .ए . | २ | २.४ | २.४ | २.८ | २.८ |
| खानेपानी सरसफाई र स्वच्छता सुबिधा उपलब्ध भएको विद्यालय | प्रतिशत | ४० | ४५ | ५० | ५२ | ५५ |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | २५ | ३० | ३२ | ३५ | ४० |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.२ मा प्रस्तुत गरिएको छ :

*तालिका ४.२ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३३१७७० | ३०७१६८ | २४६०३ | ० | ४१२५५ | २९०५१५ | ० | ० |
| २०८०/८१ | ३६३१८४ | ३०१४६७ | ६१७१७ | ० | २१८४ | ३२१००० | ४०००० | ० |
| २०८१/८२ | ३६९३९३ | ३०६६२१ | ६२७७२ | ० | १३१६८ | ३४५००० | ११२२५ | ० |

## ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.३ मा प्रस्तुत गरिएको छ :

*तालिका ४.३ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास कार्यक्रम | सबै बालबालिकालाई प्रारम्भिक बाल विकास अनुभव सहित विद्यालय शिक्षामा प्रवेश गराउनु । | सालबसाली | १५४९८१ | प्रारम्भिक बाल विकास अनुभव सहित कक्षा १ मा भर्नादर ९९ प्रतिशत हुने छ । |
| २ | आधारभूत शिक्षा कार्यक्रम | सबै बालबालिकालाई आधारभूत तहको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु । | सालबसाली | ६४७०४३ | आधारभूत तहको खुद भर्नादर ९७ प्रतिशत र टिकाउ दर ९४ प्रतिशत पुगेको हुनेछ । |
| ३ | माध्यमिक शिक्षा कार्यक्रम | गुणस्तरीय माध्यमिक शिक्षा उत्तीर्ण जनशक्ति उत्पादन गरी उच्च शिक्षाका लागि पहुँच वृद्धि गर्नु । | सालबसाली | १९२१७६ | माध्यमिक तहको औषत जि पि ए २.८ र टिकाउ दर ८३ प्रतिशत पुगेको हुनेछ । |
| ४ | विद्यालय भवन निर्माण कार्यक्रम | सुबिधायुक्त कक्षाकोठा निर्माण गर्नु । | २०७९/८० | ६८५३३ | चार कोठे भवन ४ वटा र २ कोठे भवन ४ निर्माण भएको हुने छ । |
| ५ | शैक्षिक क्षेत्र विकास कार्यक्रम | शैक्षिक विकासका लागि गतिविधि सञ्चालन गर्नु । | सालबसाली | १०१२१ | अङ्ग्रेजी गणित तथा विज्ञान विषय र बाल कक्षाका २०० जना शिक्षकका लागि तालिम सञ्चालन भएको हुनेछ । |
| ६ | विज्ञान तथा प्रविधि प्रवर्द्धन कार्यक्रम | नव प्रवर्द्धन र नविनतम प्रविधिको विकास तथा विस्तार गर्नु । | सालबसाली | १२०९३ | नव प्रवर्द्धन र नविनतम प्रविधिको विकास तथा विस्तार भएको हुने छ । |

## ४.१.९ जोखिम तथा अनुमान

सङ्घीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर उपलब्ध भएको हुनेछ । नवीनतम प्रविधिको उपयोग, अन्तर-सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचमा समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ । उपरोक्त परिस्थिति निर्माण हुन नसकेका अपेक्षित उपलब्धि हासिल हुन कठिन हुनेछ ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

स्वास्थ्य तथा पोषणको क्षेत्रमा पछिल्लो दशकमा सकारात्मक उपलब्धि हासिल भएका छन् । तीन वटै तहको सरकारबाट स्वास्थ्य क्षेत्रको प्रवर्द्धनमा पहल तथा अग्रसरता रहेको छ। स्थानीय स्तरमा स्वास्थ्य तथा पोषणको क्षेत्रमा कार्य गर्ने स्वास्थ्य संरचनाका रूपमा स्वास्थ्य शाखा, प्राथमिक स्वास्थ्य केन्द्रहरू २ वटा (प्राथमिक स्वास्थ्य केन्द्र फिक्कल र प्राथमिक स्वास्थ्य केन्द्र पशुपतिनगर), ६ वटा स्वास्थ्य चौकीहरू (स्वास्थ्य चौकी गोर्खे, स्वास्थ्य चौकी श्रीअन्तु, स्वास्थ्य चौकी समाल्बुङ, स्वास्थ्य चौकी कन्याम, स्वास्थ्य चौकी पञ्चकन्या, स्वास्थ्य चौकी लक्ष्मीपुर), १ वटा शहरी स्वास्थ्य केन्द्र (शहरी स्वास्थ्य केन्द्र मलिम), ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र (आधारभूत स्वास्थ्य सेवा केन्द्र तारागाउँ, तिनखुट्टे , सिद्धिगाउँ र रम्फोक) र १ वटा हेल्थ डेस्क ( पशुपतिनगर हेल्थ डेस्क) रहेको छ। निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाबाट समेत स्वास्थ्य सेवा उपलब्ध भइ रहेको छ। समग्रमा हेर्दा यस क्षेत्रमा स्वास्थ्य तथा पोषणको क्षेत्रमा गुणात्मक सुधार हुँदै गएको छ।

### ४.२.२ समस्या तथा चूनौति

नसर्ने रोग तथा अस्वस्थकर जीवनशैलीमा विस्तार र गुणस्तरीय स्वास्थ्य सेवाको कमी स्वास्थ्य तथा पोषणको क्षेत्रका मुख्य समस्याहरू हुन् । नेपाल सरकारको आधारभूत स्वास्थ्य सेवासम्बन्धी व्यवस्था २०७५ अनुसार सेवा प्रबाहको सुनिश्चितता गर्ने कार्य चुनौतिपूर्ण रहेको छ । स्वास्थ्य सेवा प्रवाह गर्ने क्षमता, उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण र प्राविधिक सामग्रीको व्यवस्थापनमा कमी रहेको छ । स्वास्थ्य संस्थाबाट प्रवाह हुने नियमित सेवाको गुणस्तर र प्रभाबकारितामा पनि क्षयीकरण भएको छ । स्वास्थ्य बिमामा सबै नगरबासीको पहुँचको कमी, स्वास्थ्यसम्बन्धी जनचेतनाको कमी र विशिष्टिकृत स्वास्थ्य सेवाको कमी यस क्षेत्रका समस्याहरू हुन् । स्थानीय स्तरमा सञ्चालित स्वास्थ्य संस्थामा श्रोत, साधन तथा क्षमताको कमी रहेको छ।

### ४.२.३ सोच

" स्वास्थ्य बीमा र निशुल्क उपचारः आधारभूत स्वास्थ्य जनताको अधिकार"

### ४.२.४ उद्देश्य

१. सर्वसुलभ, गुणस्तरीय तथा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवाको सन्तुलित विकास तथा विस्तार गर्नु,
२. सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभुत स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्नु,
३. पोषण तथा जनस्वास्थ्यका लागि नगरवासीको जीवनशैली सुधार गर्नु,

### ४.२.५ रणनीति

१. अन्तर-सरकारी, निजी, सामुदायिक र गैर सरकारी क्षेत्रको सहयोग तथा सहकार्यमा नगरवासीलाई गुणस्तरीय आधारभुत स्वास्थ्य तथा पोषण सेवा उपलब्ध गराउने,
२. आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय तुल्याइ आम नगरवासीको पहुँच सुनिश्चित गर्ने,
३. स्वास्थ्य संस्थाहरूमा मापदण्डअनुसारका भौतिक पूर्वाधार तथा औजार उपकरणहरूको व्यवस्थापन तथा सुदृढीकरण गर्ने ।
४. विद्यालय तथा समुदायस्तरबाट पोषण तथा जनस्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार स्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.४ मा प्रस्तुत गरिएको छ :

**तालिका ४.४ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| नियमित तौल अनुगमन गर्ने २ वर्ष मुनिका बालबालिकाहरूको औषत तौल अनुगमन | पटक | ४ | ५ | ८ | १० | १५ |
| दुई वर्ष मुनिका कम तौल हुने बालबालिका संख्या | प्रतिशत | ०.३ | ०.३ | ०.२ | ०.१ | ०.१ |
| पाँच वर्ष मुनिका बालबालिकामा स्वासप्रस्वास संक्रमण दर | प्रति हजार | ७५० | ६७५ | ६५० | ६२५ | ६०० |
| पाँच वर्ष मुनिका बालबालिकामा न्युमोनिया संक्रमण दर | प्रति हजार | १२८ | १०० | ९० | ७० | ५० |
| पाँच वर्ष मुनिका बालबालिकामा झाडापखला संक्रमण दर | प्रति हजार | २६३ | २०० | १८० | १७० | १५० |
| परिवार नियोजन आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | ५० | ५२ | ५८ | ६० | ६२ |
| प्रोटोकलअनुसार चार पटक पुर्वप्रसूती सेवा प्राप्त गर्ने महिलाहरूको संख्या | प्रतिशत | ३० | ४० | ५० | ६० | ८० |
| गर्भवती अवस्थामा १८० चक्की आईरन खाने महिलाहरूको | प्रतिशत | २७.५ | ४० | ५० | ६० | ८० |
| सुत्केरी पछिको ४५ दिनसम्म आईरन चक्की खाने महिला संख्या | प्रतिशत | १३ | ४० | ५० | ६० | ८० |
| प्रोटोकलअनुसार तीन पटकको गर्भ जाँच गर्ने महिलाहरूको संख्या | प्रतिशत | ३ | १० | ७० | ८० | ९० |
| घरमै सुत्केरी हुने महिला संख्या | प्रतिशत | ३.२९ | ४ | ३.५ | ३ | २ |
| Penta भ्याक्सिनको तीन मात्रा लगाउने बच्चाहरूको संख्या | प्रतिशत | ५६.४ | ८८ | ८८ | ८८ | ८८ |
| राष्ट्रिय खोप कार्यक्रममा समावेश गरिएका सबै खोपहरूद्वारा समेटिएका वालावालिका संख्या | प्रतिशत | ७१.१ | ९० | ९५ | ९५ | ९८ |
| गर्भवती महिलाहरूले TD2nd र TD2+ खोप लगाउनेको संख्या | प्रतिशत | ३२.२ | ७० | ८० | ९० | ९० |
| स्वास्थ्य क्षेत्रको कुल खर्च | प्रतिशत | ८०.२२ | ९० | ९५ | ९५ | १३५१ |
| क्षयरोग संक्रमण दर | प्रति लाखमा | १५१ | १४५ | १४० | १३० | १२५ |
| स्वास्थ्य विमामा सहभागी नागरिकहरूको संख्या | जना | २८९६७ | ३०००० | ३५००० | ४०००० | ४५००० |

## ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.५ मा प्रस्तुत गरिएको छ :

**तालिका ४.५ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ८५०३५ | ७४९६० | १००७५ | ० | ११५७५ | ७०७६० | २७०० | ० |
| २०८०/८१ | ११०६२७ | ८६१७८ | २४४४९ | ० | ३०६२७ | ८०००० | ० | ० |
| २०८१/८२ | ११२५१९ | ८७६५२ | २४८६७ | ० | ५५१९ | ९९००० | ८००० | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.६ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.६ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | उप-क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | वडा नं १३ को आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गरी सञ्चालनमा ल्याउनु । | २०७९/८० देखि २०८०/८१ सम्म | ३००० | मापदण्डअनुसारको आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण सम्पन्न भई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध भएको हुनेछ । |
| २ | स्वास्थ्य तथा पोषण सेवा प्रवर्द्धन कार्यक्रम | स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु । | सालबसाली | २९९१८१ | १३ वटै स्वास्थ्य संस्थाहरूमार्फत नियमित रूपमा गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ । |

### ४.२.९ जोखिम तथा अनुमान

स्वास्थ्य तथा पोषण क्षेत्रको प्रवर्द्धनमा अन्तर-सरकार साझेदारी र सहकार्यमा विस्तार भएको हुनेछ। यस क्षेत्रमा पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन र सरोकारवालाबीच समन्वय प्रभावकारी भएको हुनेछ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधी र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा लक्ष्य हासिल गर्न कठिन हुन सक्नेछ ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाईको क्षेत्रमा गुणात्मक सुधार हुँदै गएको र यस नगरपालिका खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको छ । यस क्षेत्रमा सङ्घीय सरकारको सहयोगमा बृहत खानेपानी आयोजना कार्यान्वयनमा रहेको छ । नगरभित्र रहेको कुल घरधुरीको ९४ प्रतिशत घरधुरीले पाईप प्रणाली तथा धाराबाट खानेपानी सुबिधा उपभोग गर्ने गरेका छन् । यस क्षेत्रमा कुल ९ वटा सार्वजनिक शौचालयहरू रहेका छन् । तर वडाका सबै खानेपानी आयोजनाहरू व्यवस्थित नभएको कारण करिव ६० प्रतिशत घरधुरीले मात्र सहज रूपमा खानेपानी सुबिधा पाएका छन् । यस क्षेत्रका कुल ९९ प्रतिशत घरधुरीमा शौचालय रहेको छ जसमध्ये ९१ प्रतिशत घरधुरीमा सेफ्टिट्याङ्क सहितको शौचालय रहेको छ। औषतमा खानेपानी संकलनको लागि १५ मिनेटसम्म समय खर्चनु पर्ने देखिएको छ ।

### ४.३.२ समस्या तथा चूनौति

खानेपानीका श्रोतको अभाब, सरसफाईजन्य अभ्यासका कमी र स्वच्छ खानेपानीमा सबैको पहुँच कायम हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । सङ्घीय सरकारको सहयोगमा बृहत खानेपानी आयोजना कार्यान्वयनमा रहेको भएता पनि सबै नगरवासीको स्वच्छ खानेपानीमा पहुँच स्थापना हुन सकेको छैन । करिब १ प्रतिशत घरधुरीमा शौचालयको कमी रहेको छ भने ९ प्रतिशत घरधुरीमा सेफ्टिट्याङ्क सहितको शौचालयको कमी रहेको छ । सरसफाई र स्वच्छ खानेपानीको दिगो व्यवस्थापन यस क्षेत्रको मुख्य चुनौति हो । जनस्तरमा सरसफाईसम्बन्धी सचेतनाको कमीका कारण बजार तथा पर्यटकीय क्षेत्रको स्वच्छता कायम राख्न कठिन भएको छ । बजार तथा अधिक जमघट हुने क्षेत्रमा सरसफाई तथा सार्वजनिक शौचालयको कमी रहेको छ ।

### ४.३.३ सोच

"स्वच्छ खानेपानी र सरसफाईको अभियानः मानव जीवनको पहिचान"

### ४.३.४ उद्देश्य

१. सबै नगरवासीलाई खानेपानी तथा सरसफाई सुबिधा उपलब्ध गराउनु ।

२. स्वच्छ खानेपानी र सरसफाई कार्यलाई दिगो तथा व्यवस्थित गराउनु ।

### ४.३.५ रणनीति

१. स्वच्छ खानेपानी तथा आधारभुत सरसफाई सुबिधामा पहुँच विस्तार गर्ने ।
२. खानेपानीको स्रोत तथा मुलहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने ।
३. गरिबीको रेखामुनि रहेका व्यवस्थित शौचालय बिहिन घरधुरीका लागि पक्की शौचालय निर्माण गर्न सहयोग गर्ने ।
४. नागरिकको बढी जमघट हुने बजार तथा सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालयको प्रबन्ध गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.७ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.७ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आधारभूत खानेपानी सुबिधा उपलब्ध घरपरिवार | प्रतिशत | ९६ | ९६.५ | ९७ | ९८ | ९९ |
| शौचालय भएका परिपरिवार | प्रतिशत | ९९ | ९९ | १०० | १०० | १०० |
| व्यवस्थित शौचालय (वाटरशिल प्यान भएको) भएका घरपरिवार | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ | ९६ |
| सार्वजनिक शौचालय | संख्या | ९ | १० | ११ | १२ | १४ |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी तथा सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.८ मा रहेको छ :

***तालिका ४.८ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ११९०६ | ५० | ११०५६ | ० | ६५५६ | ४५५० | ० | ० |
| २०८०/८१ | १२३४३ | २०५७ | १०२८६ | ० | ७०४३ | ५३०० | ० | ० |
| २०८१/८२ | १२५५४ | २०९२ | १०४६२ | ० | ५५४ | १२००० | ० | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.९ मा प्रस्तुत गरिएको छ :

*तालिका ४.९ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई कार्यक्रम | खानेपानी तथा सरसफाई सुबिधामा गुणात्मक सुधार गर्नु । | सालबसाली | ३६००३ | कुल ९९ प्रतिशत घरपरिवारमा आधारभूत खानेपानी सुविधा उपलब्ध र १०० प्रतिशत घरपरिवारमा शौचालय निर्माण भएको हुनेछ । |

### ४.३.९ जोखिम तथा अनुमान

सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच स्वच्छ खानेपानी तथा सरसफाईको क्षेत्रमा सहकार्य र साझेदारी निरन्तर रहेको हुनेछ । जलवायु परिवर्तबाट खानेपानीको स्रोत पर्ने नकारात्मक प्रभाब, आयोजनाको ढिलो कार्यान्वयन, अन्तर-सरकार सहकार्यमा कमी र सरसफाईमा समुदायस्तरको जागरुकताको कमीले खानेपानी तथा ससरफाई क्षेत्रसँग सम्बन्धित उपलब्धि हासिल गर्न कठिनाइ हुन सक्नेछ ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमि

महिला, बालबालिका तथा लक्षित वर्गको हित प्रवर्द्धन तथा मुलप्रबाहीकरणको क्षेत्रमा तीन वटै तहको सरकारबाट अग्रसरता लिइएको छ । समाजमा विद्यमान बालविवाह, बहुविवाह, छुवाछुत जस्ता कुप्रथा र कुरितिको अन्त्य गर्दै बाल हिंसा, लैंङ्गिक हिंसामुक्त नगर निर्माणमा प्रयासहरू भइ रहेका छन् । लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएको छ । विपन्न एकल महिला, अपांगता भएका व्यक्ति तथा दलितका लागि निःशुल्क स्वास्थ्य बीमाको कार्यक्रम सञ्चालन गरिएको छ । यस नगरपालिकामा महिलाको पाठेघरको मुखको क्यासर स्किनिङलाई नियमित गरिएको छ । नगरपालिकाको वडा नं. ६, ७, ८, ९ र १० लाई बालमैत्री वडा घोषणा गरिसकिएको छ भने बालमैत्री नगर घोषणाका लागि अग्रसरता लिइएको छ । लक्षित वर्गलाई केन्द्रित गरी स्वावलम्बन समूह गठन र परिचालनका कार्यक्रम सञ्चालन गरिएको छ ।

### ४.४.२ समस्या तथा चूनौति

समाजमा विद्यमान कुप्रथा र कुरितिको अन्त्यका लागि प्रयासहरू भएता पनि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता र प्रभावशाली उपस्थितिको कमी रहेको छ । एकल महिला, अपांगता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझ पनि सकारात्मक बन्न सकिरहेको छैन । लक्षित वर्गसँग सम्बन्धित हिंसाजन्य व्यवहार कुनै न कुनै रूपमा कायमै रहेको छ । लक्षित वर्गमा अधिकार र कर्तव्यसम्बन्धी सचेतनामा कमी रहेको छ । महिलामा बहुकार्य बोझको अवस्था कायमै रहेको छ । लक्षित वर्ग सशक्तीकरण र क्षमता विकास कार्यक्रमको प्रभाबकारीतामा कमी रहेको छ । लक्षित वर्गको मुल प्रवाहीकरण र विभेदमुक्त समाजको निर्माण प्रमुख चुनौतिका रूपमा रहेका छन् ।

### ४.४.३ सोच

“समतामूलक समाजको आधारः लैङ्गीक समानता तथा समावेशी विकासको प्रयास”

### ४.४.४ उद्देश्य

१. लक्षित वर्ग तथा समुदायको लागि अधिकार सुनिश्चित र आत्मसम्मानका अवसर उपलब्ध गराउनु,
२. लक्षित वर्गले भोग्नु परेका विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्नु,
३. समावेशी नगरका निर्माणमा नीतिगत तथा व्यावहारिक प्रयत्न गर्नु ।

### ४.४.५ रणनीति

१. महिला लक्षित तथा सीमान्तकृत समुदायको क्षमता विकास गर्ने ।
२. स्थानीय सरकार सञ्चालनमा लैगिक उत्तरदायी शासन पद्धती अबलम्बन गर्ने ।

३. सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्धारा न्यायमा पहुँच अभिवृद्धि गर्ने ।
४. आर्थिक सामाजिक रूपमा पछाडि परेको वर्गलाई विशेष प्राथमिकता दिँदै सशक्तीकरण गर्ने ।
५. विद्यालय र समुदाय सहित सबै सरोकारवालाहरूको सहकार्यमा बालमैत्री नगर घोषणा गर्ने,

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.१० मा प्रस्तुत गरिएको छ :

***तालिका ४.१० : महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यावसायिक सीपमूलक तालिम लिने लक्षित वर्गको जनसंख्या | संख्या | १७४ | २४० | २६० | २८० | ३०० |
| निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा समेटिएको विपन्न लक्षित वर्गको घरपरिवार | संख्या | २४४ | ३३३ | ४०० | ४७० | ५४० |
| निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा समेटिएका अपांगता भएका व्यक्ति | प्रतिशत | ६१ | ६२ | ६७ | ८३ | १०० |
| संस्थागत क्षमता विकास तालिम हासिल गरेका महिला | संख्या | १०० | १२० | १४० | १६० | १८० |
| बालमैत्री घोषणा भएका वडा | प्रतिशत | १४ | ३५ | १०० | १०० | १०० |
| लक्षित वर्गका व्यक्ति उपर हुने हिंसाका घटना | संख्या | १६ | १७ | १३ | १० | ५ |
| महिला हिंसाका घटना | संख्या | - | १४ | १० | ८ | ३ |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.११ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.११ : महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २८६५१ | २८६५१ | ० | ० | १९१९९ | ८२२५ | १२२७ | ० |
| २०८०/८१ | २११६९ | २०२४३ | ९२६ | ० | ५६६९ | १५००० | ५०० | ० |
| २०८१/८२ | २१५३१ | २०५८९ | ९४२ | ० | ६०३१ | १५००० | ५०० | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.१२ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.१२ : महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका तथा | लक्षित वर्गको सशक्तीकरण तथा मूलप्रवाहीकरण गर्नु । | सालवसाली | ७१३५१ | स्थानीय संयन्त्रमा लक्षित वर्गका सहभागिता १५ प्रतिशतले वृद्धि हुने र |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | लक्षित वर्ग कार्यक्रम | | | | व्यावसायिक सीपमूलक तालिमबाट लाभान्वित संख्या ३०० भएको हुनेछ। |

### ४.४.९ जोखिम तथा अनुमान

लक्षित वर्गको कार्यक्रम कार्यान्वयनका लागि प्रयाप्त श्रोतको व्यवस्था भएको हुनेछ। अन्य तहको सरकार र सरोकारवाला निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता रहनेछ। उल्लेखित अवस्था कायम हुन नसकेमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

युवा शक्ति देश विकासको मेरुदण्ड हो। यस नगरपालिकाभित्र १६ देखि ४० वर्षसम्मका युवाहरूको परिचालन तथा उनीहरूको क्षमता विकास कार्यमा लगानी गर्नसके नगरपालिकाको आर्थिक समृद्धि तथा समयानुकूल जनशक्ति अभावको समस्या समाधान हुने देखिन्छ। यस नगरपालिका क्षेत्र भित्रका युवाहरूका लागि स्वरोजगार बन्ने, उद्यमी बन्ने तथा बजारको मागअनुसारको जनशक्तिमा रूपान्तरणका कार्यक्रमहरूको प्रभाबकारीता उच्च रहेको छ। नगरभित्र विभिन्न खेलमा रुचि भएका खेलाडीहरूको खेलको विकास गर्न तथा खेलाडीहरूलाई राष्ट्रिय अन्तराष्ट्रिय प्रतिष्पर्धामा भाग लिन सक्ने खेलाडीहरू रहेका छन्। गुणस्तरीय खेल मैदान, प्रशिक्षण, व्यायामशाला, कवर्डहल आदिको विकास गरी सूर्योदय नगरपालिकालाई खेलमैत्री पर्यटन क्षेत्रको विकास सम्भावना रहेको छ।

### ४.५.२ समस्या तथा चूनौति

रोजगारीका अवसरमा कमी, युवा दुर्व्यसनी, प्रतिभा पलायन र खेलको व्यावसायिकतामा कमी युवा तथा खेलकुद क्षेत्रका समस्या हुन्। युवाहरूको क्षमता अभिवृद्धि गर्न सबै क्षेत्रका युवाहरूको प्रतिनिधिमूलक ढङ्गले रोजगारीमा सामेल हुने अवस्था सिर्जना गर्ने चुनौति एकातर्फ रहेको छ भने वैदेशिक रोजगारबाट फर्किएका र यही न्यूनतम सीप हासिल गरेर काम गरिरहेका युवाहरूलाई व्यावसायमा सरिक गराउन सकिएको छैन। कृषिमा आधुनिकीकरण, नगदेबाली, पशुपालन तथा प्रविधिमा आधारित कार्यहरू अगाडि बढाउन युवामैत्री विविध कार्यक्रमहरूको खाँचो रहेको छ। रोजगारीका लागि देशका विभिन्न ठाउँमा तथा विदेशमा जाने व्यक्तिहरूको संख्या उल्लेख्य रहेको छ। सबै प्रकारका खेल प्रशिक्षण र खेल मैदानको स्तरोन्नती गर्ने तथा विद्यालयमा रहेका खेलाडीहरूको क्षमता अभिवृद्धिका गतिबिधिमा कमी रहेको छ।

### ४.५.३ सोच

"युवाको अग्रसरताः आत्मनिर्भरता र व्यावसायिकता"

### ४.५.४ उद्देश्य

१. युवा स्वरोजगारीको वातावरण सिर्जना गर्नु,

२. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक तयार गर्नु।

३. खेलकुदलाई स्वस्थ्य, अनुशासित र व्यावसायिक क्षेत्रका रूपमा विकास गर्नु।

### ४.५.५ रणनीति

१. युवा वर्गको क्षमता विकास गरी उनीहरूलाई सामाजिक, आर्थिक र खेलकुदका गतिविधिमा संलग्न गराउने,

२. युवाहरूमा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने ।

३. खेल पूर्वाधार, सामग्री तथा प्रशिक्षणको व्यवस्था गरी प्रतिस्पर्धी खेल क्षमताको विकास गर्ने,

४. विकास प्रक्रियामा युवाको समावेशीकरण र सहभागिता सुनिश्चित गर्ने ।

५. खेल गतिबिधिहरूको वार्षिक क्यालेन्डर बनाएर नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.१३ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.१३ : युवा तथा खेलकुद उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| स्काउट तालिममा सहभागी स्काउटको संख्या | संख्या | ३ | ३ | ४ | ५ | ५ |
| प्रदेश/राष्ट्रिय स्तरीय प्रशिक्षण प्राप्त खेलाडी संख्या | संख्या | ५० | ५० | ५२ | ५५ | ५७ |
| नगरमा आयोजना हुने खेल संख्या | संख्या | १० | १३ | १४ | १५ | १५ |
| खेल मैदान संख्या | संख्या | २१ | २१ | २२ | २४ | २५ |
| कभर्ड हल संख्या | संख्या | १ | १ | १ | १ | २ |
| व्यायामशाला संख्या | संख्या | ० | २ | २ | ३ | ३ |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.१४ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.१४ : युवा तथा खेलकुद उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ९९१० | ७४८५ | २४२५ | ० | ९०७५ | ८३५ | ० | ० |
| २०८०/८१ | १२५४९ | ७२०० | ५३४९ | ० | ७४४९ | ५१०० | ० | ० |
| २०८१/८२ | १२७६३ | ७३२३ | ५४४० | ० | ७६३ | ० | १२००० | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.१५ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.१५ : युवा तथा खेलकुद उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | युवा स्वरोजगार तथा आत्म निर्भरता कार्यक्रम | युवाहरूको क्षमता अभिवृद्धि, उद्यम विकास तथा रोजगारीका अवसर सिर्जना गर्नु । | सालबसाली | १३९८३ | युवा क्लब गठन, गठित युवा क्लबमार्फत रोजगार मूलक कार्यक्रम सञ्चालन भएको हुनेछ । १० महिने अवधिको तालिम विशेष कार्यक्रम १२० जना युवाहरूलाई प्रदान गरिएको हुनेछ । |

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २. | खेलकुद विकास कार्यक्रम | खेल क्षेत्रको विकास तथा प्रवर्द्धन गर्नु । | सालबसाली | २१२३९ | एक वडा एक खेल मैदान कार्यक्रमलाई प्राथमिकतामा राखिएको हुनेछ । व्यायामशाला, कवर्डहलको विकास समेत गरिएको हुनेछ । |

### ४.५.९ जोखिम तथा अनुमान

युवा तथा खेलकुदसम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था भएको हुनेछ । खेल विकासका लागि प्रशिक्षण, सामग्री र खेलाडीलाई प्रोत्साहन भएको हुनेछ । उपरोक्त परिवेश तयार हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

## ४.६ सामाजिक सुरक्षा र पञ्जीकरण

### ४.६.१ पृष्ठभूमि

नेपालको संविधानले सबै नागरिकको गुणस्तरीय जीवन सुनिश्चितताका लागि राज्यले सामाजिक सुरक्षा र संरक्षणको नीति अवलम्बन गर्नु पर्ने कुरालाई आत्मसात गरेको छ । आर्थिक सामाजिक रूपमा पछाडि परेको समुदायको जीवनयापनलाई सहज बनाउन र सबै नागरिकको जीवन सुरक्षित, संरक्षित र गुणस्तरीय बनाउन सामाजिक सुरक्षा उपलब्ध गराउनु सरकारको दायित्व हो । दिगो विकास लक्ष्य प्राप्तिका लागि नागरिकलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्नु आवश्यक छ । सूर्योदय नगरपालिकामा हाल ६४९४ जना सामाजिक सुरक्षाको कार्यक्रमबाट लाभान्वित भइ रहेका छन् । यस नगरपालिकामा सामाजिक सुरक्षा कार्यक्रमबाट ज्येष्ठ नागरिक, बिधवा, अपागंता भएका व्यक्ति, लोपोन्मुख जाति, र दलित बालबालिका प्रत्यक्ष लाभान्वित भएका छन् । पञ्जीकरणलाई प्रभाबकारी गराउन आ.व. २०७७/७८ मा सबै वडामा दर्ता शिविर सञ्चालन हुनुका साथै सबै सूचनालाई डिजिटलाइज गरिएको छ । पञ्जीकरण शाखामार्फत व्यक्तिगत घटना दर्ता सहज तुल्याइ सबैलाई दर्ताको दायरामा ल्याउन अग्रसरता लिइएको छ ।

### ४.६.२ समस्या तथा चूनौति

सामाजिक सुरक्षाका लागि आवश्यक पर्ने स्रोतको पूर्वानुमान गर्न आवश्यक सूचनाको कमी रहेको छ । सरकारका विभिन्न तह र निकायबाट प्रदान गरिने सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रममा दोहोरोपना हुन सक्ने देखिएको छ भने यस्ता कार्यक्रमहरूबीच समाजस्यताको कमी रहेको छ । सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति तथा कार्यक्रमसँग आवद्ध गर्नु र वास्तविक बञ्चितीकरण तथा जोखिममा रहेको वर्ग र समुदायको पहिचान गरी सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रममा सहज पहुँच स्थापित गर्नु प्रमुख चुनौतिका रूपमा रहेको छ । यस क्षेत्रमा समयमै व्यक्तिगत घटना दर्ताको अभ्यासमा कमी रहेको छ ।

### ४.६.३ सोच

"सामाजिक सुरक्षाः पहुँच र प्रतिवद्धता"

### ४.६.४ उद्देश्य

१. नगरबासीलाई सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गराउनु,

२. आर्थिक सामाजिक वञ्चितीकरणमा परेको समुदायलाई सामाजिक संरक्षण प्रदान गर्नु,

### ४.६.५ रणनीति

१. सहयोग र संरक्षणका माध्यमबाट आर्थिक सामाजिक वञ्चितीकरणमा परेको समुदायको सामाजिक सुरक्षामा पहुँच बढाउने ।

२. सामाजिक सुरक्षा, सहयोग र संरक्षणमा अन्तर-सरकार समन्वय र सहकार्यलाई प्रभावकारी गराउने ।

३. व्यक्तिगत घटनालाई यथासमय मै दर्ताको परिपाटी निर्माण गर्न सचेतना तथा विद्युतीय सूचना प्रविधिको उपयोगलाई प्रभावकारी गराउने ।

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ४.१६ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.१६ : सामाजिक सुरक्षा तथा पञ्जीकरण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सामाजिक सुरक्षा कार्यक्रममा समाहित जनसंख्या | संख्या | ६२२० | ६४९४ | ७२०० | ७३०० | ७४०० |
| नगर क्षेत्रमा समाजिक सुरक्षा क्षेत्रको बजेट | रु. हजार | २०५१२९ | २७४१२२ | ४००००० | ४५०००० | ५००००० |
| घटना दर्ता | संख्या | १७४४ | ३०८९ | ३२०० | ३५०० | ४००० |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सामाजिक सुरक्षा र पञ्जीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.१७ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.१७ : सामाजिक सुरक्षा तथा पञ्जीकरण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १८२९ | १८२९ | ० | ० | ८०५ | १०२४ | ० | ० |
| २०८०/८१ | ८०० | ८०० | ० | ० | ८०० | ० | ० | ० |
| २०८१/८२ | १००० | १००० | ० | ० | १००० | ० | ० | ० |

### ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.१८ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.१८ : सामाजिक सुरक्षा तथा पञ्जीकरण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सामाजिक सुरक्षा तथा पञ्जीकरण कार्यक्रम | सबै नागरिकको सामाजिक सुरक्षामा पहुँच कायम र पञ्जीकरणलाई प्रभावकारी गराउनु । | सालबसाली | ३६२९ | सामाजिक सुरक्षा कार्यक्रममा समाहित जनसंख्या ७४०० र तोकिएको समयमै घटना दर्तामा समावेश हुने संख्या १०० प्रतिशत भएको हुनेछ । |

### ४.६.९ जोखिम तथा अनुमान

सामाजिक सुरक्षा तथा पञ्जीकरणको प्रभावकारीताका लागि अन्तर-सरकार सहकार्य सुदृढ र जनस्तरमा सचेतना अभिवृद्धि भएको हुनेछ । उल्लेखित परिवेश कायम हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद ५: पूर्वाधार क्षेत्र

## ५.१ आवास, भवन तथा बस्ती विकास

### ५.१.१ पृष्ठभूमि

सूर्योदय नगर क्षेत्रमा भवन निर्माणमा मापदण्ड तथा आधुनिक प्रविधिको अभ्यास विस्तार हुँदै गएको छ । मापदण्ड र भूकम्प प्रतिरोधी प्रविधिअनुसार बनेका आवासीय भवनको कुल संख्या १० प्रतिशत रहेको छ । मापदण्डअनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवनहरूको कुल संख्या ७० प्रतिशत रहेको छ । सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जनसंख्या ११००० रहेको छ । यस क्षेत्रमा सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार संख्या ४० प्रतिशत रहेको छ। भवन निर्माणमा स्थानीय सामग्रीको उपयोगको अभ्यास कम हुँदै गएको छ भने आधुनिक (सिमेन्ट तथा कंक्रिटबाट निर्मित) घर निर्माणको अभ्यास वृद्धि हुँदै गएको छ । तथापि, ग्रामीण क्षेत्रहरूमा ढुङा-माटोका घर निर्माणको प्रचलन कायमै रहेको छ ।

### ५.१.२ समस्या तथा चूनौति

भवन संहिताको पूर्ण कार्यान्वयनमा कमी रहेको छ। भू-उपयोग क्षेत्र निर्धारण, भवन निर्माण मापदण्ड पालना र व्यवस्थित एवम् सुरक्षित बस्ती चुनौतिका रूपमा रहेका छन्। राजमार्ग तथा बजार क्षेत्रमा अव्यवस्थित बस्ती विस्तार र लापरवाहीपूर्ण संरचना निर्माणले जोखिम बढाएको छ । जग्गाको अनियन्त्रित खण्डीकरणको र अव्यवस्थित भवन निर्माणको अभ्यास निरन्तर रहेको छ । छरिएको र अव्यवस्थित बस्तीका कारण विकास निर्माण तथा सेवा प्रबाह चुनौतिपूर्ण बनेको छ ।

### ५.१.३ सोच

"व्यवस्थित बस्ती, भूकम्प प्रतिरोधी भवन निर्माण, हाम्रो अभियान"

### ५.१.४ उद्देश्य

१. सुरक्षित आवास र व्यवस्थित शहरी पूर्वाधार विकास गर्नु,

२. विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिक रूपमा गतिशील र व्यवस्थित नगर निर्माण गर्नु,

### ५.१.५ रणनीति

१. भू-उपयोग क्षेत्र निर्धारण गरी राष्ट्रिय भवन संहिताको प्रभाबकारी रुपमा कार्यान्वयन गर्ने ।

२. स्थानीय सामग्रीमा आधारित भवन निर्माणको प्रवर्द्धन गर्न उपयुक्त सीप तथा प्रविधिको प्रसार गर्ने ।

३. भवन निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन गर्न प्रोत्साहन गर्नु ।

४. सुरक्षित बस्ती विकासमा अन्तर-सरकार तथा समुदायसँग साझेदारी र सहकार्य विस्तार गर्ने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.१ मा प्रस्तुत गरिएको छ :

***तालिका ५.१. : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रविधिअनुसार बनेका आवासीय भवन | प्रतिशत | ५ | १० | १५ | २० | २५ |

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| गरिब बस्तीहरू र अवैध जमिनमा बसोबास गर्ने जनसंख्या | संख्या | ११००० | ११००० | १०००० | ८००० | ४००० |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ७० |
| मापदण्डअनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ३२ | ७० | ८० | ८५ | ९५ |

## ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५.२ मा प्रस्तुत गरिएको छ :

***तालिका ५.२ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १०६१५० | ३४५० | १०२७०० | ० | २७२५० | ८९०० | ० | ७०००० |
| २०८०/८१ | ९२४७३ | ६१७२ | ८६३०१ | ० | २३३१३ | १८९०० | १०००० | ४०२६० |
| २०८१/८२ | ९४०५३ | ६२७७ | ८७७७६ | ० | १०५३ | ७३००० | २०००० | ० |

## ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छ :

***तालिका ५.३ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिटी हल निर्माण | सुबिधा सम्पन्न हल तथा भवन सहितको सिटी हल निर्माण गर्नु । | २०७९/८० देखि ०८०/८१ सम्म | ११०२६० | सामुदायिक हल १, अडिटरीयन हल १ र प्रशासनिक भवन १ सहितको संरचना निर्माण भएको हुनेछ । |
| २ | आवास, भवन तथा बस्ती विकास कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु । | सालबसाली | १८२४१६ | आवास, भवन तथा बस्ती विकाससम्बन्धी सेवा सुचारु हुनेछ । |

## ५.१.९ जोखिम तथा अनुमान

भवन संहिताको कार्यान्वयन र मापदण्डको पालनाको अभिवृद्धि भएको हुनेछ । भवन, आवास र बस्ती विकासको क्षेत्रमा तीन वटै तहको सरकार तथा स्थानीय समुदाय बीच सुझबुझ, साझेदारी र सहकार्य अभिवृद्धि भएको हुनेछ । उपरोक्त परिवेशको निर्माण हुन नसकेका लक्ष्य हासिल हुनमा कठिनाइ हुनसक्छ ।

# ५.२ सडक, पुल तथा यातायात

## ५.२.१ पृष्ठभूमि

सूर्योदय नगरपालिका क्षेत्रमा निर्माण भएको सडकको कुल ७४४ कि.मि. रहेको छ । मेची राजमार्ग र रत्न कुमार बान्तवा राजमार्गको क्रमशः झापादेखि ताप्लेजुङ र झापादेखि भारतीय सीमा नाका पशुपति नगरसम्म पक्की सडक सञ्जाल यसै क्षेत्र भएर गएको छ । सडक घनत्व २.९ कि.मि. रहेको यस क्षेत्रमा विद्यमान सडक

मध्ये कालोपत्रे सडक ४७ कि.मि., कंक्रिट सडक १.३ कि.मि., ग्राभेल सडक ७१.४५ कि.मि. र कच्ची सडक ६००.५ कि.मि. रहेको छ। यस क्षेत्रमा रहेका झोलुङे पुलको संख्या १७ रहेको छ। नगर क्षेत्रको पशुपतिनगर र फिक्कलमा बसपार्क निर्माणाधीन अवस्थामा रहेको छ। नगरपालिकाका सबै वडामा वाह्मासे सडकको पहुँच रहेको छ। यस क्षेत्रमा धरान, काठमाडौं, विर्तामोड र विराटनगर सम्मका लागि दैनिक रूपमा साना तथा ठूला सवारी साधनबाट यातायात सेवा उपलब्ध रहेको छ। गुणस्तरीय सडक तथा यातायात सुबिधाको लागि अन्तर-प्रदेश साझेदारी र सहकार्य निरन्तर रहेको छ।

### ५.२.२ समस्या तथा चूनौति

कमजोर धरातल र अधिक पानी पर्ने क्षेत्र हुनाले सडकको गुणस्तर कायम राख्न कठिनाइ हुने गरेको छ। सडक निर्माणमा मौसमी प्रतिकुलता, श्रोतको कमी र नियमित मर्मत सम्भारको कमी रहेको छ। बसपार्क निर्माण हुन नसक्दा पार्किङ व्यवस्थापनमा समस्या रहेको छ। ग्रामीण क्षेत्रका कच्ची सडकमा वर्षाको मौसममा यातायात कठिनाइ रहेको छ। अधिक सवारीको चाप हुने फिक्कल-श्रीअन्तु सडकको साँघुरोले यातायात कठिन भएको छ। बजार तथा बजार उन्मुख क्षेत्रमा निर्माण भएका सडकहरूमा ढल तथा नाली व्यवस्थापनमा कमी रहेको छ। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन। वातावरणीय संरक्षणको उपाय अवलम्बन र आर्थिक तथा सामाजिक विश्लेषण बिना सडक निर्माण गर्ने क्रम बढ्दै गइरहेको छ।

### ५.२.३ सोच

"बाह्रैमास यातायात सञ्चालनको अवस्थाः नगरबासीको दिनचर्यामा सहजता"

### ५.२.४ उद्देश्य

१. टोलस्तरमा विश्वसनीय यातायात सेवा विस्तार गर्नु,

२. विद्यमान सडकलाई स्तरोन्नति गरी बाह्रै महिना सवारी साधन गुड्ने बनाउनु,

३. यातायात व्यवस्थापनलाई प्रभाबकारी गराउनु,

### ५.२.५ रणनीति

१. अन्तर-सरकार साझेदारी र सहकार्यमा सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने।

२. सडक निर्माणलाई वातावरणमैत्री तुल्याउने।

३. यातायात संचालन र व्यवस्थापन प्रणाली सुदृढ बनाउने।

४. सडक तथा नाली मर्मतलाई नियमित र व्यवस्थित गराउने।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.४ मा प्रस्तुत गरिएको छ :

***तालिका ५.४. : सडक, पुल तथा यातायात उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सडक घनत्व (प्रति वर्गकिमि) | कि.मि. | २.८ | २.९ | ३ | ३.१ | ३.२ |
| कंक्रिट सडक | कि.मि. | १.०१ | १.३ | २.३ | ३.३ | ४.३ |
| कालोपत्रे सडक | कि.मि. | ४६.८३ | ४७.३५ | ५०.३५ | ५३.३५ | ५६.३५ |
| ग्राभेल सडक | कि.मि. | ६०.२५ | ७१.४ | ८१.४ | ९१.४ | १०१.४ |

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| मिश्रित सडक | कि.मि. | २२ | २४ | २७ | ३० | ३३ |
| धुले सडक | कि.मि. | ५९०.२५ | ६००.५ | ६११.५ | ६२४.५ | ६३९.५ |

## ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५.५ मा प्रस्तुत गरिएको छ :

***तालिका ५.५. : सडक, पुल तथा यातायात उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३२४८८१ | १०३६६ | ३१४५१५ | ० | १६३७७६ | १४६६०५ | १४५०० | ० |
| २०८०/८१ | २२९३८१ | ३२११ | २२६१७० | ० | २९३८१ | १७०००० | ३०००० | ० |
| २०८१/८२ | २३३३०२ | ३२६६ | २३००३६ | ० | १३३०२ | २००००० | २०००० | ० |

## ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.६ मा प्रस्तुत गरिएको छ :

***तालिका ५.६. : सडक, पुल तथा यातायात उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र. सं. | आयोजना/कार्यक्रम वा उप-क्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ऋषिमोड गोर्खे मंगलबारे मानेभञ्ज्याङ सडक स्तरोन्नति आयोजना | सडक यातायात सुबिधा व्यवस्थित बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १८५०० | ४ कि.मि. सडक स्तरोन्नति भएको हुनेछ । |
| २ | मानेभञ्ज्याङ चोक देउराली बागविरे महादेवस्थान सडक निर्माण आयोजना | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १८५०० | ४.५ कि.मि. लम्बाईको सडक निर्माण हुनेछ । |
| ३ | बुद्धपार्क कट्टेबुङ अलवेदर सडक निर्माण आयोजना | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १८५०० | ३ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| ४ | ठाकुर चोक - बराल भञ्ज्याङ - गणेश हिमाल - दलित वस्ति - सानो करफोक चक्रपथ निर्माण | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १८५०० | ३ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| ५ | महेन्द्रवेशी गोलेडाँडा शान्तिबजार समालबुङ्ग मा.वि. सुब्बागाउँ हुदै लम्बागौडा मोटरबाटो निर्माण (बाह्रमासे सडक निरन्तरता गोलेडाँडँ महेन्द्रवेशी खण्ड)) | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १८५०० | ३.५ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| ६ | सुकेपोखरी- ग्यावाचोक-वडा कार्यालय-तारगाउँ महेन्द्रवेसी सडक निर्माण | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १६००० | ४ कि.मि. सडक निर्माण भएको हुनेछ । |

| क्र. सं. | आयोजना/कार्यक्रम वा उप-क्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ७ | पाल्टाँगे कालोपत्रे भाग्योदय राईटोल विरिङखोला सडक निर्माण (निरन्तरता) | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १८५०० | २. ५ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| ८ | कजेनी मालुम वडा कार्यालय डब्बुगाउँ हुँदै वडा नं ६ जोड्ने सडक निर्माण (निरन्तरता) | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १८५०० | २.५ कि.मि. सडक निर्माण भएको हुनेछ। |
| ९ | बरबोटे गहिरीगाउँ कजेनी सडक निर्माण (निरन्तरता) | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १८५०० | ३.५ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| १० | शहिद चोक- रत्न चोक- संगम टोल सडक निर्माण (निरन्तरता) | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १८५०० | ४ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| ११ | नयाँचोक केराबारी माघे सुन्तले भित्रि हुँदै गोदक जोड्ने सडक निर्माण ( निरन्तरता) | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १८५०० | ३.५ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| १२ | याङखोला पिङडाँडा घुमाउने मलिम सेतीदेवी टोल परिवर्तनटोल चुच्चे ढुँडा तीनघरे सडक निर्माण (निरन्तरता) | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १६००० | ३.५ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| १३ | पोखरीदेखि डक्टर गाउँ हुदै रोड १ जोड्ने बाह्रमासे सडक आयोजना ( निरन्तरता) | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १६००० | ४ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| १४ | बतासे भञ्ज्याङ्ग - हेल्थ पोष्ट - जिँमिखाद - भुतेनी - घट्टाबजार सडक निर्माण (निरन्तरता) | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १८५०० | ४ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| १५ | फिक्कल पञ्चकन्या चक्रपथ | सडक यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | १८५०० | ३ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| १६ | झोलुङ्गे पुल निर्माण | नदी वारपारलाई सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | ६००० | ३ वटा झोलुङ्गे पुल निर्माण भएको हुनेछ । |
| १७ | पालटाँगे सिद्धिखोला सडक कालोपत्रे आयोजना | यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | २४००० | ३ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| १८ | फिक्कल पान्दाम जील गोर्खे मानेभञ्ज्याङ सडक स्तरोन्नती र कालोपत्रे आयोजना | यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | २२५०० | ५ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| १९ | बरबोटे कट्टेबुङ छिरुवा सडक कालोपत्रे आयोजना | यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | २०७९/८०देखि २०८१/८२ सम्म | ३०००० | ४.५ कि.मि. सडक निर्माण भएको हुनेछ । |
| २० | सडक तथा यातायात प्रवर्द्धन कार्यक्रम | सबै खाले यातायात सुबिधालाई व्यवस्थित र सहज बनाउनु । | सालबसाली | ४३५०६४ | यातायात सुबिधा थप सहज र व्यवस्थित भएको हुनेछ । |

### ५.२.९ जोखिम तथा अनुमान

तीन वटै तहको सरकार बीच गुणस्तरीय सडक निर्माणमा सहकार्य र साझेदारीमा विस्तार भएको हुनेछ । विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, बहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना र कार्यक्रम प्रस्तावित भएअनुसार बजेट विनियोजन भई खरिद प्रक्रियाअनुसार समयमै आयोजना कार्यान्वयन भएको हुनेछ । प्राथमिकता प्राप्त आयोजनामा पर्याप्त लगानी, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१ पृष्ठभूमि

प्रमुख जल सम्पदाका रूपमा मेची नदी, जोगमाइ खोला, करपोक खोला, सिद्दी खोला, याङ्ग खोला, विरिङ्ग खोला, श्री खोला, मयुँ खोला, रामे खोला, काली खोला, कट्याङ्ग खोला, कलकले खोला, अम्बी खोला, अँधेरी खोला, भालु खोला, शुन्दर खोला, लाङ्गलिङ्ग खोला लगायतका नदी तथा खोलाहरू रहेका छन् । सिमसार व्यवस्थापन योजना तयार गरी लागु भएका ताल तथा पोखरीहरूको कुल संख्या ६ रहेको छ । उर्जाको श्रोतका रूपमा दाउरा, विद्युत, एल.पि. ग्यास र सौर्य उर्जा नै प्रमुख रूपमा रहेको छ । विद्युत्मा पहुँच भएका जनसंख्या ९८.५ प्रतिशत रहेको छ । खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने घर परिवार संख्या २२ प्रतिशत रहेको । हाल सम्म आइपुग्दा विद्युत्बाट चल्ने सवारी साधनको पनि अभ्यास सुरु भएको छ । सौर्य ऊर्जाको उपयोग निजी प्रयोजन, सडक बत्ती तथा मठमन्दिरहरूमा हुने गरेको छ ।

### ५.३.२ समस्या तथा चूनौति

नदी तथा ताल लगायतका जलाधार क्षेत्रमा मानवीय लापरवाहीका कारण अतिक्रमण तथा प्रदुषणको जोखिम बढेको छ । जलवायु परिवर्तनका कारण मुल सुक्ने तथा जलाधार क्षेत्रमा नकारात्मक प्रभाव देखिन थालेको छ । सुख्खा याम तथा हावाहुरीका कारण विद्युत आपुर्तिमा हुने अवरोधको समस्या कायमै रहेको छ । विद्युतको नियमित आपुर्ती, सडक वत्तीको व्यवस्थापन र उर्जाको किफायती उपयोग चुनौतिका रूपमा रहेका छन् । पेट्रोलियम पदार्थको मुल्य तथा उपयोगमा वृद्धिले स्थानीय अर्थतन्त्रमा नकारात्मक असर पुर्याएको छ। परम्परागत ऊर्जाको प्रयोग निरुत्साहन गरी विद्युत् तथा वैकल्पिक ऊर्जाको उपयोग प्रवर्द्धनमा जनचेतना अभिवृद्धि र प्रोत्साहनको कमी रहेको छ ।

### ५.३.३ सोच

"उज्यालो नगर हाम्रो अभियान, झिलीमिली सोलार सडक सूर्योदयको पहिचान"

### ५.३.४ उद्देश्य

१. विद्युत तथा स्वच्छ उर्जाको उपयोगलाई सर्वसुलभ गराउनु,
२. जलाधार क्षेत्रको संरक्षणलाई प्रभाबकारी गराउनु,

### ५.३.५ रणनीति

१. सिमसार क्षेत्र, जलस्रोतका मुहान, कुवा र परम्परागत धाराको संरक्षण र सम्वर्द्धनमा सरकारी तथा समुदायको अग्रसरतालाई प्रवर्द्धन गर्ने ।
२. स्वच्छ उर्जाको उत्पादन तथा उपयोगलाई वृद्धि गर्न संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने ।
४. वैकल्पिक उर्जाको उपयोग विस्तार गर्दै आयातित इन्धनमाथिको निर्भरता कम गर्ने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.७ मा प्रस्तुत गरिएको छ :

***तालिका ५.७ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| विद्युत्मा पहुँच भएका जनसंख्या | प्रतिशत | ९८ | ९८.५ | ९९ | १०० | १०० |
| सिमसार व्यवस्थापन योजना तयार गरी लागु भएका ताल | संख्या | ६ | ६ | ११ | १३ | १८ |
| खाना पकाउन प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | २२ | २१ | २० | १९ | १८ |
| विद्युत्बाट चल्ने सवारी साधन | संख्या | ० | १ | १० | १५ | २० |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५.८ मा प्रस्तुत गरिएको छ :

***तालिका ५.८ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ८०० | ० | ८०० | ० | ० | ८०० | ० | ० |
| २०८०/८१ | ७२०० | ० | ७२०० | ० | ० | ७२०० | ० | ० |
| २०८१/८२ | ७३२३ | ० | ७३२३ | ० | ३२३ | ७००० | ० | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.९ मा प्रस्तुत गरिएको छ :

***तालिका ५.९ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जल सम्पदा संरक्षण र विद्युत तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | जललाधार क्षेत्रको संरक्षण र स्वच्छ उर्जाको उपयोग विस्तार गर्नु । | सालबसाली | १५३२३ | विद्युतमा पहुँच भएको जनसंख्या १०० प्रतिशत र सिमसार व्यवस्थापन योजना तयार गरी लागु भएका तालहरूको संख्या १८ भएको हुनेछ । |

### ६.३.९ जोखिम तथा अनुमान

स्वच्छ उर्जाको उपलब्धता सहज भएको हुनेछ । जलाधार क्षेत्रको संरक्षणमा सरकारी तथा समुदायस्तरको जागरुकता तथा अग्रसरतामा अभिवृद्धि भएको हुनेछ। सो हुन नसकेमा अपेक्षित उपलब्धि हासिल हुनमा जोखिम रहन सक्छ ।

## ५.४ सूचना, सञ्चार तथा प्रविधि

### ५.४.१ पृष्ठभूमि

यस नगरपालिकाभित्र सञ्चारका साधनहरूमा हुलाक, टेलिफोन, टेलिभिजन, रेडियो, मोवाइल फोन र इन्टरनेट रहेका छन् । जसमध्ये मोवाइल फोन, टेलिभिजन र इन्टरनेटको उपयोग व्यापक हुँदै गएको छ । इन्टरनेट सुबिधाको सन्दर्भमा नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सेवा उपलब्ध रहेको छ । नगरबासीहरूमा इन्टरनेटको उपयोग विस्तार भइ रहेको छ । इन्टरनेट पहुँचका लागि मोबाइल तथा वायरलेस इन्टरनेट सेवाको उपयोग हुने गरेको छ । कुल ७५ प्रतिशत घरपरिवारमा इन्टरनेट सेवा उपलब्ध रहेको छ । इन्टरनेट सुबिधा उपलब्ध सरकारी कार्यालय तथा विद्यालयको संख्या ७९ प्रतिशत रहेको छ । यस नगरपालिकामा २ वटा व्यावसायिक एफ एम रेडियो स्टेसनहरू रहेका छन् ।

### ५.४.२ समस्या तथा चूनौती

छरिएको बस्ती तथा विकट क्षेत्रमा सूचना, संचार तथा प्रविधिको विस्तार कठिन र महँगो रहेको छ । साइबर अपराधसम्बन्धी सचेतनामा कमी रहेको छ । सेवा प्रवाहलाई विद्युतीय सूचना प्रविधिमा आवद्ध गरी सहज सेवा प्रवाह गराउन सकिएको छैन । तारयुक्त प्रविधिलाई निरुत्साहित गर्दै तार रहित प्रविधिलाई बढवा दिनु र सञ्चार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रवाह विकास गर्नुपर्ने चुनौति रहेका छन् ।

### ५.४.३ सोच

"सूचना तथा सञ्चारः नागरिकको मौलिक अधिकार"

### ५.४.४ उद्देश्य

१. आधुनिक सूचना तथा सञ्चार प्रविधिमा सबै नगरवासीको पहुँच स्थापित गर्नु,

२. सूचना प्रविधिलाई सुरक्षित, उपयोगी र भरपर्दो रूपमा विकास गर्नु,

### ५.४.५ रणनीति

१. सेवा प्रवाह र दैनिक जीवनमा विद्युतीय सूचना प्रविधिको उपयोग गरी थप सहज र प्रभाबकारी गराउने ।

२. नगर कार्यपालिकाकासँग सम्बन्धित सार्वजनिक महत्वका सूचना र निर्णयलाई आधुनिक सञ्चार प्रविधि उपयोगमार्फत सबैमा जानकारी हुने गरी सम्प्रेसित गर्ने ।

३. सूचना प्रविधिमा नगरवासीको पहुँच र उपयोग सुनिश्चित गर्न सेवा प्रदायक संस्थालाई प्रोत्साहित गर्ने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.१० मा प्रस्तुत गरिएको छ :

***तालिका ५.१० : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | ६५ | ७५ | ८५ | ९० | ९५ |
| नगर कार्यपालिका कार्यालयमा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | संख्या | ६ | ७ | १० | १२ | १५ |
| इन्टरनेट सुबिधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ६५ | ७९ | ९० | १०० | १०० |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५.११ मा प्रस्तुत गरिएको छ :

*तालिका ५.११ : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४५०० | ४०० | ४१०० | ० | ४५०० | ० | ० | ० |
| २०८०/८१ | २२६३१ | १२६३१ | १०००० | ० | १५ | २२६१६ | ० | ० |
| २०८१/८२ | २३०२८ | १२५५४ | १०४७४ | ० | २३०२८ | ० | ० | ० |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.१२ मा प्रस्तुत गरिएको छ :

*तालिका ५.१२ : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना, सञ्चार र प्रविधि प्रवर्द्धन कार्यक्रम | सूचना प्रविधिमा पहुँच विस्तार र विद्युतीय सुशासन प्रवर्द्धन गर्नु | सालबसाली | ५०१५९ | इन्टरनेट सुबिधा उपलब्ध घरपरिवार संख्या ९५ प्रतिशत र सेवा प्रबाहमा उपयोग गरिने सफ्टवयर संख्या १५ भएको हुनेछ । |

### ५.४.९ जोखिम तथा अनुमान

सूचना प्रविधि विस्तारमा निजी क्षेत्रको क्रियाशिलता वृद्धि भएको हुनेछ । सेवा प्रवाह र सुबिधा विस्तारमा आधुनिक विद्युतीय सूचना प्रविधिमा नगरवासीको पहुँच स्थापना गर्न अन्तर-सरकार सहकार्यमा निरन्तरता रहेको हुनेछ । उल्लेखित परिवेश कायम हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद ६ : वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

सूर्योदय नगरपालिका करिब ५७ प्रतिशत भूभाग वन तथा झाडी क्षेत्रले ओगटेको छ । आकर्षक एवं रमणीय चिया बगानको लागि प्रसिद्ध यस क्षेत्रमा जैविक विविधताको उत्कृष्ट संयोजन रहेको छ । नगरपालिकाभित्र कुल १९ वटा सामुदायिक वन रहेका छन् । समशितोष्ण हावापानी रहेको यस क्षेत्रमा मेची र टाङटिङ खोलाको उद्गम स्थल पनि रहेको छ । दर्जनौ खोलानाला र कमजोर भूधरातल रहेकोले भूक्षयको जोखिम उच्च रहेको छ । वन तथा भूसंरक्षणको क्षेत्रमा अन्तर-सरकार साझेदारी विगतदेखि नै रही आएको छ । प्रायः कुहिरोले ढाकिरहने भएकोले यहाँको मौषम चिसो नै रहन्छ । यस क्षेत्रमा धुपी, कटुस, चिलाउने, उत्तिस, चाँप, गुराँस आदि जातका बोटबिरुवाहरू पाइन्छ । लोपोन्मुख जनावर, चरा तथा जडिबुटी समेत यस क्षेत्रमा पाइने गर्छ । नेपालको अन्यत्र नपाइने हङरायो चरा यहाँ पाइने गरेको छ । चराहरूमा डाँफे, मुनाल, ढिकुर, पिउरा, काँडेभ्याकुर, गोल सिमल लगायत पाइने गर्दछ । पाँचऔले, चिराइतो, सतुवा, लौठ सल्ला, खोकिम, चिफिङ, खनाप्पा, बोके टिमुर, हडचो, पाखनवेद, सुगन्धवाला, विनाजरी, कुरीलो, असुरो, तुलसी र चुत्रो लगायतका ३६ प्रकारका जडिबुटीहरू पाइने गर्दछ। जनावरहरूमा रातो पाण्डा, चितुवा, थार, मृग, बनेल, मलसाप्रो, सालक, भालु आदि पाइने गर्दछ ।

### ६.१.२ समस्या तथा चूनौति

जलवायु परिवर्तन, पूर्वाधार संरचना निर्माणमा विपद् जोखिम संवेदनशिलताको न्यून ध्यान, वन क्षेत्रको अतिक्रमणका कारण वन, जैविक विविधता संरक्षण र भूक्षय नियन्त्रणमा कठिनाइ उत्पन्न भएको छ । पर्यटकीय गन्तव्यका कारण सिर्जित अधिक जनचाप र प्रदुषणले स्थानीय पारिस्थितिक प्रणालीमा नकारात्मक प्रभाव पारेको छ । भूक्षयको जोखिम रहेको क्षेत्रमा भूक्षय नियन्त्रणका लागि आवश्यक ध्यान पुग्न सकेको छैन । स्थानीय बासिन्दाबाट आफ्नो वनको जैविक विविधता तथा पर्यावरणीय प्रणालीको सेवाबारे कम जानकारी रहेको छ । दिगो तथा वैज्ञानिक वन व्यवस्थापनलाई आत्मसात गर्न सकिएको छैन । लोपोन्मुख जीव तथा वनस्पतिको पहिचान र संरक्षणका गतिविधिमा कमी रहेको छ ।

### ६.१.३ सोच

"वन जीवनको आधारः भावी सन्ततीको अधिकार"

### ६.१.४ उद्देश्य

१. वन, वातावरण तथा जैविक विविधताको दिगो संरक्षण गर्नु ।

२. भूक्षयको रोकथाम गर्नु ।

### ६.१.५ रणनीति

१. उच्च मूल्यका विरुवा रोपी वन क्षेत्रलाई उत्पादनशील वनमा रूपान्तरण गर्ने ।

२. वन तथा जैविक विविधताको पहिचान र संरक्षणमा अन्तर-सरकार साझेदारी र सहकार्य गर्ने ।

३. जोखिम क्षेत्रको पहिचान र भूक्षयको दिगो नियन्त्रणका विधि अवलम्बन गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६.१ मा प्रस्तुत गरिएको छ :

*तालिका ६.१ : वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| जैविक विविधताको अध्ययन | पटक | ० | ० | ० | १ | १ |
| पार्क तथा उद्यान | संख्या | ५ | ५ | १२ | १४ | १६ |
| बन तथा हरियाली क्षेत्र | संख्या | ५७ | ५७ | ५७.२ | ५७.७ | ५८ |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ६.२ मा प्रस्तुत गरिएको छ :

*तालिका ६.२ : वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४३२० | २३२० | २००० | ० | ४३०० | २० | ० | ० |
| २०८०/८१ | ५६५७ | ५१४ | ५१४३ | ० | ६५७ | ५००० | ० | ० |
| २०८१/८२ | ५७४६ | ५२३ | ५२२३ | ० | ५७४६ | ० | ० | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६.३ मा प्रस्तुत गरिएको छ :

*तालिका ६.३ : वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण*

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन तथा हरियाली प्रवर्द्धन सालबसाली कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा भूक्षय नियन्त्रण गर्नु | सालबसाली | १५७२३ | वन तथा हरियाली क्षेत्र कुल क्षेत्रफलको १ प्रतिशतले वृद्धि भएको हुनेछ। |

### ६.१.९ जोखिम तथा अनुमान

वन तथा जैविक विविधता संरक्षण समुदायको सचेतना वृद्धि भइ सरकारसँगको सहकार्य प्रभाबकारी भएको हुनेछ। भूक्षय नियन्त्रणको अवधारणलाई पूर्वाधार विकासका क्रममा सचेततापूर्वक आत्मसात गरिएको हुनेछ। उल्लिखित परिस्थिति निमार्ण हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन कठिन हुन सक्छ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

सूर्योदय नगरपालिका क्षेत्रमा वातावरणीय स्वच्छता कायम गर्न र फोहोर व्यवस्थापनका लागि संस्थागत एवम् समुदायस्तरबाट पहलहरू भएका छन्। हाल यस क्षेत्रमा घरबाट निस्कने फोहोरमैला संकलन गरी वडा नं. १२ को मलिममा व्यवस्थापन गर्ने गरिएको छ। यस प्रयोजनका लागि २ वटा गाडी सहित १० जना कर्मचारी दैनिक रूपमा परिचालित हुने गरेका छन्। यस खालको सुबिधा बजार क्षेत्रका करिब ९४३ घरधुरीले प्राप्त गरेका छन् भने अन्य स्थानमा घरमै फोहोरमैला व्यवस्थापनको अभ्यास रहेको छ। स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई छुट्टै संकलन गरी व्यवस्थापन गर्ने अभ्यास रहेको छ। हाल ल्याण्ड फिल्ड साइटको लागि उपयुक्त स्थानको खोजी भइ रहेको छ।

### ६.२.२ समस्या तथा चुनौति

नगरपालिकाको बजार क्षेत्रमा जनसंख्यामा वृद्धि र आवतजावतमा वृद्धिले फोहोरमैलाको उत्पादनमा वृद्धि हुँदै गएको छ । कुहिने नकुहिने फोहोर छुट्टाएर व्यवस्थापन गर्ने अभ्यासको कमी रहेको छ । पर्यटकीय क्षेत्रमा प्लास्टिक तथा सिसा लगायतका फोहोरमा वृद्धि भएको र संकलन तथा व्यवस्थापन कठिन भएको छ। ल्याण्ड फिल्ड साइटको लागि तोकिएको क्षेत्रमा स्थानीयबासीको अवरोधका कारण प्रयोगमा ल्याउन सकिएको छैन । ल्याण्ड फिल्ड साइटको विकास तथा सञ्चालन मुख्य चुनौतिका रूपमा देखिएको छ। स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापन हुन सकेको छैन ।

### ६.२.३ सोच

"फोहोरमैलाको उचित व्यवस्थापन, सभ्यताको मापन"

### ६.२.४ उद्देश्य

१. घरमै फोहोर व्यवस्थापनमा दिगो अभ्यास र वातावरणीय स्वच्छताको प्रवर्द्धन गर्नु ।

२. फोहोरमैला व्यवस्थापनका लागि व्यवस्थित ल्याड फिल्ड साइटको व्यवस्था गर्नु ।

### ६.२.५ रणनीति

१. फोहोरको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापनलाई प्रवर्द्धन गर्ने ।

२. फोहोरमैला प्रशोधन तथा व्यवस्थापनमा आधुनिक प्रविधिको उपयोग गर्ने ।

३. फोहोरमैला प्रशोधन र पुनः प्रयोगबाट आय आर्जनको अभ्यासलाई प्रोत्साहित गर्ने ।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६.४ मा प्रस्तुत गरिएकोछ :

*तालिका ६.४ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यवस्थित ल्यान्डफिल्ड साइट | संख्या | ० | ० | १ | १ | २ |
| फोहोर संकलन सवारी साधन | संख्या | २ | ३ | ३ | ४ | ४ |
| स्रोतमा नै फोहर वर्गिकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | ० | ० | १० | २० | ३० |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ६.५ मा प्रस्तुत गरिएको छ :

*तालिका ६.५ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २६३०० | ९८०० | १६५०० | ० | २६३०० | ० | ० | ० |
| २०८०/८१ | १३२६९ | ३०८६ | १०१८३ | ० | २६९ | १३००० | ० | ० |
| २०८१/८२ | १३४९६ | ३१३९ | १०३५७ | ० | ३४९६ | ० | १०००० | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा  अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६.६ मा प्रस्तुत गरिएको छ :

*तालिका ६.६ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | फोहोरमैलाको दिगो व्यवस्थापनका आधार तयार गर्नु | सालबसाली | ५३०६५ | स्रोतमा नै फोहर वर्गिकरण तथा व्यवस्थापन गर्ने घरपरिवार संख्या ३० प्रतिशत भएको हुनेछ । |

### ६.२.९ जोखिम तथा अनुमान

फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, निजी क्षेत्र र सरकारी क्षेत्रको अग्रसरता तथा सहकार्यमा वृद्धि भएको हुनेछ। व्यवस्थित ल्याण्ड फिल्ड साइटको विकास र उपयोग सुरुवात भएको हुनेछ। उल्लिखित परिस्थिति कायम हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन

### ६.३.१ पृष्ठभूमि

यस नगरपालिकाको प्रमुख विपद्को रूपमा जल उत्पन्न प्रकोप, पहिरो, हिमपात, असिना, आगलागी, हावाहुरी र महामारी रहेका छन् । दर्जनौं नदीनाला र कमजोर भूधरातल रहेको यस क्षेत्रमा भुकम्प तथा भूक्षयको जोखिम रहेको क्षेत्रका रूपमा रहेको छ । सूर्योदय नगरपालिकामा स्थानीय विपद् जोखिम न्यूनीकरणसम्बन्धी नीतिगत व्यवस्थासहित वातावरण तथा विपद् व्यवस्थापन शाखा स्थापना गरिएको छ । नगर क्षेत्रमा तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ताको कुल संख्या ९० जना रहेको छ। विपद्को क्षेत्रमा अन्तर-सरकार, सुरक्षा निकाय, गैरसरकारी संस्था र निजी क्षेत्रबाट समेत सहकार्य हुने गरेको छ। नगर क्षेत्रभित्र रहेको जोखिम क्षेत्रको पहिचान र नक्साङकन गरी सोहीबमोजिम कार्यक्रम तयार गरि विपद् व्यवस्थापनको कार्यलाई प्रभाबकारीरूपमा अगाडी बढाउने नीति लिएको छ ।

### ६.३.२ समस्या तथा चूनौति

सम्भाव्य विपद्बाट हुने क्षति कम गर्न आवश्यक पर्ने न्यूनतम यन्त्र उपकरण, साधन तथा औजारहरूको उचित व्यवस्थापन तथा पूर्व तयारीको कमी रहेको छ। स्थानीय स्तरमा विपद्सम्बन्धी जनचेतना र विपद् व्यवस्थापनको आधारभूत ज्ञान तथा सीपमा कमी रहेको छ । हिमपात, पूर्व मनसुन समयको हावा हुरी र मनसुनको समयमा बाढी तथा पहिरो सिर्जना गर्ने गरेको छ । वडा नं. ११ को माघे सुन्तले पुछार र वडा नं. १ को श्री खोला, छघरे र वाङीन क्षेत्रमा पहिरोको उच्च जोखिम रहेको छ। डोजरको जथाभावी प्रयोगले भूक्षयको जोखिम बढाउँदै लगेको छ।  विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउने सकिएको छैन । आकस्मिक तयारी योजना तथा प्रतिकार्य योजनाको अभाव रहेको छ। जोखिम सूचना संकलन तथा सञ्चार प्रणालीको कमी रहेको देखिन्छ। जलवायु परिवर्तका कारण जैविक विविधता, कृषि उत्पादन र जलाधार क्षेत्रमा नकारात्मक प्रभाब परेको छ।

### ६.३.३ सोच

“विपद् व्यवस्थापनः समृद्धिमा योगदान”

### ६.३.४ उद्देश्य

१. विपद्बाट हुने सबै प्रकारका क्षतिको न्यूनीकरण गर्नु,

२. विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका कार्यहरूलाई योजनावद्ध रूपमा सञ्चालन गर्नु ।

### ६.३.५ रणनीति

१. विपद् व्यवस्थापनको लागि संस्थागत संरचना विकास तथा विस्तार गर्ने ।

२. विपद् जोखिम न्यूनीकरणलाई बहु-सरोकारको विषयको रूपमा कार्यान्वयन गर्ने ।

३. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयारीका लागि अन्तर-सरकार तथा स्थानीय सरोकारवालाहरूबीच सहकार्य गर्ने ।

४. विपद् जोखिम न्युनीकरणलाई विकास निर्माणका गतिबिधिसँग एकीकृत रूपमा लैजाने ।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६.७ मा प्रस्तुत गरिएको छ :

***तालिका ६.७ : विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | ४० | ४० | २० | १० | ५ |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ७० | ९० | १०० | १०० | १०० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | ३० | २० | १५ | १० | ५ |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ५० | ५० | ६० | ७० | ७५ |
| विपद् व्यवस्थापन कोष रकम | रु. हजार | २००० | २५०० | ३००० | ३५०० | ४००० |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान  तालिका ६.८ मा प्रस्तुत गरिएको छ :

***तालिका ६.८ : विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ६६१० | ५५१० | ११०० | ० | १०५० | ५५६० | ० | ० |
| २०८०/८१ | ६५८३ | १४४० | ५१४३ | ० | ६४८९ | ९४ | ० | ० |
| २०८१/८२ | ६६९६ | १४६५ | ५२३१ | ० | ६६९६ | ० | ० | ० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा  अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६.९ मा प्रस्तुत गरिएको छ :

*तालिका ६.९ : विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम | विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | १९८८९ | विपद्बाट हुने क्षतिमा वार्षिक २५ प्रतिशतमा कमी भएको हुनेछ । |

### ६.३.९ जोखिम तथा अनुमान

विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनमा समुदायको सचेतना तथा अग्रसरतामा वृद्धि भएको हुनेछ । विपद् व्यवस्थापन योजना तर्जुमा र अन्तर-सरकार सहकार्यमा कार्यान्वयन भएमा अपेक्षित उपलब्धि हासिल हुने पूर्वानुमान गरिएको छ । जलवायु परिवर्तनको असर, महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन तथा उत्खनन र अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरू रहेका छन् ।

# परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

नगर कार्यपालिका कार्यालयमा कुल १९ वटा शाखा कायम रहेका छन् । कुल ४८ वटा ऐन, १ वटा कार्ययोजना, ५८ वटा कार्यबिधि, १ वटा दिग्दर्शन, १६ वटा नियमावली, १६ वटा निर्देशिका र २ वटा मापदण्ड तयार गरी प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । यसका अतिरिक्त नगरपालिकाले दररेट तथा बडापत्र तयार गरी कार्यान्वयनमा ल्याएको छ । विगत २ वर्षको अभिलेखअनुसार न्यायिक समिति आएका ५० वटा उजुरीलाई मेलमिलाप गरी सम्बोधन भएका छन् । नगरपालिकाले सूचना प्रविधिको विकास, विस्तार र ई-गभरनेन्स सम्वन्धी कार्यक्रमलाई प्राथमिकता दिएको छ । कार्यपालिका बैठकलाई प्रत्यक्ष प्रशारणको थालनी गरिएको छ । विकास प्रशासन, सार्वजनिक सेवा प्रवाहमा सुधार र प्रभाबकारी सेवा प्रवाहका क्षेत्रमा सुधारहरू भएका छन् ।

### ७.१.२ समस्या तथा चूनौति

सुशासन क्षेत्रमा नीतिगत तथा व्यावहारिक जटिलता कायमै रहेका छन् । सेवा प्रबाहलाई सहज तुल्याउन संगठन पूनर्संरचना तथा जनशक्ति व्यवस्थापनको कमी रहेको छ । स्थानीय सरकारका लागि आवश्यक पर्ने नीति, ऐन, नियम, कार्यविधि तयारी तथा स्वीकृत ऐन कानूनको समेत पूर्ण कार्यान्वयनमा कठिनाइ रहेको छ । ऐन, नीति, नियम, कार्यविधिबारे आम नगरवासी लगायतका सरोकारवाला सुसूचीत गराउने र प्रभाबकारी रूपमा कार्यान्वयन गर्न सकिएको छैन ।

### ७.१.३ सोच

“नतिजामूखी प्रशासनः विकास तथा सुशासन”

### ७.१.४ उद्देश्य

१. सेवा प्रवाहलाई नतिजामूखी र प्रभाबकारी गराउनु,
२. सेवा प्रवाहलाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाउनु,

### ७.१.५ रणनीति

१. सेवा प्रबाहलाई सेवाग्रहीमैत्री पारदर्शी, जवाफदेही र प्रभाबकारी बनाउने,
२. सुशासन प्रवर्द्धनका लागि अन्तर-सरकार तथा नागरिकको सहकार्यमा वृद्धि गर्ने,
३. न्याय सम्पादनलाई सरलीकृत र स्तरीय तुल्याउने,

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ७.१ मा प्रस्तुत गरिएको छ :

*तालिका ७.१. : नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| स्वीकृत नीति, कानून र कार्यविधि | संख्या | १४० | १४६ | १४९ | १५३ | १५५ |
| १. नीति | विषय | २ | २ | ४ | ५ | ६ |
| २. ऐन | विषय | ४८ | ४८ | ५० | ५२ | ५४ |

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| ३. नियम तथा विनियम | विषय | १६ | १६ | १७ | १७ | १८ |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | विषय | १४ | १६ | १८ | २० | २२ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | २५ | २५ | २७ | २९ | ३० |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ७.२ मा प्रस्तुत गरिएको छ :

***तालिका ७.२ : नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ७५५१ | ७३०१ | २५० | ० | ७२७५ | २७६ | ० | ० |
| २०८०/८१ | ५१४३ | ५१४३ | ० | ० | ५१४३ | ० | ० | ० |
| २०८१/८२ | ५२३१ | ५२३१ | ० | ० | २३१ | ५००० | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ७.३ मा प्रस्तुत गरिएको छ :

***तालिका ७.३ : नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नीति कानुन सुशासन तथा न्याय प्रवर्धन कार्यक्रम | सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | १७९२५ | सेवा प्रबाह ३० प्रतिशत कम समयमै सम्पन्न भएको हुनेछ। |

### ७.१.९ जोखिम तथा अनुमान

संगठन तथा व्यवस्थापन सर्भेक्षणमार्फत उपयुक्त संगठनात्मक संरचना तयार भएको हुनेछ। सुशासन तथा सेवा प्रवाहलाई प्रभावकारी गराउन जनप्रतिनिधि, कर्मचारी, संचारकर्मी, नगरवासी सहितका सरोकारबालाबीच समान बुझाइ र सहकार्य भएको हुनेछ । उपरोक्त व्यवस्था हासिल हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहने छ ।

## ७.२ संगठन, मानव संसाधन र क्षमता विकास

### ७.२.१ पृष्ठभूमि

सूर्योदय नगर कार्यपालिका कार्यालय आफ्नै २ वटा भवनहरूबाट सञ्चालन भइरहेको छ। नगरपालिकामा कुल १४ वटा वडा रहेकोमा वडा नं. १० बाहेकका सबै वडामा आफ्नै कार्यालय भवनबाट कार्यालय सञ्चालन र सेवा प्रवाहलाई व्यवस्थित तथा प्रभाबकारी बनाउने प्रयास भइरहेको छ । नगरपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू उपयोग गर्ने नीति लिइएको छ । नगरपालिकाको कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न भएको छ। हाल यस नगरपालिकामा कुल ३३७ जना कर्मचारी कार्यरत रहेका छन् ।

### ७.२.२ समस्या तथा चूनौति

कार्य बोझअनुसारको जनशक्ति व्यवस्था हुन सकेको छैन भने संगठन तथा व्यवस्थापन सर्भेक्षणले औंल्याएको संगठन संरचनाको कार्यान्वयन व्यावहारिक हनु सकेको छैन । नगर कार्यपालिका कार्यालयमा रहेका जनशक्तिलाई क्षमता विकासका अवसरमा कमी रहेको छ । विद्यमान संरचना र जनशक्तिबाट कार्य सम्पादन नतिजामूखी र जनमूखी गराउनु चुनौतिका रूपमा रहेको छ ।

### ७.२.३ सोच

"सुदृढ संरचना र जनशक्तिः उत्कृष्ट कार्य सम्पादन र समृद्धि"

### ७.२.४ उद्देश्य

१. सेवा प्रवाहलाई जनमूखी र विकास प्रकृयालाई नतिजामूखी गराउनु,

### ७.२.५ रणनीति

१. कार्यबोझका आधारमा जनशत्ति व्यवस्था गरी आवश्यकताका आधारमा क्षमता विकासका अवसर उपलब्ध गराउने ।

२. कार्य सम्पादन करारमार्फत सेवा प्रवाह र कार्य सम्पादनलाई जनमूखी र सेवाग्राहीमैत्री बनाउने,

३. कार्यपालिका र वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गरी कार्यसम्पादन छरितो र सहज गराउने ।

४. कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संसाधन र सेवा प्रवाह उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ७.४ मा प्रस्तुत गरिएको छ :

***तालिका ७.४. : संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| नगरपालिकामा कार्यरत मानव संसाधन | संख्या | १३७ | १३७ | १३८ | १३९ | १४० |
| कार्यरत प्राविधिक जनशक्ति | संख्या | २१ | २१ | २१ | २२ | २२ |
| क्षमतामूलक तालिम हासिल गरेको जनशक्ति | प्रतिशत | ९० | ९० | ९५ | १०० | १०० |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ७.५ मा प्रस्तुत गरिएको छ :

***तालिका ७.५. : संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १७२६८९ | १४९३४७ | २३३४२ | ० | १७१३०४ | १३८५ | ० | ० |
| २०८०/८१ | १७६१२१ | १६८९२१ | ७२०० | ० | १७६१२१ | ० | ० | ० |
| २०८१/८२ | १७८९४६ | १७१६२३ | ७३२३ | ० | १७८९४६ | ० | ० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ७.६ मा प्रस्तुत गरिएको छ :

**तालिका ७.६. : संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजना**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संगठन, मानव संसाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संसाधन र कार्य सम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | ५२७७५६ | सेवा प्रवाहको स्तरमा ४० प्रतिशतले सुधार हुनेछ। |

### ७.२.९ जोखिम तथा अनुमान

संगठन तथा व्यवस्थापन सर्भेक्षणमार्फत उपयुक्त संगठनात्मक संरचना तयार भएको हुनेछ। सुशासन तथा सेवा प्रबाहलाई प्रभाबकारी गराउन अन्तर-सरकार, जनप्रतिनिधि, कर्मचारी, संचारकर्मी, नगरवासी सहितका सरोकारबालाबीच समान बुझाइ र सहकार्य भएको हुनेछ। उपरोक्त बमोजिम हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकामा राजस्व सुधार कार्ययोजना तर्जुमा भइ अद्यावधीकरणको चरण पुगीसकेको छ। राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैर-करको दर निर्धारण गरी आन्तरिक आय संकलन अभ्यास व्यावहारिक र सतर्कताका साथ अगाडि बढेको छ। नगरपालिकाको वित्तीय स्रोतका साथै नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग बढ्दै गएको छ। स्थानीय करको दायरा विस्तार हुँदै गएको छ भने आन्तरिक राजस्व वृद्धिका आधारहरू सुदृढ बन्दै गएका छन्।

### ७.३.२ समस्या तथा चूनौति

नेपाल सरकारसँग विगतमा सम्झौता भई लिजमा लिएर चिया बगान सञ्चालन गरिरहेको क्षेत्रबाट भूमिकर (मालपोत) असुली हुन नसकी यसलाई ठुलो रकम बक्यौताका रुपमा रहेको छ। राजस्वको दायरा फराकिलो रहेको यस क्षेत्रमा आन्तरिक राजस्व वृद्धिको सम्भावना प्रचुर रहे तापनि नागरिकमा करदाता शिक्षाको न्यूनता एवं आवश्यक सूचना तथा जानकारीको कमीको कारण राजस्व संकलनमा कठिनाइ भएको छ। घरबहाल र सबै प्रकारका व्यवसायलाई पूर्णरुपमा करको दायरामा ल्याउन सकिएको छैन। रोजगारमूलक, उत्पादनमूलक तथा आयमूलक क्षेत्रमा श्रोतको परिचालन लाई केन्द्रित गर्न सकिएको छैन।

### ७.३.३ सोच

"सुदृढ राजस्व र व्यवस्थित स्रोत परिचालनः समृद्ध नगर निर्माण"

### ७.३.४ उद्देश्य

१. राजस्व प्रणाली सुदृढ र श्रोत परिचालनलाई योजनावद्ध र व्यवस्थित बनाउनु,

### ७.३.५ रणनीति

१. राजस्व सुधार कार्ययोजना तयार गरी राजस्वको दर तथा दायरा विस्तार गर्ने।
२. राजस्व प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोतको प्रभाबकारी परिचालनमा जोड दिने,

३. स्रोत विस्तार तथा परिचालनका लागि निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र सङ्घीय सरकारका निकायहरूसँग समन्वय, सहकार्य र साझेदारीको विकास गर्ने ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ७.७ मा प्रस्तुत गरिएको छ :

***तालिका ७.७ : राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| वार्षिक आन्तरिक आय रकम | रु.लाखमा | ५८५.४६ | ७०५.०६ | ४७४.५ | ५५३.२५ | ६३७.३ |
| कुल वार्षिक बजेट | रु.लाखमा | ९९५१.८ | ११६९६.३ | १३५७९.९७ | १२५८०.६ | १२८४८.३ |
| वार्षिक कारोवारको तुलनामा बेरुजु | प्रतिशत | ३.४५ | २.६ | २ | १.५ | १ |
